# अध्याय-एक

# परिचय

## १. शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक '**बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**' रहेको छ ।

## २. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको पाठ्यक्रममा आधारित भई तयार गरिएको छ । उक्त शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाटन संयुक्त क्याम्पस, नेपाली विभागद्वारा सञ्चालित नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति सम्पन्न गरिएको छ ।

## ३. शोध गराउने संस्था

यो शोधकार्य गराउने संस्था त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति नेपाली स्नातकोत्तर कार्यक्रम रहेको छ ।

## ४. शोध समस्या

बालसाहित्यकार गोपाल पराजुली (वि.सं.२००२ जेठ ९ काभ्रे भमरकोट) नेपाली बालसाहित्य क्षेत्रका एक सिर्जनशील साधक हुन् । उनले बालसाहित्यका विविध विधामा कलम चलाएका छन् । उनका साहित्य सम्बन्धी 'केही राष्ट्रिय विभूतिहरू' (भाग १, २०४५),'पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी' (२०४५), 'हाम्रा केही

प्रसिद्ध साहित्यकारहरू' (भाग १, २०४५), 'समयका डोबहरू' (कविता सङ्ग्रह, २०५२), 'नानीको बानी' (बाल निबन्ध सङ्ग्रह, २०५३), 'केही राष्ट्रिय विभूतिहरू' (भाग ३, २०५५), 'रूपाको साहस' (बाल कथा सङ्ग्रह, २०५६), 'एक दिनको यात्रा' (बाल उपन्यास सङ्ग्रह २०५७), 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू' (भाग ३, २०५८), 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४, २०५९), 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू' (भाग ५, २०५९), National Heroet of Nepal (Part 1-2), 'पच्चीस प्रतिभा' (भाग १, २०६०), 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू' (भाग ६, २०६०), 'पच्चीस प्रतिभा' (भाग २, २०६२), 'पच्चीस प्रतिभा' (भाग ३, २०६३), 'पच्चीस प्रतिभा' (भाग ४, २०६४), 'पच्चीस प्रतिभा' (भाग ५, २०६६) 'केही राष्ट्रिय विभूतिहरू' (भाग २, संस्करण २०६६), 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू' (भाग २, संस्करण २०६६), आदि दुईदर्जन कृतिहरू प्रकाशित भइसकेका छन् । विभिन्न पत्रपत्रिकामा उनको चर्चा भए तापनि उनको योगदानको बारेमा अध्ययन भएको देखिंदैन । तसर्थ यस शोधकार्यमा बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन बारे निम्नलिखित समस्याहरू रहेका छन् :

(क) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी के कस्तो रहेको छ ?

(ख) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्व के कस्तो रहेको छ ?

(ग) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको कृति के कस्ता रहेका छन् ?

(घ) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीका कृतिहरूको प्राप्ति र अप्राप्ति के के हुन् ?

## ५. शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य बालसाहित्यकार गोपाल पराजुलीका बालसाहित्यहरू विभिन्न पत्रपत्रिका र पुस्तकाकार कृतिको रूपमा प्रकाशित भइरहेका छन् । उनका प्रकाशित बालसाहित्यको बारेमा खोज, अनुसन्धान गर्नु नै यस शोधकार्यको निम्ति निम्नलिखित उद्देश्य हुनेछन् :

(क) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनीको निक्यौंल गर्नु,

(ख) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्वको अध्ययन गर्नु,

(ग) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको कृतिहरूको अध्ययन,

(घ) बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीका कृतिहरूको प्राप्ति र अप्राप्ति सम्बन्धमा प्रस्ट पार्नु ।

## ६. शोधकार्यको औचित्य एवं महत्त्व

नेपाली साहित्य क्षेत्रका कहिल्यै नअस्ताउने तारामध्येका बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुली पनि एक हुन् । आजका बालबालिका भोलिका देशका कर्णधार हुन् । असल र प्रेरणादायी बालसाहित्यको आवश्यकता महसुस गरी कलम चलाउने पराजुलीका विषयमा धेरै लेखक, समीक्षकले प्रशस्तै चर्चा गरे तापनि उनको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत अध्ययन भएको पाइँदैन । तसर्थ प्रस्तुत शोधकार्यमा बालसाहित्यकार गोपाल पराजुलीको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ? नेपाली बालसाहित्य क्षेत्रमा बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्व र कृतित्वको के कस्तो सम्बन्ध रहेको छ ? बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीका प्रवृत्तिहरू के कस्ता रहेका छन् ? भन्ने कुराको मूल्याङ्कन गर्नु यस शोधकार्यको औचित्य रहेकोछ ।

## ७. अध्ययनको सीमाङ्कन

बाल साहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवंम् उनका प्रवृत्तिहरूको विश्लेषण गर्नु यस शोधकार्यको अध्ययन क्षेत्र हुनेछ । पराजुलीको बालसाहित्यिक व्यक्तित्वका साथै (वि.सं. २०४५ देखि २०६६ साल) सम्म प्रकाशित भएका कृतिहरूको कालक्रमिक विवरण दिइनेछ । हाल प्रकाशित उनका २१ वटा कृतिहरूको अध्ययन एवं विश्लेषणमा यो शोधकार्य सीमित रहेकोछ ।

## ८. पूर्वकार्यको समीक्षा

बालसाहित्यकार गोपाल पराजुली (वि.सं. २००२ जेठ ९ भमरकोट बागमती अञ्चल काभ्रेपलान्चोक जिल्ला) को विषयमा विभिन्न विद्वान्हरूले विभिन्न पत्रपत्रिका मार्फत समीक्षा गरेका छन् तापनि यी समीक्षाहरू अपूर्ण नै छन् । यसरी अपूर्णतालाई पूर्ण गर्ने उद्देश्यले यो शोधपत्र तयार गर्न लागिएको हो । यसमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन गरिएको छ । यसभन्दा पूर्व गरिएका पूर्णकार्यहरूको कालक्रमिक विवरण यस प्रकार छन् :

- “केही राष्ट्रिय विभूति” (भाग १, २०४५ प्रकाशन रत्न पुस्तक भण्डार) पुस्तकको आमुखमा लेखक बालसाहित्यकार गोपाल पराजुली स्वयंले प्रकाशकीय भनाइमा भनेका छन्:- **राष्ट्रको भलाईका निम्ति हरतरहले मरिमेट्ने आदर्श व्यक्तित्वलाई राष्ट्रिय विभूति भनिन्छ । बालबालिकाहरूमा राष्ट्रिय चरित्रले प्रेरणा मिल्ने उद्देश्यले यो कृति सम्पादन भएको हो ।**[1]
- “राष्ट्रिय विभूति” (भाग २, पहिलो संस्करण २०४५ (प्रकाशक रत्न भण्डार काठमाडौँ) नेपाली बालवाङ्मय परिचय कोश पुस्तकका लेखक प्रमोद प्रधानले (पृ.३१२) मा यसो भनेका छन्:-**गौतम बुद्ध, न्यायप्रेमी, राम शाह,**

[1]. गोपाल पराजुली, केही राष्ट्रिय विभूति, भाग १, ‘आमुख’, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४५।

वीर अमरसिंह थापा र कवि मोतीराम भट्ट शीर्षकमा चार राष्ट्रिय विभूतिको जीवनी प्रस्तुत गरिएको छ । यसमा पनि नेपालका राष्ट्रिय विभूतिहरूमध्ये चार जनाको सामान्य जीवनी प्रस्तुत गरिएको छ । केहीको जीवनी लेख्दा सम्बन्धित व्यक्तिको प्रमुख घटनालाई विषयवस्तु बनाइएको छ भने केहीमा जन्मदेखि मृत्युसम्मका घटनालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।[२]

- त्यस्तै (वि.सं.२०४५ सालमा प्रकाशक रत्नपुस्तक भण्डार काठमाडौँ पृ. २४ चित्र अनुल्लिखित 'नेपाली बालवाङ्मय परिचय कोशमा यस्तो लेखेको पाइन्छन्- जोहन गुटेवर्ग ग्यालिलीयओ मार्कोनी, अलेग्जेण्डर ग्रामबेल र माइकल फराडे गरी चार वैज्ञानिकको जीवनी । लेखकीय प्रकाशकीय नभएको यस सङ्ग्रहमा प्रस्तुत गरिएको जीवनीमा सम्बन्धित वैज्ञानिकको सङ्क्षिप्त चर्चाका साथै उनीहरूको आविष्कारहरूको उपयोगिताबारे प्रकाश पारिएको छ । भाषा सरल छ । प्रस्तुति वर्णनात्मक छ ।[३]
- पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी (वि.सं. २०४५ प्रकाशक रत्नपुस्तक भण्डार काठमाडौँ) (नेपाली बालसाहित्यको इतिहास पृ.२२२) मा यस्तो लेखेको पाइन्छन्-जीवनीमा विश्वविख्यात वैज्ञानिकहरूद्वारा भएका योगदानलाई सरस र सरल भाषामा बालबालिकालाई उत्प्रेरणा प्रदान गर्ने उद्देश्यबाट लेखिएको छ । अहिलेको समयमा विज्ञान र वैज्ञानिकका सम्बन्धमा जानकारी नभएमा मानिस अधि बढ्न सक्दैन । त्यस दृष्टिबाट पनि पराजुलीको यो प्रयासलाई महत्त्वपूर्ण मान्नुपर्छ । यस पुस्तकमा छापाखानाका आविष्कारक जोहन गुटेनवर्ग, दूरदर्शकयन्त्रका आविष्कारक ग्यालिलियो, रेडियोका आविष्कारक मार्कोनी, टेलिफोन आविष्कारक अलेक्जेन्डर ग्राहमबेलर र विजुलीका आविष्कारक माइकल फेराडेको

---

[२]. प्रमोद प्रधान, नेपाली बालवाङ्मय परिचय कोश, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४५, पृ.३१२ ।
[३]. प्रमोद प्रधान, नेपाली बालवाङ्मय परिचय कोश, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४५, पृ.३१२ ।

सङ्क्षिप्त चर्चाका साथै ती आविष्कारकहरूको उपयोगितालाई प्रस्तुत गरिएको छ । यस्ता विश्वविख्यात आविष्कार र आविष्कारकबारेको जानकारीले नेपाली बालबालिकामा विज्ञानप्रतिको रुचि प्रवर्द्धन गर्नमा पनि सहयोग पुग्ने निर्विवाद छ ।[४]

आजको वैज्ञानिक युगमा सानै उमेरदेखि विज्ञान सम्बन्धी अभिरुचि पैदा गर्न र समाजमा विज्ञानबारेमा तथ्यपरक ज्ञान दिई समाजको आवश्यकता अनुरूपको जनशक्ति (डाक्टर इन्जिनियर पाइलट) तयार पार्न निकै ठूलो भूमिका खेल्ने भएकोले पाठ्यपुस्तकको ज्ञानले मात्र पर्याप्त नहुने हुँदा यस्ता वैज्ञानिकहरूको जीवनी सम्बन्धी पुस्तकको अध्ययन गराउनु पर्ने देखिन्छ । तसर्थ यस्ता बालोपयोगी पुस्तकहरूको यथाशीघ्र अध्ययन अनुसन्धान हुनु अत्यन्त जरुरी देखिन्छ ।

- "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग १, २०४६, दोस्रो संस्करण-२०५५, पृ. २८) 'नेपाली बालवाङ्मय परिचय कोश पुस्तकमा यस्तो लेखेको पाइन्छन्- आदिकवि भानुभक्त आचार्य, कवि मोतीराम भट्ट, पण्डित चक्रपाणि चालिसे, पण्डितराज सोमनाथ सिग्द्याल, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाटककार बालकृष्ण सम गरी सातजना साहित्यकारको जीवनी । यसमा नेपालका सातजना प्रसिद्ध साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल र रोचक ढंगले दिइएको छ । यसमा प्रकाशित जीवनीमध्ये भानुभक्तको जीवनी केही राष्ट्रिय विभूतिहरू (भाग १) मा र मोतीराम भट्टको जीवनी केही राष्ट्रिय विभूतिहरू (भाग २) मा पहिले नै छापिइसकेका हुन् । यी कृति विशेषत : (९-१०) वर्षका बालबालिकाको लागि तयार गरिएको हो ।[५]

---

[४]. प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४५, पृ.२२२ ।
[५]. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचय कोश**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५५, पृ.२८ ।

- त्यस्तै उक्त कृतिका सम्बन्धमा बालसाहित्य समाज (नेवासास, २०४७), प्रकाशिका- श्रीमती माधवी पराजुली, पारसमणि भण्डारी प्रथम संस्करण २०४६ पृ. २५), 'हाम्रा प्रसिद्ध साहित्यकारहरू (जीवनी)' शीर्षकमा यस्तो लेखेको पाइन्छन्- **'नेपाली बालसात्यि' लेखकका परिचित नाउँहरूमध्ये बालसाहित्यकार गोपाल पराजुली पनि एक हो । उनका केही राष्ट्रिय विभूतिहरू, प्रसिद्ध पाँच वैज्ञानिकको जीवनीजस्ता बालोपयोगी रचनाहरू प्रकाशित भएका छन् ।**[६]

यसै क्रममा उनले हालसालै नेपाली साहित्यकारहरूका जीवनीका रूपमा हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग १) प्रस्तुत गरेका छन् । यो जीवनी सङ्ग्रह हो । यसमा नेपाली साहित्यका सुप्रसिद्ध सातजना साहित्यकारहरूको जीवनी संकलित छन् । बालबालिकाका लागि तयार पारिएको यस कृतिले नेपाली भाषा र साहित्यमा विशिष्ट योगदान दिने सात महापुरुषहरूको संक्षिप्त परिचय प्रस्तुत गरेको छ । साना बालबालिकाको बौद्धिक तथा मानसिकस्तरप्रति सचेत रही लेखकले मौलिकतापूर्वक यी जीवनीमूलक रचनाहरू प्रस्तुत गरेका छन् । प्रस्तुत कृति नौ-दस वर्षका बालबालिका भन्नाले ५-६ कक्षामा पढ्ने विधार्थीहरूका निम्ति तयार पारिएको पाठ्य सामग्री भन्ने बुझिन्छ । हाम्रो देशमा अझै पनि बालपाठ्य सामग्री लेख्ने लेखाउने क्रममा वैज्ञानिक दृष्टिले स्तर निर्धारण गर्ने काम पूर्ण रूपमा हुन सकेको छैन् तापनि कृति उपयुक्त र व्यावहारिक नै देखिन्छ भनी धारण व्यक्त गरेको पाइन्छन् । जीवनी प्रस्तुतीकरणमा लेखकले नौलो र आकर्षक शैली अंगाल्न खोजेका छन् तापनि समग्रमा प्रस्तुतीकरण त्यति सूरुचिपूर्ण बन्न सकेको छैन । साहित्यकारहरूको जीवनीको परिचय दिने क्रममा विभिन्न तथ्यहरू प्रस्तुत गरिएका छन् । खासगरी साहित्यकारहरूको जन्म, मृत्यु, शिक्षा, प्रकाशित रचना र उनीहरूको योगदान उल्लेख गरिएको छ । तथ्यहरू

[६]. पारसमणि भण्डारी, **बालसाहित्य समाज**, काठमाडौं : श्रीमती माधवी पराजुली, २०४६, पृ.२५ ।

प्रस्तुत गर्दा कुनै एउटा ढाँचा प्रविधिको पालना गरिएको छैन साथै शब्द प्रयोग वाक्यगठन त्यति स्तरअनुकूल हुन सकेको छैन । यी कतिपय कमजोरीहरू हुँदा हुँदै पनि बालसाहित्यको सृजनामा क्रियाशील बालसाहित्यकार गोपाल पराजुली हाम्रा प्रसिद्ध साहित्यकारहरूको बालोपयोगी जीवनी प्रस्तुत गरेर नेपाली साहित्यको भण्डार वृद्धि गर्न सफल भएका छन् । प्रस्तुत कृति नेपाली बाल-बालिकाहरूका निम्ति पठनीय र सङग्रहणीय बनेकोछ । साजसज्जा र छपाइ आकर्षक छ भनी समीक्षात्मक टिप्पणी गरेका छन् ।

- "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग-२, २०५३, नेपाली बालसाहित्यको इतिहास पृ.२२२/२२३) मा यस्तो लेखेको पाइन्छन्- **इतिहास शिरोमणि बाबुराम आचार्य, वैज्ञानिक नरबहादुर भरती, कवि धरणीधर कोइराला, इतिहासकार सूर्यविक्रम ज्ञवाली, नेपाली भाषासेवी पारसमणि प्रधान र अमर साहित्यकार हृदयचन्द्र सिंह प्रधान गरी ६ जनाको जीवनीलाई प्रस्तुत गर्ने जमर्को पराजुलीले गरेका छन् ।**[७]

जीवनी प्रस्तुत गर्ने शैलीमा पूर्वजीवनी सङ्ग्रहमाभन्दा अलग र नयाँपन देखाउने लेखकको प्रयास देखिन्छ । उक्त जीवनीहरू प्रायः सूचनात्मक एवं जीवनीमूलक भए पनि प्रस्तुतमा एकरूपता नहुनु तथ्यगत त्रुटि देखिनु र समग्रतालाई नसमेट्नुजस्ता कारणले दाँतमा टुंङगो लागेको अनुभव हुन्छ । उदाहरणको रूपमा लेखकहरूको कृतिहरूको नाम सबै नसमेट्नु हृदयचन्द्रसिंह प्रधानको निधनको मिति नहुनु, पारसमणिको पहिलेको नाम 'प्रसमा नै हुनुपर्नेमा प्रकाशमान भनी गलत लेखिनु र पारसमणि प्रधानले 'टिपनटापनमा मदन पुरस्कार प्राप्त गरेको उल्लेख नहुनुजस्ता त्रुटिलाई लिन सकिन्छ । बालबालिकाको लागि जीवनी तयार पार्दा हतार नगरी तथ्यहरूको सङ्कलन सिलसिलेवारे प्रस्तुति समग्रता समेट्ने गर्नु आवश्यक छ भनी समीक्षात्मक टिप्पणी गरेको पाइन्छन् ।

---

[७]. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचय कोश**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५३, पृ.२२२/२२३ ।

- त्यस्तै उक्त कृतिका सम्बन्धमा 'नेपाली बालवाङ्मय परिचय कोश' प्रकाशक-रत्न पुस्तक भण्डार- २०५३, पृ. २८ (चित्र तुलसी अर्याल) मा यस्तो लेखेको पाइन्छन्- इतिहास शिरोमणि बावुराम आचार्य, वैज्ञानिक नरबहादुर भरती, कवि धरणीधर कोइराला, इतिहासकार सूर्यविक्रम ज्ञवाली, नेपाली भाषासेवी पारसमणि प्रधान र अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान गरी छजनाको जीवनी यस कृतिमा पनि नेपाली भाषा र साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्ने मध्येमा छजनाको जीवनी सरल ढङ्गमा दिइएको छ ।[८]

- "समयका डोबहरू" (बाल कविता सङ्ग्रह) प्रकाशकः-वाणी प्रकाशन २०५३ मा पुस्तकको आमुखमा कृष्णप्रसाद पराजुलीले यसो भनेकाछन्ः- बालसाहित्यकार गोपाल पराजुली नेपाली बालसाहित्यकारका रूपमा परिचित नाम हो । दुई दसकअघि बालसाहित्य जगतमा हात हाल्दै आएका पराजुलीले एउटा कविता सङ्ग्रह "समयका डोबहरू" प्रकाशनमा ल्याएका छन् । प्रस्तुत सङ्ग्रहमा उनका बेलाबेलामा लेखिएका र पत्रपत्रिकामा प्रकाशित पच्चीसवटा कविता सङ्गालिका छन् । यसबाट उनका कविताहरू एक ठाउँमा भेला हुनुको महत्त्व छँदैछ, साथसाथै बालसाहित्यकार गोपाललाई कवि हस्ताक्षरको रूपमा अध्ययन गर्न सजिलो भएको छ । यस कविता सङ्ग्रहभित्र जीवनका उच्छ्वास, तरङ्ग, बालमन तथा युवा उत्साहका झिल्का छन् । कतै कतै निराशाका बाछिटाले हाने तापनि कवितामा नयाँ बिहानीको स्वागत गर्ने आकाङ्क्षा छ, आफ्नै हिमकन्या सिङ्गारिएको हेर्ने कल्पना छ, अनि मान्छे भएर बाँच्ने भावना छ । सरल पाराका साथै विविध भाव व्यञ्जनामा जीवन र देशको माया

[८]. प्रमोद प्रधान, नेपाली बालवाङ्मय परिचय कोश, काठमाडौं : रत्न पुस्तक भण्डार, २०५३, पृ.२८ ।

गासिएको स्वर नै यस सङ्ग्रहको प्राप्ति हो । कवितामा चिर निद्रालाई त्यागेर बुद्धले टेकेको माटोलाई छोई बिगुल फुक्ने आह्वान छ ।[९]

- "पच्चीस प्रतिभा"(भाग ४) को सम्बन्धमा मुक्तिनाथ शर्माले (२०६४) यसो भनेका छन्:- नेपाली साहित्यको स्रष्टाहरूको सत्प्रयास सफलताका सिढीहरू उक्लाई गरेको देख्दा गर्वान्वित हुन्छ । नेपाली साहित्यकारहरूले दुई मार्ग अवलम्व गर्ने गरेको पाइन्छन् । ती दुई मार्ग प्रौढ साहित्य र बालसाहित्य । प्रौढ साहित्यमा आउने कविता, कथा, उपन्यास गीत आदि उपविधा अव बालसाहित्यमा पनि भित्रीसकेका छन् । भविष्यका कर्णधार बालबालिकामा सानै उमेरदेखि उनीहरूमा साहित्यिक जाँगरको बिजारोपण हुनु पर्दछ । बालसाहित्यकार गोपाल पराजुलीले उक्त पुस्तकमा नाम चलेका पच्चीस सज्जनको चिनारीले नानीहरूमा पाठक मनोवृत्ति निम्त्याउँछ । प्रत्येक देशमा साहित्यकारहरू दिव्यसन्देश लिएर जन्मन्छन् । उनीहरूमा समाजलाई झक्झकाएर ब्युँझाउने शक्ति रहेको हुन्छ । उनीहरूको दिव्यसन्देशलाई आत्मसात् गर्दा समाज प्रगतिशील हुन्छ । उक्त कृतिमा वर्णित प्रतिभा पनि त्यस्तै भएको हुँदा यो पुस्तक समाजोपयोगी हुनपुगेको छ । पराजुलीले सयजनाको जीवनीमा पस्किसक्नु भएको छ ।[१०]

- पच्चीस प्रतिभा (भाग २), प्रकाशक-रत्न पुस्तक भण्डार काठमाडौँ- मा "पच्चीस प्रतिभा भित्रका सुगन्धित फूलहरू" शीर्षक कृष्णप्रसाद दाहालले यसो भनेका छन्:- केही वर्षयता नेपाली बालसाहित्यका क्षेत्रका विभिन्न उल्लेखनीय कार्यहरू हुन थालेका छन् । बालबालिकाको स्तरलाई हेरेर बालसाहित्यकोलेखन र प्रकाशन भइरहेको छ । यसै क्रममा बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले नेपालीको बौद्धिक

---

[९]. कृष्णप्रसाद पराजुली, **समयका डोबहरू**, आमुख, विराटनगरः वाणी प्रकाशन, २०५३ ।
[१०]. मुक्तिनाथ शर्मा, **पच्चीस प्रतिभा**, भाग-४, २०६४ ।

विकासको निम्ति “पच्चीस प्रतिभा” नामक जीवनी सङ्ग्रह प्रकाशन गरेका छन् । जीवनी साहित्यले कुनै पनि प्रतिभाका बारेमा विस्तृत जानकारी प्रदान गरेको हुन्छ । व्यक्तिले जन्मेदेखि मृत्युसम्म गरेका खासखास कुरालाई समेटेर लेखेको रचना जीवनी भनिन्छ । विशिष्ट व्यक्तिहरूको जीवन वृत्तलाई जीवनी भनिन्छ । बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले बडो खोजमूलक ढङ्गबाट नेपाली प्रतिभाहरूलाई बालबालिकाहरूका निम्ति भनेर “पच्चीस प्रतिभा” (भाग २) बजारमा ल्याएका छन् । उक्त पुस्तकमा आकर्षक चित्रहरू अंकित पराजुलीको उक्त पुस्तकमा निम्नलिखित विशेषताहरू भरिपूर्ण छ । यो पुस्तक विषयको सघनताले विभूषित छ । प्रत्येक प्रतिभाको जन्म, मृत्यु, व्यक्तित्व र कृतित्वहरूलाई ठीक ठीक किसिमले प्रस्तुत गरिएको छ । भाषागत परिष्कार र परिमार्जनले अझ माथि उठाएको छ । बालकको स्तरलाई ख्याल राखेर सुबोध शैलीलाई ख्याल गरिएको छ । प्रायः छोटा र सरल वाक्यहरूको संयोजनलाई लेखकले विशेष ध्यान दिएका छन् । कर्ता, कर्म र क्रियाको विचलन कतै पनि छैन । शैलीगत चमत्कारमा चिप्लिएका लेखक छैनन् । लेखक पराजुलीले कुनै पनि प्रतिभाहरूको जानकारी दिने क्रममा आफूले प्रत्यक्ष जाने बुझे जस्तै गरी परिचय को सिलसिलामा अगाडि आएका छन् । पराजुलीद्वारा लिखित जीवनी साहित्यमा कल्पना र सौन्दर्य मुछिएको छ । जीवनीलाई उनले कतै वस्तुगत निबन्धजस्तै गरी प्रस्तुत गरेका छन् उनले जीवनी निर्माण गर्दाखेरी उनीहरूको कमजोर छोडेर राम्रा पक्षलाई मात्रै समेटेका छन् । प्रतिभाले समाज र राष्ट्रलाई दिएको योगदानको कदर गर्दै त्यसको सेरोफेरामा आएका स्वीकृतिमूलक घटना र विचारलाई ध्यान दिएका छन् । दोषदर्शन परम्परामा पराजुली गएका छैनन् । गुणदर्शन परम्पराको पक्षपाती बनेर हरेक प्रतिभाको प्राप्ति मात्रै केलाएका छन् । यसलाई जीवनीको विशेषता मान्न सकिन्छ । यस कृतिमा लेखकले प्रतिभाको विधागत

सफलतालाई मात्रै केलाएका छन् । प्रतिभाहरूले प्रसिद्ध पाएको विधाहरूको सङ्क्षिप्त विधागत सैद्धान्तिक जानकारी पनि प्रदान गरेका छन् ।[११]

- "समयका डोबहरू"(बाल कविता सङ्ग्रह) प्रकाशक- वाणी प्रकाशन- वि.सं.२०५३ असोज/कार्तिक सुगन्ध- साप्ताहिकमा "समयका डोबहरू" शीर्षकमा यसरी लेखेको पाइन्छन्- **यो कविता सङ्ग्रह "समयका डोबहरू" लेखकले बेला बेलामा लेखेर छाप्दै आएका २५ वटा कविताको सङ्ग्रह हो । "समयका डोबहरू" ले उनी बालसाहित्यकार मात्रै होइनन् कवि पनि हुन भन्ने प्रमाणित भएका छन् । उनको कविताहरूमा विभिन्न विसङ्गतिका भावनाहरू, घातप्रतिघत र आशा निराशाका भावनाहरू पाइन्छन्न् । जीवन र समाजका भोगाइहरू, प्रेम, विरह, राष्ट्रियता र मान्छेका अभिव्यक्तिहरू पनि उनका कवितामा छ । त्यसै उनी भन्दछन् :-**

  "मानिस मिली उठाइदिए उठ्दछ ।
  नसके मिल्न आपसमा पनि मानवता गुम्दछ ।"[१२]

यस्ता सरल मीठा कविता लेख्ने पराजुली साँच्चै धन्यका पात्र भएका छन् भनी लेखेको पाइन्छन् :

- "समयका डोबहरू" (बाल कविता सङ्ग्रह) २०५३ साल असोज ११ गते शुक्रवार साप्ताहिक विमर्शमा यस्तो यस्तो लेखिएको छ :- **बालसाहित्यको क्षेत्रमा लामो समयदेखि संलग्न बालसाहित्यकार गोपाल पराजुलीले "समयका डोबहरू" शीर्षकको नयाँ कविता यात्रामा सक्रिय हुने रहर व्यक्त गरेका छन् । "समयका डोबहरू"मा पराजुलीका पच्चीसवटा कविताहरू सङ्ग्रहित छन् । कविताहरू छोटा छन्, पृथक पृथक विषयमा केन्द्रित छन् । कवि पराजुलीले आफ्ना रचनाहरूमा कतै कविताकै**

---

[११]. कृष्णप्रसाद दाहाल, **पच्चीस प्रतिभाभित्रका सुगन्धित फूलहरू**, भाग-२, काठमाडौं : रत्न पुस्तक भण्डार ।
[१२]. विवेकबाबु, **समयका डोबहरू**, सुगन्ध साप्ताहिक, २०५३ असोज/कार्तिक ।

आराधना गरेका छन् कतै बालक, युवाहरूसँग राष्ट्रप्रेममा समर्पित हुन आग्रह गरेका छन् । केही कविता लयात्मक छन्, केही उन्मुक्त छन् । अधिकांश कविताहरू प्रकृति र यसका बहुआयामिक पक्षहरूमा केन्द्रित छन् । कवि ठाउँ-ठाउँमा निराश देखिन्छन् तैपनि बिहानीको कुरा गर्छन् र नयाँ बिहानीको कुरा गर्न आग्रह गर्छन् । कृष्णप्रसाद पराजुलीको आङ्कलन अनुसार "समयका डोबहरू" का कविता बसिवियालोको उपज हो । यसभित्र जीवनका उच्छ्वास छन्, तरङ्ग छन्, बालमन तथा युवा उत्साहका झिल्का छन् । कविता सहज सरल छन् । सामाजिक विसङ्गतिका कुरा आशा-निराशा, उत्साह कुण्ठा, चेतनाका सन्देश र आग्रहहरू उनका कविताका मूल विषय हुन् ।[१३]

- २०५३ साल भदौ १ गते कान्तिपुर दैनिकमा "समयका डोबहरू" शीर्षकको लेखमा यस्तो लेखकेको पाइन्छन्- बालसाहित्यका चर्चितलेखक बालसाहित्यकार गोपाल पराजुली एकपटक फेरि "समयका डोबहरू" नामक कृति लेखेर देखा पर्नु भएको छ । वहाँका पूर्व कृतिहरूभन्दा भिन्दै प्रकृतिको यस कृतिमा २५ वटा फुटकर कविताहरू सङ्ग्रहित छन् । ती कविताहरू रोमान्सबाददेखि टाढा विशुद्ध राष्ट्रप्रेम माटोको माया र आफ्नै परिवेशमा रचिएका छन् । आफ्ना हरेक कवितामार्फत कविले नयाँ पुस्ता समक्ष राष्ट्र निर्माणका लागि आब्हान गरेका छन् । कवि भन्छन्:-

"यो सुन्दर शान्त देशलाई
एकपल्ट छोएर हेर
बुद्धले टेकेको यो माटोलाई
यो भीड यो हल्लाबाट पार गर्न
तिमी उठ प्राप्तिको बिकुल फुक्नलाई ।" (पृ. २२)[१४]

---

१३. कृष्णप्रसाद पराजुली, **समयका डोबहरू**, साप्ताहिक विमर्श, २०५३, असोज ११ ।
१४. **समयका डोबहरू**, कान्तिपुर दैनिक पत्रिका, २०५३ भदौ १ ।

कवितामा कतै पनि बौद्धिकताको थिचाई छैन । यो यस पुस्तकको विशेषता हो ।

यसरी उनका उक्त बालकविता सङ्ग्रह “समयका डोबहरू” को सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना भनाइ प्रस्तुत र विभिन्न पत्रपत्रिकामा उक्त कृतिको कृतिगत विशेषताको बारेमा चर्चा परिचर्चा गरेका छन् । वास्तवमा उक्त कविता सङ्ग्रहको अध्ययनले बालबालिकाहरूमा राष्ट्रप्रेम, नौलो बिहानीको आभास युवाजोश, जाँगर, प्रेम र विरहका भावनाहरूको अनुभव गर्दै समयका डोबहरू वा समयका बोलहरूलाई कवितात्मक भावमा पनि व्यक्त गर्न पैदा गराउन सकिन्छ । सानै उमेरदेखि छोटा र सरल कविताको अध्ययनले पनि उनीहरूमा आफ्ना मनका भित्री कुण्ठालाई कवितात्मक रूपमा व्यक्त गर्ने प्रवृत्तिको विकास गर्न टेवा मिल्ने हुँदा उक्त कृतिको अध्ययन र अनुसन्धान हुनुपर्ने देखिन्छ ।

- “केही राष्ट्रिय विभूति” (भाग १, २०५३) नेपाली बालसाहित्यको इतिहास पृ.२२१) मा यसरी समीक्षा गरेको पाइन्छन् । उनले भूमिकामा भनेका छन्:-**राष्ट्रको भलाइका निम्ति सब तरहले मरिमेट्ने, अरूको नक्कल गर्नुपर्ने आदर्शको काम गर्ने मानिसलाई राष्ट्रिय विभूति भन्छन् । देशको इज्जत बचाउने राष्ट्रिय विभूतिहरूको हामी हृदयदेखि गुण गाउँछौं । बालकहरूलाई राष्ट्रिय चरित्रको विषयमा बोध गराएमा ती चरित्रको स्मरण हुनुको साथै उनीहरूलाई विशेष प्रेरणा पनि मिल्ने गर्दछ । यसै उद्देश्यले यो पुस्तकको लेखन सम्पादन भएको हो ।**[१५]

वास्तवमा आजको समयमा नेपाली बालबालिकामा राष्ट्र राष्ट्रियता र नेपालीपनप्रति प्रेम र सद्भाव जगाउने हो भने हामीले तदअनुरूपको शिक्षा दिनु आवश्यक छ र यो औपचारिक पाठ्यपुस्तकले मात्र सम्भव छैन । यसका लागि बालसाहित्य एक मात्र विकल्प हो । त्यसमा पनि महापुरुषहरू र विभूतिहरूको

---

[१५]. प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, केही राष्ट्रिय विभूति, भाग १, भूमिका २०५३, पृ.२२१ ।

जीवनी मार्फत हामी बालबालिकालाई त्यस्तो ज्ञान दिन सक्छौं । उक्त जीवनीहरूमा केहीको जीवनीमा प्रमुख घटनालाई विषयवस्तु बनाएका छन् भने केहीको जीवनीमा जन्मेदेखि मृत्युसम्मका सत्य घटनालाई रोचक एवं सरल पाराले प्रस्तुत गरिएको छ । बालसाहित्यकार गोपाल पराजुलीले जीवनीलाई अझ रोचक बनाउन संवादको पनि प्रयोग गरेका छन् ।

यसरी विभिन्न समयमा विभिन्न विद्वान्हरूले विविध पत्रपत्रिकाहरूमा बालसाहित्यकार गोपाल पराजुलीको बारेमा सामान्य चर्चा परिचर्चा मात्र गरेका छन् । कसैले उनको कृतित्वको मात्र चर्चा गरेका छन् भने कसैले उनको व्यक्तित्वको मात्र चर्चा गरेका छन् । जस्तै सुगन्ध-२०५३ वैशाखमा हरि मञ्जुश्रीले कार चढ्न नचाहने साहित्यकार भनी उनको व्यक्तित्वको बारे चर्चा गरेका छन् ।

- त्यस्तै- साप्ताहिक (नेपाल जागरण)- २०५३ श्रावण १४ गते शब्द चित्र शीर्षक-"हामी दङ्ग पर्छौं .......उहाँ खितित्त हांस्नु हुन्छ" लेखमा वहाँको कवितात्मक व्यक्तित्वको बारेमा लेखेको पाइन्छन् । तर कसैले पनि बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन एवम् विश्लेषण गरेको पाइँदैन । तसर्थ बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गर्ने उद्देश्यले यो शीर्षक लिइएको हो ।[१६]
- त्यस्तै (वि.सं. २०५५ साल मंसिर १८ गते) साप्ताहिक विमर्शमा "केही राष्ट्रिय विभूतिहरू" शीर्षकमा यसरी लेखेको पाइन्छन्- कवि बालसाहित्यकार गोपाल पराजुली आजकाल बालसाहित्यमा लागेका छन् । जुन कुराको पुष्टि हो- केही राष्ट्रिय विभूतिहरू । पराजुलीको नयां सितारका रूपमा उक्त पुस्तक आएको छ । बालकहरूका लागि अत्यन्त उपयोगी हुने यस पुस्तकभित्र नेपालका राष्ट्रिय विभूतिहरूमध्ये जनक,

[१६]. वसन्त प्रकाश, शब्दचित्र, साप्ताहिक, नेपाल जागरण, २०५३ श्रावण १४ ।

सीता, अंशुवर्मा र बलभद्र कुँवरको जीवनी समेटिएको छ । यी व्यक्तिहरू कसरी विभूतिको दर्जा प्राप्त गर्न सफल भए ? यही प्रश्नको नालिबेली खोज्ने प्रयास भएको छ । सत्य र न्यायप्रेमी राजा जनक, राम शाह, आदर्शकी प्रतीक सीता, कुशल शासक अंशुवर्मा र वीरयोद्धा बलभद्रका जीवनीका अन्तरंग क्षणलाई सरस ढंगबाट विवेचना गरिएको छ ।[१७]

यसरी विभिन्न साहित्यिक बालवाङ्मय पत्रपत्रिका एवम् विद्वान्हरूले आ-आफ्ना भनाइ उक्त पुस्तकको बारेमा व्यक्त गरेका छन् । उक्त पुस्तकको अध्ययनले, राष्ट्र निर्माणको आधारस्तम्भ बालबालिका नै हुन् भन्ने कुराको पुष्टि हुन्छ । त्यसैले उक्त कृतिको अध्ययन र अनुसन्धान हुन अत्यन्त जरुरी देखिन्छ ।

- "केही राष्ट्रिय विभूति" (भाग ३, २०५५ प्रकाशक- वाणी प्रकाशन विराटनगर) पुस्तकको आमुखमा वाणी प्रकाशनका अध्यक्ष परशु प्रधानले प्रकाशकीय भनाइमा यसो भनेका छन्:-नेपाली बालसाहित्य र कविताको क्षेत्रमा श्री बालसाहित्यकार गोपाल पराजुलीको विशेष स्थान रहिआएको छ । स-साना बालबालिकाहरूको मनोविज्ञानमा आधारित रोचक र सरल भाषामा कविता, कथा, जीवनीहरू लेखेर श्री पराजुलीले यस क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । यस पुस्तकमा नेपालका पौराणिक तथा ऐतिहासिक व्यक्तिहरूलाई स-साना बालबालिकाहरूको मनमस्तिष्कमा गहिरो छाप पर्ने गरी सरल शैलीमा प्रस्तुत यस पुस्तकमा उहाँले आफ्नो अलग विशेषता देखाएका छन् । बालसाहित्यको चौथो थुङ्गाको रूपमा नेपाली नानीहरूलाई यो पुस्तक वाणी प्रकाशनले उपहार दिन पाउँदा हर्ष र गौरवको अनुभव हामीले गरेका छौं ।[१८]

---

[१७] गोपाल पराजुली, केही राष्ट्रिय विभूति, भाग-३, साप्ताहिक विमर्श, २०५५, मङ्सिर १८ ।
[१८]. परशु प्रधान, केही राष्ट्रिय विभूति, भाग-३, आमुख विराटनगर: वाणी प्रकाशन, २०५५ ।

- त्यस्तै वि.सं. २०५५ कार्तिक २४ गतेको पुनर्जागरणमा बालबालिकाको निम्ति केही राष्ट्रिय विभूतिहरू शीर्षकको लेखमा ध्रुवमधिकर्मीले यसो भनेको पाइन्छन्- **बालसाहित्यका लेखक बालसाहित्यकार गोपाल पराजुलीद्वारा लिखित केही राष्ट्रिय विभूतिहरू कृति वाणी प्रकाशनद्वारा हालै प्रकाशित भएको छ । तेस्रो भागको रूपमा प्रकाशित यस पुस्तकमा राजा जनक नेपालको छोरी सीता, पराक्रमी अंशुवर्मा, वीर बलभद्र कुँवरका बारेमा सरल ढङ्गले लेखिएको छ । पुस्तक बालबालिकाको लागि उपयोगी छ ।**[१९]
- त्यस्तै उक्त कृतिको सम्बन्धमा नेपाली बालवाङ्मय परिचय कोश प्रकाशक-वाणी प्रकाशन सहकारी संस्था लि.विराटनगर, २०५५ पृ.२६१ मा यस्तो लेखेको पाइन्छन्- **ज्ञानी जनक, नेपालको छोरी सीता, पराक्रमी अंशुवर्मा र वीरवलभन्द्र कुँवर, शीर्षक गरी चार राष्ट्रिय विभूतिहरूको जीवनी प्रस्तुत । पहिलो संस्करणमा चारजना विभूतिको जीवनी प्रस्तुत गरिए पनि पछिल्लो संस्करणमा थप भएका दुई विभूति शङ्खधर साख्वा र पासाङल्हामु शेर्पाको जीवनी पनि समावेश गरिएका छन् । यी जीवनीले विभूतिहरूकाबारेमा बालबालिकहरूलाई सामान्य जानकारी दिन्छ र जीवनमा अघि बढ्न उत्प्रेरित गर्छ । भाषा सरल छ ।**[२०]

यसरी केही राष्ट्रिय विभूतिको सम्बन्धमा विभिन्न प्रकाशक, पत्रपत्रिका एवं साहित्यिक पुस्तकमा पनि चर्चा परिचर्चा, समीक्षा भएको पाइन्छन् । उक्त जीवनी अध्ययनले साना (१०-१२) वर्ष उमेरका बालबालिकाहरूमा ठूलो होइन असल, सहयोगी, मिलनसार, सद्भाव, राष्ट्र, राष्ट्रियताप्रति श्रद्धा र उत्तरदायी भइअघि बढ्ने प्रेरणा प्रदान गर्ने भएकोले उक्त पुस्तकको अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ ।

---

[१९]. प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, केही राष्ट्रिय विभूति, भाग १, भूमिका २०५३, पृ.२२१
[२०]. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचयकोश**, विराटनगरः वाणी प्रकाशन, २०५५, पृ.२६१ ।

- "रूपाको साहस" (बाल कथा सङ्ग्रह २०५६, प्रकाशिका श्रीमती माधवी पराजुली बानेश्वर २४ काठमाडौँ २०५६, दोस्रो संस्करण २०५६, तेस्रो संस्करण २०५७ असार) पुस्तकको आमुखमा कृष्णप्रसाद पराजुलीले यसो भनेका छन्:-कथा बालबालिका निम्ति साह्रै प्रिय हो । कथा भन्ने चलन समाजमा पहिलेदेखि चल्दै आएको छ । नेपाली लोक बालसाहित्यको परम्परा निकै लामो भए पनि सृजनात्मक बालसाहित्यले भने पछि मात्रै पखेटा फरफराउने अवसर पाएको हुँदा बालकथा लेखनको विकास पनि आधुनिककालमा नै भइरहेको छ । यसै क्रममा बालसाहित्यकार गोपाल पराजुलीले सामाजिकतामा आधारित 'रूपाको साहस' बालकथा सङ्ग्रह आएको छ । यस सङ्ग्रहमा पाँचवटा चाखलाग्दा बाल कथा छन् । 'रूपाको साहस' कथाले बालकलाई आत्मविश्वास बढाउनु पर्ने सन्देश दिन्छ भने 'दुःख दिनु राम्रो बानी होइन' कथाले अरूलाई दुःख दिनु हुन्न भन्ने चेतना दिन्छ । 'हेलाको फेला' कथाले हेला गरिएको मानिसले पनि आफ्नो खुबी देखाउँछ । त्यसैले हेला गर्नु हुँदैन । हेला गर्ने आफैँ फेला पर्छ भन्ने उक्ति चरितार्थ पार्न खोजेको छ । त्यस्तै 'लोभी पसल्नी' कथाले पसिनाको कमाई आफ्नो हो, लाभ गर्दा विलाप गर्नु पर्ने स्थिति आउँछ भन्ने देखाउँछ । 'घमण्डका नतिजा' कथाले चाहिँ दुःखी भए पनि इमान्दार र सुशील हुँदा र धनी भए पनि घमण्डी र बदमास हुँदा परिणाम भोग्नु परेको अवस्थाको चित्रण गरेको छ । यसरी यी पाँचवटै बालकथा बालकलाई नैतिकवान र सच्चरित्रवान् बनाउन उत्प्रेरणा दिने खालका छन् ।[२१]
- "एक दिनको यात्रा" (बाल उपन्यास) प्रकाशनकाल २०५७ प्रकाशिका माधवी पराजुलीले पुस्तकको अन्तिम पेजमा यसो भनेकी छन:- नेपाली बालसहित्यका रूपमा श्री बालसाहित्यकार गोपाल पराजुली नेपाली बालबालिकाहरूका बीच धेरै वर्ष अघिदेखि सुपरिचित हुनुहुन्छ । उक्त

[२१]. कृष्णप्रसाद पराजुली, रूपाको साहस, आमुख, काठमाडौँः श्रीमती माधवी पराजुली, २०५७, असार ।

उपन्यासले बालबालिकाहरूलाई काठमाडौँ उपत्यकाको वातावरण सम्बन्धी सामान्य जानकारी दिलाउन, काठमाडौँ उपत्यकाका मुख्य मुख्य स्थानहरू र समस्याहरूका बारेमा अवगत गराउन र बालबालिकाहरूको व्यक्तित्व विकास गराउन सक्षम देखिने यो बाल-उपन्यास "एक दिनको यात्रा" बालबालिकाहरूका लागि ज्ञानबर्द्धक र रोचक लाग्नेछ र भविष्यका आशा केन्द्र, खासगरी दस-ब्राह्व वर्षका बालबालिकाहरूलाई आधार बनाइलेखिएको यो उपन्यासबाट बालबालिकाहरूले राम्रो ज्ञान प्राप्त गर्दछन् ।[२२]

यसरी उक्त बाल उपन्यासको सम्बन्धमा विभिन्न पत्रपत्रिका एवं विद्वान्हरूले चर्चा परिचर्चा गरेको पाइन्छन् । वास्तवमा उक्त बालउपन्यास आजको २१ औ शताब्दीमा विश्वमा नै वातावरणीय समस्या उत्पन्न भैरहेको अवस्थामा यसको निराकरण गर्ने उपाय सोच्न ढिला भएको देखिन्छ । उक्त उपन्यासले काठमाडौँको अव्यवस्थित बसोबास, बस्तीको छेबैमा ईटा भट्टाको स्थापना, गाडीहरूको अत्यधिक चापले वातावरणमा अन्यन्त असर पारेको जानकारी दिएको छ । यति मात्र नभै विभिन्न पर्यटकीय स्थलं स्वयम्भु, बालाजु तथा अन्य धार्मिकस्थल पशुपतिनाथको मन्दिर र वन्यजन्तु वासस्थान चिडियाघर आदिका बारेमा संवादात्मक शैलीमा सरल पाराले उक्त उपन्यास रचना गरिएको छ । उक्त उपन्यासको अध्ययनले बालबालिकाहरूमा ध्वनि प्रदूषण, वायुप्रदूषण र जमिन प्रदूषणसम्बन्धी ज्ञान दिई त्यस्ता प्रदूषण हटाउन के कस्तो उपाय आवश्यक पर्दछ त्यसबारे पनि ज्ञान दिने भएकोले उक्त उपन्यासलाई प्राथमिक तहको पाठ्यक्रममा संलग्न गर्नु पर्ने आवश्यकता देखिन्छ ।

- "रूपाको साहस"(बाल कथा सङ्ग्रह) वि.सं.२०५७ मंसिर २५ गते- काभ्रेपोष्ट साप्ताहिक) मा यस्तो लेखेको पाइन्छन्- **इन्द्रियका दास बन्न**

[२२]. गोपाल पराजुली, **एक दिनको यात्रा**, काठमाडौं : माधवी पराजुली, २०५७ ।

नहुने असल चरित्रको आग्रहले सुनौला भविष्य बन्न सक्ने कुरा उल्लेख छन् । सबै विधामा रोचक प्रवेश भए पनि केही कमजोरी पनि उल्लेख गर्न सकिन्छ । 'दुःख दिनु राम्रो होइन्' 'पुतलीलाई सियो रोप्न हुन्न' भन्ने प्रसङ्गमा एउटा ऋषिको उल्लेख रहेछ । ऋषिको नाम छुटेछ । छुटेको नाम माण्डव हुनुपर्थ्यो । 'घमण्डको नतिजा' शीर्षक कथामा राम आज्ञाकारी मिहिनेती र असल विधार्थीको रूपमा सफल र श्याम धनीको छोरा भएर अल्छी मातेको, रिसाह, जे मुखमा आयो त्यही बोल्ने र पछि असफल भएको कुरा उल्लेख रहेछ । पुराण परम्परा पनि कथामा प्रवेश गराएका लेखकले श्यामका सट्टा दुशासन, किचक वा धुन्धकारी नाम जुटाए सुनमा सुगन्ध हुन्थ्यो ।[२३]

- उक्त कृतिका सम्बन्धमा "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग ३ "नेपाली बालवाङ्मय परिचय कोश"-(प्रकाशक श्रीमती माधवी पराजुली काठमाडौँ- मुद्रवाणी अपसेट, २०५८ श्री पञ्चमी- पृ. ३२) मा यस्तो लेखेको पाइन्छन्- भाषासेवी पुष्कर शमशेर कथाकार भवानी भिक्षु, युगकवि सिद्धिचरण श्रेष्ठ, नेपाली साहित्यका ध्रुवतारा विश्वेश्वरप्रसाद कोइराला र उपन्यासकार पारिजात शीर्षकमा पाँच साहित्यकारको जीवनी प्रस्तुत यो सङ्ग्रह पनि साहित्यकारको जीवनी- शृङ्खलाकै निरन्तरता हो । यसमा पाँचजना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ । खासगरी नौ-दस वर्षका बालबालिकाको गागि यो कृति तयार गरिएको हो ।[२४]
- "रूपाको साहस"(बाल कथा सङ्ग्रह) वि.सं.२०५८ विहिवार ३२ साउन साप्ताहिक युगवाणी) "बालसाहित्यकार गोपाल पराजुलीको प्रशंसनीय ध्यान बालशिक्षा र पाठ्यक्रममा" भन्ने शीर्षकमा दीनबन्धु अर्यालले यसो

[२३]. नारायण गोदारे, अन्तर्वार्ता, काभ्रेपोष्ट, साप्ताहिक, २०५७ मङ्सिर २५ ।
[२४]. प्रमोद प्रधान, नेपाली बालवाङ्मय परिचयकोश, काठमाडौँ: श्रीमती माधवी पराजुली, मुद्रवाणी अपसेट, २०५८, पृ. ३२ ।

भनी लेखेका छन्:-बालबालिकालाई विद्यालय पठाएर मात्र पुग्दैन । विद्यालयको वातवरण रमाइलो स्वस्थ्य र प्रेरणदायी हुनुपर्दछ । गुरु र गुरुआमाले बाबुआमा या दाजु- दिदीकोजस्तो भूमिका निर्वाह गर्ने हुनुपर्दछ । साथै यस्तै उद्देश्यले जीवनका विभिन्न मोड, गति, इतिहास, दर्शन, धर्मशास्त्र, समाजशास्त्रका विषयहरू सरल र रोचक ढङ्गले बालबालिकाका मन मस्तिष्कमा पुऱ्याउने खालका पुस्तक, पुस्तिका पुस्तकालय, बगैंचा, खेलकुदका साधन जटाउनु पर्दछ । बालबालिकाको कलिलो मन मस्तिष्कमा दया, प्रेम, करुणा, शान्ति, अहिंसा, स्वाध्याय, धैर्य, आत्मविश्वास जगाउने खालका पाठ्यपुस्तक रचना गर्नु पर्दछ । युरोपमा यस्तै पुस्तक पत्रिका र अन्य साधन पाइन्छन् । किन्डर गार्डन पद्धतिमा पनि बालबालिकाको रुचि, अभिरुचि कता छ सो जगाउने र जेमा बढी रुचि छ पछि त्यतैतिर उसको अध्ययन जारी गराउने सल्लाह र सुझाव उनीहरूका अभिभावकहरूलाई दिइन्छ । भारतमा पनि बालबालिकाको लागि उपयुक्त शिक्षाको वातावरण बनाएको पाइन्छन् । नेपालमा बालबालिकाको मन, मस्तिष्कमा नेपालको माटो, संस्कृति, विभूतिप्रति श्रद्धा जगाउने र विधार्थीलाई विनयशील एवं परोपकारी बनाउने दृष्टिले पाठ्यक्रममा त्यति ध्यान दिइएको पाइएन । त्यति धेरै संख्यामा लेखकहरू उत्साहित रहेको पनि पाइएन । थोरैलेखक र थोरैभित्र पर्नु हुन्छ, बानेश्वर निवासी बालसाहित्यकार गोपाल पराजुली कथा, निबन्ध, उपन्यास, कविता विधामा कलम चलाउनु भएको रहेछ । “रूपाको साहस” बालकथा सङ्ग्रह हो । उपन्यास विश्वब्रमाण्ड हो भने कथा घरका आँखी झ्यालबाट देखिने दृश्य हो । कथा एउटा घटना वा चिन्तनमा सीमित हुन्छ । उक्त कथामा रूपा अन्धविश्वास मेट्ने साहस देखाउछिन् । “दुःख दिनु राम्रो होइन” भन्ने कथामा पुतली मार्न नहुने र त्यसरी पुतली मार्नाले ऋषि सुलीमा चढ्नु परेको वृत्तान्त छ । “हेलाको फेलामा” हेला गरिएको

भाइ नै पछि रूप, रङ्ग धन, यश कमाउन सक्छ । राज कन्यासँग विवाह गरेर पाएको धन लिएर घर फर्केको कथा छ । "घमण्डको नतिजामा" घमण्ड गर्नेको घमण्ड चुर भएको विनयी व्यक्ति समुन्नत जीवनयापन गर्न समर्थ देखिएको छ ।[२५]

National Heroes of Nepal Part (1-2)

- वि.सं. २०५८ साउन ३२ साप्ताहिक युगवाणी) को "विचार" शीर्षकमा दीनबन्धु आर्यालले यसो भनेका छन्:-"नेपालका राष्ट्रिय विभूतिहरूको" अंग्रेजी अनुवाद उक्त कृतिले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चर्चा र जानकारीले नेपाल लाभान्वित हुनेछ । उनको यो योगदानले उनलाई बालसाहित्य अनुरागी लेखकभन्दा हुन्छ । बोर्डिङ्गका प्र.अ.हरूको अनुरोधमा धेरैपटक प्रकाशित भएको र केही विद्यालय (बोर्डिङ्ग) मा शिक्षण गरेको पनि पाइन्छन् । अंग्रेजी भाषाको माध्यमबाट पठन पाठन हुने विद्यालयमा यसको शिक्षणले बालबालिकामा अंग्रेजी भाषागत ज्ञान हुने र उच्च व्यक्तित्वको प्रभावले उनीहरूमा देशमक्तिको भावनासमेत जागृत हुने हुँदा उक्त कृतिको अनुसन्धान हुन अत्यन्त जरुरी देखिन्छ ।[२६]

नेपाली साहित्यको आकाशमा पराजुलीले विभिन्न विधामा कलम चलाएको पाइन्छन् । कथा, कविता, नाटक र उपन्यास आदि मध्ये कथा विधालाई बालबालिकाहरूले बढी मन पराउने गर्दछन् । कक्षामा अत्यन्ते वातावरण सृजना गर्न उपयुक्त शैलीको आवश्यकता पर्दछ । कथा भनेर बालबालिकाको ध्यान आफूतिर आकर्षित गरेर अध्ययन गराउँदा पढाएको जस्तो पनि नहुने बालबालिकाहरूले बडो अभिरुचि लिएर सुन्न जागर देखाउने हुनाले यस्तो रसिलो

---

[२५]. दीनबन्धु अर्याल, विचार साप्ताहिक, युगवाणी, २०५८, साउन ३२ ।
[२६]. दीनबन्धु अर्याल, विचार साप्ताहिक, युगवाणी, २०५८, साउन ३२ ।

र रोचक विधालाई पाठ्यक्रममा समेत समावेश गर्दा अत्युक्ति नपर्ला । युरोप तथा एशियाका विभिन्न ठाउँमा बालबालिकालाई उनीहरूको अभिरुचि अनुरूप शैक्षिक वातावरण तयार पारिएको हुन्छ । नेपालमा पनि शैक्षिक गुणस्तर उच्च गर्न राष्ट्र राष्ट्रियताको भावना जगाउन सानै उमेरदेखि आफ्नो हावापानी तथा बालअभिरुचि अनुरूपको पाठ्यक्रम निर्माण हुनुपर्ने देखिन्छ ।

- "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग ४, प्रकाशन- निरन्तर प्रकाशन २०५९, दोस्रो २०६१ तेस्रो २०६२) पुस्तकको आमुखमा प्रकाशक तथा बजार व्यवस्थापक वासुदेव पराजुली यसो भन्छन्:-**हाम्रो प्रकाशन बालसाथीहरूको साथमा सधैं रहन चाहन्छ । धेरै समयदेखि नेपाली बालसाहित्य क्षेत्रमा कलम चलाउँदै आउनुभएका हाम्रा प्रसिद्ध साहित्यकारहरू सामान्य जीवनी र योगदान बारेमा सरल र रोचक किसिमले प्रस्तुत गर्नु भएको छ । यस पुस्तकको अध्ययनले बालबालिकाहरूमा थप प्रेरणा पाउने आशा व्यक्त गर्न सकिन्छ ।**[२७]
- त्यस्तै उक्त कृति (हाम्रा केही प्रसिद्ध साहित्यकारहरू, भाग ४) का सम्बन्धमा- नेपाली बालवाङ्मय परिचय कोश प्रकाशक, माधवी पराजुली काठमाडौं- मुद्रकवाणी अपसेट मुद्रक काठमाडौँ-२०५९-पृ. ३२) मा यस्तो लेखेको पाइन्छन्- **यो सङ्ग्रह पनि साहित्यकारको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ । खासगरी नौ-दस वर्षका बालबालिकाको लागि तयार पारिएको हो ।**[२८]
- "पच्चीस प्रतिभा" (भाग १) २०६०- प्रकाशक-सत्याल प्रकाशन, डिल्लीबजार काठमाडौँ) पुस्तकको आमुखमा वासु रिमाल "यात्री" ले यसो भनेका छन्:-**बालसाहित्यका स्रष्टा बालसाहित्यकार गोपाल पराजुलीले बाल**

---

[२७]. वासुदेव पराजुली, **हाम्रा केही प्रसिद्ध साहित्यकारहरू**, भाग-४, आमुख, काठमाडौंः निरन्तर प्रकाशन, २०६२ ।

[२८]. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौंः श्रीमती माधवी पराजुली, मुद्रकवाणी अपसेट मुद्रक, २०५९, पृ. ३२ ।

उपन्यास (एक दिनको यात्रा) बालकथा (रूपाको साहस), बालनिबन्ध सङ्ग्रह (नानीको बानी) वैज्ञानिकको जीवनी आदिका साथै बालबालिकाहरूका लागि नेपालका प्रसिद्ध साहित्यकारहरू, विद्वान् आदिका जीवनीका पुस्तक प्रकाशित गर्दै आएका छन् । उनका जीवनी सम्बन्धी बालपुस्तक उपत्यकाका कतिपय विद्यालयहरूमा पाठ्यसामग्रीका रूपमा पठनपाठन हुँदै आएका छन् । बालसाहित्य स्रष्टाका रूपमा जीवनी पक्षमा जोड दिएर पराजुली बालकहरूका मनमस्तिष्कमा ठूला मानिसहरूको काम गराइ, लेखाइ, सोचाइको राम्रो प्रभाव पारेर कलिला नानीहरूमा मानसिक बौद्धिक एवं चारित्रिक प्रभाव पार्न दत्तचित्त भएर लागेका देखिन्छन् ।[२९]

- "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग ६, नेपाली बालसाहित्यको) प्रकाशकः- माधवी पराजुली काठमाडौँ मुद्रक- नवदुर्गा प्रिन्टिङ सपोर्ट, काठमाडौँ, २०६०, पृ. ३६ मा यस्तो लेखेको पाइन्छन्- यो शृङ्खलाकै निरन्तरता हो । यसमा पाँचजना प्रसिद्ध नेपाली साहित्यकारहरूको सामान्य जीवनी र योगदानलाई सरल रूपमा प्रस्तुत गरिएको छ ।[३०]

यसरी नेपाली बालसाहित्यका सुपरिचित साहित्यकार श्री बालसाहित्यकार गोपाल पराजुलीले "हाम्रा केही प्रसिद्ध साहित्यकारहरू" (भाग १-६) सम्म तेत्तीसजना प्रसिद्ध साहित्यकारहरूको जीवनी महत्त्वपूर्ण योगदान प्रस्तुत गरी नेपाली बालसाहित्यको भण्डारमा थप ऊर्जा प्रदान गरेका छन् । उक्त प्रतिभाहरूको अध्ययनले खासगरी नौ-दस वर्षका बालबालिकाहरूमा सहयोग सद्भाव, मेलमिलाप, अध्ययन गर्ने बानी, राष्ट्र राष्ट्रियता र राष्ट्रप्रति प्रेम सद्भाव जगाउने हुनाले उक्त कृतिहरूको शतत अध्ययन अनुसन्धान हुन अत्यन्त जरुरी देखिन्छ ।

---

२९. वासु रिमाल 'यात्री', **पच्चीस प्रतिभा**, भाग -१, आमुख, काठमाडौंः सत्याल प्रकाशन, २०६०।

३०. गोपाल पराजुली, **हाम्रा केही प्रसिद्ध साहित्यकारहरू**, भाग -६, काठमाडौं : नवदुर्गा प्रिन्टिङ सपोर्ट, २०६०, पृ. ३६ ।

- "पच्चीस प्रतिभा" (भाग १) "नेपाली बालवाङ्मय परिचय कोश" प्रकाशक-सत्याल प्रकाशन काठमाडौँ, २०६०, पृष्ठ १०८ मा यस्तो लेखेको पाइन्छन्- **यो कृतिमा "हाम्रा प्रसिद्ध साहित्यकारहरू" शीर्षकमा छापिएका पहिलेका शृङ्खलाबद्ध जीवनी नै पुनमुद्रित गरिएका छन् ।**[३१]
- "पच्चीस प्रतिभा"(भाग २) प्रकाशक- रत्नपुस्तक भण्डार काडमाडौँ नेपाल, २०६२, तेस्रो संस्करण २०६५ (सन् २००८, पृष्ठ-१११) मा कृष्णप्रसाद पराजुली सानेपा २ ललितपुर (२०६१) ले पुस्तकको आमुखमा यसो भनेका छन्ः-**साहित्यमा जीवनी र आत्माकथा यति चाखलाग्दा र स्वादिला हुन्छन् । धेरैभन्दा धेरै पाठक तिनलाई पढ्न लालायित रहन्छन-त्यसैकारण हो यी महत्त्वपूर्ण विधाका रूपमा स्थापित छन् । उत्प्रेरक, मनोरन्जक शिक्षाप्रद हुने भएकोले पनि मानिसहरू जीवनी र आत्मकथा पढ्न मन पराउँछन । अरू कसैका विषयमा जीवन वृत्तान्तलेखिए जीवनी हुन्छ आफूले आफ्नै विषयमा लेखे आत्मकथा हुन्छ । यहाँ जीवनी विषयमा लाग्नु सान्दर्भिक जीवनी । जीवनीलाई "जीवनचरित्र" वा "जीवनचरित्र" पनि भन्ने गरिन्छ । अंग्रेजीमा बायोग्राफी (Biography) का नामले परिचित छ ।**[३२]

प्रस्तुत कृतिमा गोपालजीले आ-आफ्ना क्षेत्रमा चर्चित पच्चीसजना साहित्यकारलाई एउटा चौतारीमा उभ्याएका छन् । यसमा साहित्यकारहरूका व्यक्तित्व र कृतित्वलाई सरल पारामा चिनाउने-सम्झाउने प्रयास गरिएको छ । जीवनीकारले उनीहरूका बाल्यकालमाथि पनि प्रकाश पारेका छन् । यस्तो पुस्तक निश्चय नै विद्यालयका बालबालिकाका निम्ति उपयोगी हुनेछ । सामान्य

---

३१. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौँः सत्याल प्रकाशन, २०६०, पृ. १०८ ।
३२. कृष्णप्रसाद पराजुली, **पच्चीस प्रतिभा**, भाग-२, आमुख, काठमाडौँः रत्नपुस्तक भण्डार, २०६५ पृ.१११ ।

पाठकलाई पनि यसले धेरथोर सघाउ पुऱ्याउने छ भन्ने आशा एवं शुभेच्छा प्रकट गर्दै विश्राम लिन्छु-" भनी आफ्‌ना अमूल्य धारण प्रकट गरेको पाइन्छन् ।

- "पच्चीस प्रतिभा" (भाग २) प्रकाशक- रत्नपुस्तक भण्डार काडमाडौँ, २०६२ चैत्र ५ गते कान्तिपुरमा "अङ्ग्रेजको सम्मान" शीर्षकको लेखमा कृष्णप्रसाद दाहालले यस्तो लेखेका छनरः- **व्यक्तिले जन्मेदेखि मृत्युसम्म गरेका खास-खास कुरालाई समेटेरलेखेको रचनालाई जीवनी भनिन्छ । विशेषतः विशिष्ट व्यक्तित्वहरूको जीवनवृत्तलाई जीवनी साहित्यभित्र समेट्ने गरिन्छ । जीवनी साहित्यका माध्यमबाट भविष्यका पुस्तालाई सही दिसाबोध गराएर स्वर्णिम मार्गतर्फ अग्रसर गराउन सकिन्छ । यही सत्य बुझेर साहित्यकार बालसाहित्यकार गोपाल पराजुली विशिष्ट प्रतिभाहरूको जीवनी साहित्य लेख्ने कार्यमा जुटेका छन् ।**[३३]

पराजुलीले विशेषगरी बालबालिकाका निम्ति "पच्चीस प्रतिभा" भाग दुई बजारमा ल्याएका छन् । पुस्तकमा पच्चीस विशिष्ट प्रतिभाको चित्रसहित जानकारी छ । नेपाली भाषा साहित्य, कला र संस्कृतिका निम्ति उपर्युक्त प्रतिभाहरूले गरेको अतुलनीय योगदानलाई लेखकले ज्यादै नै मिहिनेतसाथ लिपिबद्ध गरेका छन् । बाह्रवर्षदेखि सोह्र वर्ष भित्रका बालबालिकाहरूलाई पठ्न हुने किसिमबाट पुस्तकका रचना भएको छ । इतिहासको विभिन्नकाल खण्डमा देखापरेका प्रतिभाहरूको योगदानलाई भविष्यका पुस्तामा पठाउँदै लैजानु पर्दछ । यसैबाट मात्रै उनीहरूभित्र अंग्रेज प्रतिभाप्रतिको सम्मान र राष्ट्रिय भावनाको बोध जागृत हुन सक्छ । बालकको स्तर ख्याल गरेर सरल र सुबोध शब्द चयन गरिएको छ । प्रायः छोटा र सरल वाक्यहरूको संयोजनमा लेखकले ध्यान दिएका छन् ।

[३३]. कृष्णप्रसाद दाहाल, **अग्रजको सम्मान**, कान्तिपर, २०६२ चैत्र ५, **पच्चीस प्रतिभा**, भाग-२, काठमाडौंः रत्नपुस्तक भण्डार ।

- “पच्चीस प्रतिभा” (भाग-२), (नेपाली बालवाङ्मय परिचय कोश, प्रकाशक- रत्न पुस्तक भण्डार काठमाडौँ, २०६२, पृष्ठ १२०) मा यस्तो लेखेको पाइन्छन्:- **वर्णनात्मक सरल शैलीमा प्रस्तुत गरिएको यो कृति बालबालिकाका लागि उपयोगी रहेको छ ।**[३४]
- “हाम्रा केही प्रसिद्ध साहित्यकारहरू” भाग ३ प्रकाशनकाल २०६३ साउन- पृ.२९, प्रकाशक- निरन्तर प्रकाशन- वासुदेव पराजुलीले (बजार व्यवस्थापक) पुस्तकको आमुखमा यस्तो लेखेका छन्:-**हाम्रो प्रकाशन बालसाथीहरूका साथमा सधैँ नै रहन चाहन्छ । यसै सिलसिलामा नेपाली बालसहित्यमा धेरै समयअघिदेखि नै कलम चलाउँदै आउनु भएका प्रसिद्ध बालसाहित्यकार श्री बालसाहित्यकार गोपाल पराजुलीले यस पुस्तकमा नेपालका पाँचजना प्रसिद्ध साहित्यकारहरूका सामान्य जीवनी र योगदान बारेमा सरल र रोचक किसिमले प्रस्तुत गर्नुभएको छ ।**[३५]
- “हाम्रा केही प्रसिद्ध साहित्यकारहरू” (भाग ५, २०६३ साउनः नेपाली बालसाहित्यको इतिहास, पृ.सं.२२३) यस्तो लेखेको पाइन्छन्- **पराजुलीका अघिल्ला सङ्ग्रहको तुलनामा केही राम्रा छन् किनकि यिनमा जीवनी प्रस्तुत गर्ने शैलीमा पूर्वजीवनी सङ्ग्रहभन्दा अलग र नयाँपन दिने लेखकको प्रयास देखिन्छ ।**[३६]
- “पच्चीस प्रतिभा” (भाग ३), दोस्रो संस्करण २०६५, पहिलो संस्करण २०६३- प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ नेपाल पुस्तकको आमुखमा शिवप्रसाद सत्याल “पीठ” महेन्द्र ज्योति-९ बाँसडोल काभ्रेले यसो भनेका छन्:-**बाललेखनका क्षेत्रमा बालसाहित्यकार गोपाल पराजुली सुपरिचित नाम हो । वहाँले नेपाली प्रतिभाका जीवनी यसअघि पनि**

---

[३४]. प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौँ: रत्नपुस्तक भण्डार २०६२ पृ १२० ।

[३५]. वासुदेव पराजुली, **हाम्रा केही साहित्यकारहरू**, भाग-३, आमुख, काठमाडौं : निरन्तर प्रकाशन, २०६३, पृ. २९ ।

[३६]. प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास,** काठमाडौं : २०६३, साउन, पृ. २२३ ।

लेखिसक्नु भएको छ र यस तेस्रो भागले क्रमागत लेखन- प्रकाशनमा उहाँ निरन्तर सक्रिय हुनुहुन्छ भन्ने सङ्केत मिल्दछ ।[३७]

- त्यस्तै "पच्चीस प्रतिभा" भाग-३ (वि.सं. २०६४ साउनको मधुपर्क) मा बालोपयोगी जीवनीहरू शीर्षकको लेखमा खगेन्द्र लुइटेलले यस्तो लेखेको पाइन्छन्- सामान्य बालकको लागि लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । बालकको उमेर स्तर र क्षमतालाई हेरेर लेख्नु पर्ने हुँदा बालसाहित्य लेखन कठिन र जिम्मेवारपूर्ण कार्य हो । आफ्नो विद्वत्ता प्रदर्शन गर्ने नर्भइ बालकको स्तर र क्षमता बुझेर त्यसै अनुरूप आफूलाई समाहित गरी लेखिएका साहित्य मात्र बालसाहित्यमा देखिन्छन् । बालक नै भविष्य निर्माणका आधार भएकाले तिनलाई जगदेखि नै यथोचित शिक्षादीक्षा दिन आवश्यक छ । वास्तवमा ठूलाका लागि लेख्नु र सानाका लागि लेख्नु धेरै फरक कार्य हो । हामी कहाँ अन्य खाले स्तरीय साहित्य सृजना गर्ने पूर्ण हैसियत राख्न असक्षम कतिपय व्यक्तिहरू बालसाहित्यकार बन्न खोजीको देखिन्छ । यहाँ बालसाहित्य लेख्न रहर गर्ने आफूलाई बालसाहित्यकार भन्न रूचाउने थुप्रै भए पनि तिनका सबै रचना बालसाहित्यमा दर्न सकिने खालका छैनन् । बालसाहित्य लेखनमा शब्दप्रयोग, वाक्यविन्यास, अनुच्छेद विभाजन, सुसङ्गठितजस्ता पक्षमा पनि उतिकै ध्यान दिनुपर्छ । यस दृष्टिबाट पनि ठूलाका लागि भन्दा बालकका लागि लेख्न बढी कठिन हुने कुरा स्पष्ट हुन्छ । नेपाली बालसाहित्यलेखन क्षेत्रमा सक्रिय व्यक्तिहरूका तातीमा बालसाहित्यकार गोपाल पराजुली पनि एक हुन् । यिनले बालकविता, कथा, निबन्ध र उपन्यास आदि लेखेको पाइए पनि अलि बढ्ता सफलताचाहिं जीवनी लेखनका क्षेत्रमा हासिल गरेका छन् । यिनका केही राष्ट्रिय विभूतिहरू बालजीवनी प्रकाशित भएका छन् । जीवनीलेखन अरू विधाभन्दा बढी

[३७] शिवप्रसाद सत्याल, 'पीठ' पच्चीस प्रतिभा, भाग-३, आमुख, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६५ ।

> अप्ठ्यारो काम हो । जीवनी लेखनका लागि बालकले प्रेरणा र प्रभाव ग्रहण गर्न सक्ने खालको अन्वेषक, आविष्कारक, वैज्ञानिक, साहित्यकार, खेलाडी आदिको प्रेरक व्यक्तित्व हुनुपर्दछ । समाज र राष्ट्रको लागि महत्त्वपूर्ण योगदान दिई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाएका व्यक्तिहरूको जीवनी पढेर बालकहरू पनि त्यस्तै सत्कार्यतर्फ उन्मुख हुन भन्ने हेतुबाट जीवनी साहित्य पढाइन्छ ।[३८]

तुलनात्मक रूपमा ऐच्छिक अभिव्यक्ति बढी गर्न पाइने प्रौढ रचनाभन्दा बालोपयोगी रचना प्राविधिक स्वभाले गर्दा बढी कठिन हुन्छ । विषयको छनोट, विषयभित्रका विभिन्न आयाम र आयतनबाट अनुपयुक्त अंश काटेर फाल्ने, चातुरी, शब्दचयन, वाक्यगठन एवम् अनुच्छेद बन्धजस्ता पक्ष अति नै प्राकृतिक बनाउनु पर्ने हुन्छ र शब्दले सोझै नभनी ध्वन्यात्मक पनि नबनाई जीवनदर्शनको सन्देश सञ्चारित गराउने दायित्व यस लेखनको मौलिक र अकाट्य धर्म हुन्छ । खासगरी बालमस्तिष्कको रुचि, संवेदना प्रस्तुति र विषयको मनोनुकूल सङ्गति गरेर बाल्यावस्थाको चञ्चल मानसिकता, चकचके स्वभाव र खेलप्रिय बुद्धिलाई मनोरञ्जन दिँदै आकर्षित गर्नुपर्ने आवश्यकता यसमा हुन्छ । जीवनीलेखन तथ्य र सत्यको यथार्थ प्रकटीकरण हो । नेपालमा जीवनी लेखनको परिपक्व परम्परा समृद्ध भइसकेको छैन । तापनि साहित्यिक विधाको रूपमा मान्यता पाइसकेको छ । साहित्यिक ऋण तिर्न र सम्मान व्यक्ति गर्न मात्र नलेखी वस्तुतथ्य समाजसमक्ष राख्न जीवनीपरक रचना गर्ने परम्परा मोतीराम भट्टले प्रारम्भ गरेका हुन् ।

“पच्चीस प्रतिभा” (भाग ३) को लेखनमा सामग्रीको सहयोगबारे उल्लेख भएको देखिन्न तर कृति पढ्दा संस्करण, आत्मनिवेदन, अन्तर्वार्ता, इतिहास एवम्

---

[३८] खगेन्द्र लुइटेल, बालोपयोगी जीवनी, मधुपर्क, २०६४ साउन ।

स्मृतिग्रन्थजस्ता प्रकाशित सुलभ सामग्रीको धेरै उपयोगी गरिएको छनक पाइन्छन् । यसले अनुसन्धानभन्दा छनोट र सम्पादन एवम् निजी धारणको त्रिवेणीबाट यस पुस्तकको जन्म भएको पाइन्छन् । यद्यपि यस पुस्तकका जीवनीमा उत्सुकताबारे आकर्षित गर्ने र सौन्दर्यात्मक तथा वैज्ञानिक रुचिलाई उद्बुद्ध गर्ने तत्त्वप्रति लेखक सचेत देखिन्छ, तापनि जाति, धर्म, क्षेत्र, भाषासम्बन्धी भावनात्मक सीमाबाट निस्की नेपालको वीरता, सहिष्णुता कलाकारिता उदारता निष्पक्षता, साधुता र सन्तोषी प्रवृत्तिभित्र पर्याप्त प्रकाश पार्ने उदात्तता झल्किन अझै नपुगेको अनुभूत हुन्छ । लेखकका पछिल्ला कृतिमा यी पक्ष अझ बढी समाविष्ट हुने अपेक्षा राख्न सकिन्छ । बालसाहित्यकार गोपाल पराजुलीले आफ्ना पुस्तकका निम्ति कथा, कविता, काव्य, निबन्ध, प्रबन्ध, शोध-सम्पादन उपन्यास, सभ्यता, संस्कृति, भाषा, कोशजस्ता विधाकास्रष्टा, सेवी र अनुरागीलाई छान्नु भएको छ । नरबहादुर भारतीको बहुमुखी प्रतिभा र योगी नरहरिनाथ, यदुनाथ खनाल एवम् रामकृष्ण शर्माजस्ताको प्रौढ विद्वत्तालाई कथ्य भाषा, सरल वाक्य, सङ्क्षिप्त प्रस्तुति र सहज शैलीमा सरक्क राख्नु कम कठिनकार्य होइन् । स्थापित प्रतिष्ठित लेखकहरूका विविध कार्यमध्ये पाएसम्म बाल्यकालका घटना र सन्दर्भ टिप्दै उपयोगी कुरा छानेर थोरै अनुच्छेदमा भन्न सक्नु लेखकीय शिल्पको उत्कृष्ट नमूना हो भने व्यक्तिगत रागविरागबाट टाढा रही तटस्थ मूल्याङ्कन गर्नु अझ कठिन धर्म हो । प्रथम त्रिभुवन प्रज्ञापुरस्कार विजयी नरबहादुर भारतीदेखि कुमुद देवकोटासम्मका पच्चीस जीवनीको यस सङ्ग्रहमा भाषासेवी, साहित्यकार कलाकार, विद्वान् समालोचक संस्कृतिविद्, तपोयोगी र सिद्धसम्मका विविधता छन् । विद्यार्थी तथा जिज्ञासुले आफ्नो रुचि र प्राथमिकताका अनुसार प्रेरणा लिन सक्ने छन् । खासगरी प्राथमिक, निम्न माध्यमिक कक्षाका विद्यार्थीका निम्ति थप स्रोतसामग्री हुनसक्ने र यी क्षेत्रका ख्याति प्राप्त व्यक्तिका जीवनीप्रतिको अभिरुचि राख्ने सबैलाई सघाउन सक्ने यस कृतिको विशेषता हो" भनी समीक्षात्मक विश्लेषण गरेको पाइन्छन् ।

- "पच्चीस प्रतिभा" (भाग १) २०६४ साल साउन ५ गते प्रकाशित मधुपर्कमा "प्रतिभा चयनमा प्रस्तुतिको पाइन" शीर्षकमा कुलप्रसाद कोइरालाले यसो भनेका छन्:-बालसाहित्यकार गोपाल पराजुली नेपाली वयष्क पाठक र बालपाठक दुबैका निम्ति नौलो नाम होइन । जीवनी बालकथा, बालउपन्यास, बालनिबन्ध र कविता सङ्ग्रहका माध्यमले पठित नेपालीका मन मस्तिष्कमा खोपिइसकेकै नाम हो । लेखेर मात्रै हुँदैन । भीमनिधि तिवारी र हरिहर शास्त्रीले कम लेखेका थिएनन् । नलेखेर पनि बाँचिदैन । पद्मप्रसाद जस्तै उदभट प्रतिभा विलुप्त नै भइसके । हो बालसाहित्यकार गोपाल पराजुली यस्तै लेखकमध्येका एक बनेर दिन प्रतिदिन नेपाली पठित समुदायका बीचमा प्रकट हुँदा छन् । दिवङ्गत साहित्यस्रष्टा र वाङमय साधकका सम्बन्धमा लेखिएका उनका "पच्चीस प्रतिभा" (भाग १) पाठक समक्ष प्रस्तुत भएका छन् । प्रत्येक प्रतिभाका सम्बन्धमा ज्ञानका पक्षको खोजतलास गरी प्रस्तुत गरेका छन् । पहिलो भागमा आदि कवि भानुभक्तबाट प्रस्थान गरी जनप्रिय कवि भूपी शेरचनमा पुगेर बिट मारिएको छ भने प्रत्येक प्रतिभाको विशिष्टताको पहिचान गरी नाम विशेषणका रूपमा पराजुलीले राखेका छन् । कतिपय पुस्तकहरू कुनै एक श्रेणीका पाठकका निमित महत्त्वपूर्ण बन्न सक्छन् परन्तु यो शृङखला सर्ववर्णी र सर्वश्रेणी अनि सर्ववर्गी समेत बनेर प्रकट भएको छ । चस्मादार प्राध्यापकदेखि लिएर सिकारु पठकका निमित अति उपयोगी हुने गरी लेख्न सक्नु लेखकीय पाइन हो । बचाऔं पुस्तक पढेर बटुल्न पर्ने सूचना, लाई एकै ठाउँमा सजाएर बालसाहित्यकार गोपाल पराजुलीले यो पुस्तकलाई पच्चीसामृत बनाएका छन् ।[३९]
- "पच्चीस प्रतिभा"(भाग ४ प्रकाशक- रत्न पुस्तक भण्डार काठमाडौँ नेपाल-प्रथम संस्करण-२०६४) पुस्तकको आमुखमा कुमारबहादुर जोशीले

[३९] कुलप्रसाद कोइराला, प्रतिभा चयनमा प्रस्तुतिको पाइन, मधुपर्क, २०६४ साउन ५ ।

यसो भनेका छन्:-काभ्रे जिल्लाअन्तर्गत भमरकोटमा वि.सं. २००२ मा जन्मेर उच्च शिक्षा हासिल गरी सरकारी जागिर खाएर रिटायर्ड भएका बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले वि.सं. २०२४ मा 'बालक' पत्रिकामा प्रकाशित भ्रमणसम्बन्धी लेखबाट साहित्यिक यात्रा शुरु गरेका हुन् । बालसाहित्यकार गोपाल पराजुलीको साहित्य यात्रा यतिखेर चार दसक लामो बनिसकेको छ । यतिन्जेलमा यिनको निम्नलिखित पुस्तकाकार कृति प्रकाशित भइसकेका भेटिन्छन्: १. केही राष्ट्रिय विभूति (भाग १-३), २. पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी, ३. हाम्रा केही प्रसिद्ध साहित्यकारहरूको जीवनी (१-६), ४. नानीको बानी (बालनिबन्ध सङ्ग्रह), ५. रूपाको साहास (बालकथा सङ्ग्रह), ६. एक दिनको यात्रा (बाल उपन्यास सङ्ग्रह), ७. समयका डोबहरू (कविता सङ्ग्रह), ८. National Heroes of Nepal -part 1-2)**,** ९. पच्चीस प्रतिभा (भाग १-३) पच्चीस प्रतिभा (भाग ४) प्रकाशित भइरहेको छ । उक्त कृतिभित्रका सबै प्रतिभाहरू दिवङ्गत रहेका छन् । बालसाहित्यकार गोपाल पराजुलीका पच्चीस प्रतिभा (भाग ४) को पहिलो विशेषता यस भित्रका लेखहरूको शीर्षक हो । प्रत्येक व्यक्ति- प्रतिभा सम्बन्धी शीर्षकमा उनले व्यक्ति प्रतिभाको मूलभूत वैशिष्ट्य खुट्टिने गरी उपयुक्त विशेषणको प्रयोग गरेका छन् । यसको अर्को विशेषता प्रतिभा चयनको भाषागत विधागत, विषयगत तथा क्षेत्रगत विविधता हो । यसरी नेपाली नेवारी संस्कृतलगायत विविध भाषा, साहित्यका विविध विधा विविध विषय तथा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेर समाजमा प्रतिष्ठित बनेका प्रतिभाहरूमा आयामका दृष्टिले हेर्दा एकाधलाई छाडेर प्रायः सबै समान-समान नै आयामका देखिन्छन् । विशिष्ट योगदानले पुऱ्याएका प्रेरक प्रतिभाहरूको जीवनवृत्तान्त बालबालिकाले सजिलैबुझ्न सकिने सरल-सुबोध भाषाशैलीको प्रयोग झन जीवनीकारको ठूलो विशेषता हो । असल

जीवनीकारमा हुनुपर्ने अध्ययनशील, तथ्यन्वयी वस्तुता आदि गुण जीवनीकारमा भएको र उक्त कुराको उत्तरोत्तर विकास हुँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।[४०]

- "पच्चीस प्रतिभा" (भाग ३, २०६४ साल साउन मधुपर्क- प्रकाशक रत्न पुस्तक भण्डार- प्रकाशनकाल २०६३ पृष्ठ ११३), शीर्षक "बालोपयोगी जीवनीहरू" मा खगेन्द्र लुइटेलले यसो भनेका छन्:- बालकका लागि लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । बालकको क्षमता, उमेर र स्तरलाई हेरेर लखिनुपर्ने हुँदा बालसाहित्य कठिन र जिम्मेवारपूर्ण कार्य हो । आफ्नो विद्वत्ता प्रदर्शन गर्ने नभई बालकको स्तर र क्षमतालाई बुझेर त्यसै अनुरूप आफूलाई समाहित गरी लेखिएको साहित्य मात्र बालसाहित्यमा दरिन्छ । नेपाली बालसाहित्य लेखनका क्षेत्रमा सक्रिय व्यक्तित्वहरूका ताँतीमा बालसाहित्यकार गोपाल पराजुली पनि एक हुन् । यिनले बालकविता, कथा, निबन्ध, उपन्यास आदि लेखेको पाइए तापनि अलि बढ्ता सफलताचाहिँ जीवनीलेखनका क्षेत्रमा हासिल गरेका छन् । बालसाहित्यकार गोपाल पराजुलीद्वारा लिखित "पच्चीस प्रतिभा" (भाग ३), एउटा महत्त्वपूर्ण कृति हो । नामबाटै यसमा पच्चीसजना प्रतिभा रहेको पुष्टि हुन्छ । यसमा १४०७ देखि १९९६ सालसम्म जन्मिएका व्यक्तिहरू राखिएका छन् र तिनको रखाइको क्रम निर्धारण जन्म, मिति, ज्येष्ठताका आधारमा गरिएको छ यसलाई वैज्ञानिक आधार मानिन्छ । यसमा समाविष्ट सबै प्रतिभाहरू दिवङ्गत भइसकेका छन् । यस कृतिमा प्रत्येकको जन्म, सिर्जना, महत्त्वपूर्ण कार्यहरू मृत्यु आदिको छोटकरी विवरण दिइएको छ । प्रत्येक प्रतिभाको तस्विर राखी कृतिलाई थप आकर्षक र बालोपयोगी तुल्याइएको छ । यसको भाषशैली बालकको स्तर अनुरूपको प्रायः सरल, सहज र स्वाभाविक छ । लेखाइमा एकरूपताको

[४०] कुमार बहादुर जोशी, पच्चीस प्रतिभा, भाग-४, आमुख, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६४ ।

अभाव लगायत कतिपय कसरमसरहरू पाइए पनि प्रस्तुत पुस्तक बालजीवनीका क्षेत्रमा महत्त्वपूर्ण कृति हो । राम्रो आकर्षक कागजमा छापेर अत्यन्त आकर्षक गातामा सजाइएको प्रस्तुत पुस्तक सम्बद्ध व्यक्तिबारे आधारभूत जानकारी प्राप्त गर्ने सबैलाई उपयोगी छ ।[४१]

- "पच्चीस प्रतिभा" (भाग ३), प्रकाशक- रत्न पुस्तक भण्डार काठमाडौँ- शीर्षक-"उपयोगी किताब" मा विमल भौकाजीले यसो भनेका छन्ः-नेपाली साहित्यको भण्डारमा धेरै लेखकहरूले आफ्ना सिर्जनाहरूलाई दर्ता गराएका छन् । ती कति पढ्न लायकका छन् । कति छैनन् यो तिनै सिर्जनामा भर पर्ने कुराहरू हो । जुन कतिपय फुटकर रूपमा छापिएर रहेका छन भने कतिपय पुस्तककार रूपमा रहेका छन् । स्पष्ट छ, स्रष्टाहरूका सिर्जित योगदानबाट पाठकहरू सामान्यतया बढी नै लाभान्वित भएका छन् ।[४२]
- त्यस्तै उक्त कृतिको सम्बन्धमा नेपाली बालवाङ्मय परिचय कोश, पहिलो संस्करण २०६५, प्रकाशन मार्टिन चौतारी २७ जितजङमार्ग थापाथली काठमाडौँ पृ.३१२) मा लेखक प्रमोद प्रधानले यसो भनेका छन्ः-कलाकार अरनिको, राष्ट्र निर्माता पृथ्वीनारायण शाह, देशभक्त भीमसेन थापा, आदिकवि भानुभक्त आचार्य, राष्ट्रपिता श्री ५ त्रिभुवन, शीर्षकमा ५ राष्ट्रिय विभूतिको जीवनी प्रस्तुत । नेपालका राष्ट्रिय विभूतिमध्ये पाँचजनाको सामान्य जीवनी यसमा प्रस्तुत छ । केही जीवनीलेख्दा सम्बन्धित व्यक्तिको प्रमुख घटनालाई विषयवस्तु बनाइएको छ भने केहीमा जन्मदेखि मृत्युसम्मका घटनालाई सरल भाषामा प्रस्तुत गरिएको छ ।[४३]

---

[४१]. खगेन्द्र लुइटेल, **बालोपयोगी जीवनीहरू**, मधुपर्क, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६३, पृ. ११३ ।
[४२]. विमल भौकाजी, उपयोगी किताब, २०६४ ।
[४३].प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचय कोश**, (काठमाडौँः मार्टिन चौतारी, २०६५) पृ.३१२ ।

यहींनेर एउटा विडम्वना जुन स्रष्टाले साहित्य संस्कृति कला लगायतका सामाजिक विषयमा योगदान दिएका छन् त्यही स्वयम् स्रष्टाका विषयमा भने कुनै खोजखबर गरिएको, सरोकार राखिएको अथवा कुनै चर्चासमेत पनि गरिएको पाइन्न । त्यो यसकारणले पनि स्रष्टा नरहे पनि सिर्जना अमर रहन्छ भन्ने उक्ति प्रचलनमा रहेको पाइन्छन् । तर यो उक्तिलाई आत्मसाथ गर्दागर्दै पनि के चाहिँ बिर्सिनु हुँदैन भने यदि स्रष्टाको अनुपस्थिति भयो भने सिर्जना हुन सक्दैन । यस दृष्टिकोणले सिर्जनाभन्दा मूलतः सिर्जनाको आधारशीलालाई बुझ्न जरुरी छ । सिर्जनाद्वारा गरियो ? किन गरियो ? कहिले गरियो ?

उपर्युक्त प्रश्नहरूको क्षतिपूर्ति साहित्यिक भाषामा सामान्यतया “जीवनी” विधाले गराउने गर्दछ । नेपाली साहित्यमा जीवनी विधा अत्यन्तै कम लेखिने गरिएको सन्दर्भमा बालसाहित्यकार गोपाल पराजुलीद्वारा लिखित पच्चीस प्रतिभा भाग-३ मा मैथिली भाषामा महाकवि विधापतिदेखि लिएर तपस्वी खप्तडबाबा, साहित्यिक सहिद कृष्णलाल, विद्वान् यदुनाथ खनाल, साहित्यिकारहरू तारिणीप्रसाद कोइराला, कुलचन्द्र कोइराला, पोषण पाण्डे एवं कुमुद देवकोटा, कविकेशरी चित्तघर हृदयसम्मका विषयमा खोजमूलक ज्ञात, अज्ञात तथ्याङ्कहरू समेटिएका थिए ।

त्यसो त जीवनी लेख्नुको नाममा कसैको सातपुस्ते नाम वतन र जन्म मरणको मृत्युसम्म मात्रै सीमित रहने पारम्परिक घेरालाई तोडेर लेखक पराजुलीले सम्बन्धित प्रतिभाको जीवनका महत्त्वपूर्ण घटनालाई समेत रोमाञ्चक तवरले पुस्तकभित्र समाविष्ट जीवनीहरूमा उल्लेख गरेका पाइन्छ ।

एउटा व्यापारिक संस्था भएर पनि नाफाभन्दा क्वालिटीमा बढी जोड दिने सिलसिलामा “पच्चीस प्रतिभा” (भाग ३) द्वारा निरन्तरता दिलाएर रत्न पुस्तक भण्डार आफू कृतज्ञ बनेकै छ । यति हुँदाहुँदै पनि पछिल्ला अन्य पूर्व प्रकाशित

पुस्तकहरूका दाँजोमा तुलनात्मक रूपले यस पुस्तकमा भाषिक गल्तीले अलिक बढी ठाउँ लिएको देखिन्छ । अन्यथा थुप्रै निजी प्रकाशन संस्थाहरूका प्रतिस्पर्धामा सधैँ खरो उत्रिएको रत्नपुस्तक भण्डारको यो पुस्तकले पनि राम्रो बजार पाउने पक्षमा मत जाहेर गर्न सकिन्छ ।

त्यस्तै, नेपालका राष्ट्रिय नायकहरू, भाग (१-२) छापिएको, तलेजु प्रकाशन, प्रथम संस्करण सन. २००० (National Heroes of Nepal Part (1-2) published–Taleju prakashan– edition–First 2000A.D.)
पाँचौ सङ्ग्रहित संस्करण २००९, पुस्तकको बारेमा - श्री बालसाहित्यकार गोपाल पराजुलीज्यूले 'केही राष्ट्रिय विभूतिहरू' पुस्तक लेख्नु भएको छ जुन भाग १ र २ गरी छापिएको छ । दुवै भागहरूले नेतृत्ववर्गबाट राम्रो प्रतिक्रिया पाउनुको साथै अङ्ग्रेजी आवासीय विद्यालयहरूबाट उक्त पुस्तकहरूको राम्रो माग आएका कारण लेखक तथा उहाँका साथी तोयानाथ भट्टराईले उक्त पुस्तकमा सङ्ग्रृहीत सामग्रीहरूलाई अङ्ग्रेजी भाषामा एउटै पुस्तकमा सङ्ग्रृहीत गर्ने निर्णय गर्नु भयो । तर पछि अङ्ग्रेजीमा पनि श्री पराजुलीले शुरुवातमा नेपाली भाषामा गर्नु भएजस्तै दुई भागमै पुस्तक प्रकाशित गरियो । जसलाई 'केही राष्ट्रिय नायकहरू- भाग १ तथा 'केही राष्ट्रिय नायकहरू- भाग २ नामाकरण गरिएको थियो । (Fifth compied 2009 A.D. About the book-Mr Gopal parajuli had written a book …Kehi Rastriya BibhutiharuÚ and published it in two parts–part1 and 2 . As both parts of the book got on well with the general leader and were in good demand on the English boarding schools. So the writers and his colleague Toyanath Bhattarai decided to render the topic materials in both parts into English and compile the renderings in one single volume. Later, it was produced into. English version in two parts–exactly as Mr parjuli had done with his Nepali original. They were Tilted …Some National Heroes Part 1Ú and Some National Heroes Part 2.)

भाग १ अन्तर्गत बुद्ध, भानुभक्त, अरनिको, पृथ्वीनारायण शाह, भीमसेन थापा तथा राजा त्रिभुवनसम्बन्धी एवं भाग २ अन्तर्गत राजा राम शाह, अमरसिंह थापा, सीता, मोतीराम भट्ट, जनक, अंशुवर्मा तथा वीर बलभद्र कुँवर सम्बन्धी सन्दर्भ सामग्रीहरू सङ्ग्रहीत थिए । (Part 1 of the English verson contained readings on Budha, Bhanubhakta, Arniko, Prithvi Narayan Shah, Bhimsen Thapa and king Tribhuvan, and part2 enclosed texts on Ram Shah, Amarsing Thapa. Seeta, Motiram Bhatta, Janak, Amshuvarma and Balabhadra kuwar.)

उक्त पुस्तक विशेषगरी माथि उल्लेखित अङ्ग्रेजीमा प्रकाशित दुवै भागहरूको एउटै सङ्ग्रह एवं पुनः प्रकाशन हो । यसमा दुई वटा पाठ्य सामग्रीहरू नयाँ छन् : पहिलो पासाङ ल्हामु शेर्पा सम्बन्धी हो जसले पुस्तकको पाठ्य महत्त्व थपेको छ । (The bool is basically the reproduction in one volum of the contens of both parts of English version referred to above. It has two new reading texts, one pasang Lhamu Sherpa which add to its neading value.)

पुस्तकमा सङ्ग्रहीत सामग्रीहरूले अन्य विविध पक्षहरूका साथै नेपालका वास्तविक महान् व्यक्तिहरूमध्ये केहीको जीवनीको अजर तथा अमर क्षणहरूको व्याख्या गरेको छ । त्यसै गरी उक्त सामग्रीहरूले हाम्रा नवीन तथा बाल (जवान) पाठकहरूलाई राष्ट्रको संस्कृति तथा संस्कार बारेमा ज्ञान प्रदान गर्छन नै त्यो भन्दा बढ्ता आफ्नो मातृभूमिप्रति गर्नुपर्ने उत्कृष्ट सेवा भावना जागरण गराउँदछ । (The contents of the book describe among other things unfading episodes from the lives of some of Nwpals real greats. They at the same time infold to our young readery culture of the country and instill in them spirit of best service to the motherland.)

पुस्तकले लामो समय अघिका नायकहरू तथा राष्ट्र निर्माताहरूको बारेमा केही हदसम्म नवीन नभएपनि धारणा तथा विचार व्यक्त गर्दछ । विशेषतः कलिला, विद्यालय तहमा विद्यार्थीहरूको भाषिक आवश्यकता तथा क्षमतालाई हृदयङ्गम गरी पुस्तक सरल अङ्ग्रेजीमा लेखिएको छ । यसलाई विद्यालय तहका साधारण अङ्ग्रेजी पाठ्यक्रमको सन्दर्भ सामग्री (पुस्तक) वा आपूर्ति सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ । -श्री वेदनाथ रेग्मीद्वारा (The book echoes, in some measures the long ago book Heroes and builders of Nepal bat is neverthe eless fresh on its treatment of the lesson to pics. It is written in simple English kooping in mind the language needs of the young readers school students in particular. It may be used as a reference, or supply mentany reader far the General English courses of the schools. By Mr ved Nath Ragmi.)[४४]

- "पच्चीस प्रतिभा" (भाग ५, प्रकाशक-रत्नपुस्तक भण्डार काठमाण्डौं नेपाल, प्रथम संस्कण २०६६) पुस्तकको आमुखमा (भूमिका) चूडामणि बन्धुले यसो भनेका छन्:-**जीवनी वास्तवमा कुनै व्यक्ति जीवनका विशिष्ट घटना र योगदानको आलेखन हो । बालसाहित्यकार गोपाल पराजुलीले दिवङ्गत प्रतिभाको मात्रै जीवनी लेखेका छन् । उनले छानेका व्यक्ति प्रतिभाहरू नेपाली भाषा साहित्यका मात्रै होइनन् नेपाली समाजकै प्रतिभा संसारभरिकै व्यक्ति प्रतिभाको योगदानबारे जानकारी दिई नेपाली शैक्षिक जगतलाई लामान्वित पुऱ्याएका छन् । देश विदेशका व्यक्ति प्रतिभाका जीवनका विशेष घटना र तिनले गरेका कार्यलाई नेपाली भाषाका माध्यमले बालबालिका समक्ष प्रस्तुत गरी जीवनीकार बालसाहित्यकार गोपाल पराजुलीले नेपाली शैक्षिक जगतमा रहेको ठूलो अभावको पूर्ति गर्नुभएको छ । उक्त पुस्तकभित्र उभ्याइएका पच्चीस प्रतिभाको नाम अगाडि प्रयुक्त विशेषणले पनि पुस्तक अध्ययन गर्न उत्प्रेणा र जिज्ञासा उत्पन्न हुन्छ ।**

---

[४४]. बेदनाथ रेग्मी, **नेपालका केही राष्ट्रिय नायकहरू**, भाग-१-२, आमुख, काठमाडौं : तलेजु, २०५७ ।

विशेष गरी (१०-१५) वर्ष उमेरका बालबालिकाको निमित्त अत्यन्त प्रेरणदायी र पढनीय देखिन्छ । जीवनीमा प्रयोग भएका भाषा शैली अत्यन्त सरल, सहस, विषयको छनौट विषय भित्रका अनुपयुक्त आयाम काटेर फाल्ने चातुरी, शब्द चयन, वाक्य गठन एवम् अनुच्छेदबन्ध बालमानसिक रुचि अनुरूप मनोवैज्ञानिकतामा ध्यान दिई चित्रसज्जा गरी तयार पार्न भएको हुँदा उक्त कृति बालोपयोगी देखिन्छ ।[४५]

- समीक्षाकै क्रममा "पच्चीस प्रतिभा" (भाग ५, प्रकाशक- रत्न पुस्तक भण्डार २०६६ साल ६ महिना ७ गते कान्तिपुर) शीर्षक-"पुस्तक समीक्षा" मा विमल भौकाजीले यसो भनेका छन्:-पच्चीस प्रतिभा भाग ५ मा अघिल्ला शृखलाका झै शीर्षक अनरूप नै २५ जना दिवङ्गत वरिष्ठ स्रष्टाहरूको जीवनी सङ्ग्रहित छन् । विशेषत त्यस पुस्तकभित्रका जीवनीहरूको के छ भने जस जसको जीवनी यसमा लेखिएका छन्, तिनीहरूको नाम अगाडि फरक फरक विशेषण दिइएको छ । भूमिकामा लेखिएको छ- मान्छे अनुकरणीय प्राणी हो । जीवनी बालबालिका, युवा र प्रौढको लागि उत्तिनै प्रेरणादायी हुन्छन् । जीवनीबाट व्यक्तिको व्यक्तित्व र उतारचढाबबाट पाठ सिक्न सकिन्छ । उक्त जीवनीहरू बलबालिकाहरूको लागि पठनीय र प्रेरणादायी छ ।[४६]
- "पच्चीस प्रतिभा" (भाग ५) "पराजुलीको पच्चीस प्रतिभा" पुनर्जागरण, २०६६ प्रकाशक- रत्न पुस्तक भण्डार- पुस्तक समीक्षाको क्रममा तुलसी भट्टराईले यसो भनेका छन्:-कुनै व्यक्ति विशेषको जीवनवृत्तान्तलाई जीवनी भनिन्छ । स-साना भाइबहिनीहरूको लागि लक्षित गरी तयार पारिएको उक्त जीवनीमा पच्चीसजना प्रतिभाको नालीबेली राखिएको छ । व्यक्तिको प्रतिभाको जन्मेदेखि मृत्युसम्मका सम्पूर्ण कार्य र घटना भेला पारेर

[४५]. चूडामणि बन्धु, **पच्चीस प्रतिभा**, भाग-५, आमुख, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६६ ।
[४६]. विमल भौकाजी, **पुस्तक समीक्षा**, कान्तिपुर, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६६, असोज ७ ।

त्यसमध्ये सकारात्मक पक्षलाई प्रेरणादायी विषयलाई छानेर जीवनी तयार पारेका पराजुलीका लेखनमा शव्द चयनमा कति मिठास छ, अति सकारात्मक दृष्टिकोण पाइन्छन् । उनको लेखनमा नकारात्मकता र बालमस्तिष्कमा प्रतिकूल असर पार्ने खालका कुराहरू हुँदैनन् ।[४७]

- "प्रतिभा"(भाग ४) मधुर्पक- वि.सं. २०६७ वैशाख पृ. ४६ शीर्षक- "पच्चीस प्रतिभा अध्ययनको कसीमा" मा समालोचक कृष्णप्रसाद दाहालले यसो भनेका छन्:-जीवनीकार बालसाहित्यकार गोपाल पराजुलीले नेपाली साहित्यमा "पच्चीस प्रतिभा" कृतिको आविष्कार गरेर दिवङ्गत साहित्यकारहरूप्रति ठूलो भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् । अग्रज एवम् दिवङ्गत आत्माप्रति लोपोन्मुख सामग्रीलाई सार्वजनिक गरेका छन् । किताबको जङ्गलबाट जीवनीपरक समालोचनाको लेखनको वैज्ञानिक गोरेटो तयार गरेका छन् । मूलतः लेखकले लेखकको कदरसम्मान गर्दै उसको जीवनीलाई सुरक्षित र व्यवस्थित गरी सार्वजनिक गर्ने परम्पराको थालनी गरेका छन् । यसर्थ उनलाई साधुवाद दिनै पर्दछ । उनी "पच्चीस प्रतिभा" (भाग ४) सम्म आई पुग्दा जीवनीपरक समालोचनाको फाँटलाई विस्तृति प्रदान गरेका छन् । जसभित्र अनुसन्धानदातादेखि लिएर समीक्षक पनि अटाएका छन् । उनको लेखमा विषयको उहनता पाइन्छन् । उनले आफ्नो लेखमा स्रष्टाको जीवनी मात्र हैन अप्राप्य दुर्लभ फोटाहरूले पुस्तकको गरिमा बढाएको छ । भाषामा राम्रो पकड बनाइसकेको पराजुली लेखकीय सीप पूर्ववर्ती सङ्ग्रहहरूमा "पच्चीस प्रतिभा" (भाग ४) खरो उत्रिएको छ । आगामी प्रकाशनमा प्राविधिक त्रुटिलाई सच्याउँदै गएको खण्डमा पराजुलीको लेखलाई कसैले औला ठड्याउने ठाउँ रहँदैन ।[४८]

---

[४७] तुलसी भट्टराई, **पराजुलीको पच्चीस प्रतिभा**, पुनर्जागरण, २०६६ ।

[४८] समालोचक कृष्णप्रसाद दाहाल, **पच्चीस प्रतिभा अध्ययनको कसिमा**, मधुपर्क, २०६७, वैशाख, पृ. ४६ ।

- "पच्चीस प्रतिभा"(भाग ५) पुनर्जागरण- प्रकाशक रत्न पुस्तक भण्डार काठमाडौँ- शीर्षक-"बालबालिकाका लागि पच्चीस प्रतिभा प्रकाशित" मा यस्तो लेखेको पाइन्छन्:- ठूला-ठूला विद्वान्हरूको योगदान कार्यक्षेत्र र त्यसका राम्रा पक्षहरूकोबारे जानकारी दिने तथा योग्य बन्न प्रेरणा दिने उद्देश्यले यस्ता परिचयात्मक जीवनी प्रकाशित गर्दै आइरहेको हो । यसै अन्तर्गत पच्चीसजना विभिन्नलेखक साहित्यकारहरूको जीवनी समेटेर पच्चीस प्रतिभा नामक कृति हालै प्रकाशित भएको छ । उक्त कृतिलेखक पराजुलीले सरल र सुबोध भाषाशैलीमा रचना गर्नु भएको छ भनी लेखेको पाइन्छन् ।[४९]
- "पच्चीस प्रतिभा" (भाग ४), प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ 'शीर्षक' अत्यन्त उपयोगी पुस्तकमा लालगोपाल सुवेदीले यसो भनेका छन्:- बालसाहित्यकार गोपाल पराजुली नेपाली बालसाहित्य फाँटका प्रसिद्ध स्रष्टा हुन् । बालकथा, बालउपन्यास, बालनिबन्ध आदि विधामा कलम चलाए । पराजुलीले जीवनी विधामा गहकिलो योगदान दिएका छन् । बालसाहित्यमा विशेष योगदान दिएकाले बालहितकारी लगायत आधा दर्जन जति पुरस्कारहरू पनि उनलाई प्राप्त छ । उनका सयौं जीवनीहरू प्रकाशित भइसकेका छन् । केही राष्ट्रिय विभूतिहरू, (भाग १-३), हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग १-६) पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी नेपाली समाज माझमा प्रस्तुत गरेका छन् । सङ्ख्यात्मक र गुणात्मक आधारमा उनको नाम जीवनी विधामा अग्रपङ्क्तिमा आउँछ ।[५०]

"पच्चीस प्रतिभा" (भाग ४) यस कृतिमा पच्चीसजना प्रतिभालाई चिनाउने कार्य गरिएको छ । थोरै शब्दमा व्यक्तिविशेषको सिङ्गै जीवन चित्रित गर्नु चुनौतिपूर्ण

---

४९. ध्रुव मधिकर्मी, **बालबालिकाको लागि पच्चीस प्रतिभा**, पुनर्जागरण, काठमाडौं : रत्नपुस्तक भण्डार, २०६६ ।

५०. लालगोपाल सुवेदी, **पच्चीस प्रतिभा**, भाग-४, काठमाडौँ: रत्नपुस्तक भण्डार, २०६४ ।

कार्य हो । सरल भाषाशैलीको प्रयोग गरी कसैको योगदान चिनारी गराउनु, राष्ट्रिय जीवनमा विभिन्न क्षेत्रमा योगदान दिएका दिवङ्गत स्रष्टाहरूका रोचक तथा प्रेरणादायी प्रसङ्ग आनीबानी उपल्लो तहको लेनदेनको जानकारी गराएर बालमस्तिष्कमा सद्भाव असल चिन्तन मानवतावादी चिन्तनको बीजारोपण गर्नु प्रस्तुत कृतिको मुख्य विशेषता हो । पराजुलीले पच्चीसवटै जीवनीहरूलाई भिन्नाभिन्नै स्वादमा पस्केका छन् । छोटो, मीठा, छरितो शैली अपनाएकाले कुनै पनि पाठ बोझिलो लाग्दैन । जुनसुकै बादलमा चाँदिको घेरा हुन्छ भने झैं हरेक जीवनी नैतिक सन्देश र प्रेरणाले भरिपूर्ण छन् । जीवनी नायकहरूको कार्यक्षेत्र फरक फरक छ । देश र जनताको भलाई हुने कार्यबाट हाम्रो जीवन सार्थक बन्दछ भन्ने कुरा नै प्रस्तुत कृतिको मुख्य निचोड थियो । कृति बाल, बृद्ध र बनिता सबैका लागि उति नै उपयोगी छ ।

बलसाहित्यकार गोपाल पराजुली (वि.सं. २००२ काभ्रे भमरकोट जेठ ९) नेपाली बालपाठकको मानसपतलमा स्थान जमाउन सफल साहित्यकारले एकसय पच्चीस (१२५) प्रतिभालाई एउटै चौतारीमा उभ्याएर नेपाली साहित्यका् भण्डार वृद्धि गरेका छन् । बाल मनोविज्ञानलाई मध्यनजर राख्दै तयार पारिएको उक्त कृति "पच्चीस प्रतिभा" (भाग १-५) मा प्रभावमय भाषाशैलीमा प्रयोग, सूत्रात्मकलेखनकला, सरल र छोटा वाक्यको प्रयोग, कर्ता, कर्म र क्रियाको संयोजन, गुणदर्शन र दोषदर्शन परम्पराबाट मुक्त रही तथ्यगत कुरालाई प्रकाश पारेका हुँदा चस्मादार पाठकदेखि सिकारुसम्मका लागि यी कृतिहरू उतिकै प्रेरणादायी र पाठनीय छ । उक्त कृतिको अध्ययनले बालबालिकाहरूमा सद्भाव, असल व्यवहार, उत्तरदायी, मलनसार, सहयोग, परिश्रमी, अध्ययनशील तथा राष्ट्र र राष्ट्रियताप्रति बफादार रही आफ्नो कर्तव्यतिर प्रयत्नशील रहने गुणको विकास गर्ने हुनाले कृतिहरूको अनुसन्धान हुन आवश्यक देखिन्छ ।

## ९. सामग्री सङ्कलन विधि

यस अध्ययनमा बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गरिने भएकोले उनको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित सामग्रीलेखक स्वयम्सँग भेटघाट सम्पर्क तथा पुस्तकालयीय विधिबाट गरिएको छ । जीवन वृत्तका निम्ति प्रश्नावली र अन्तर्वार्ता प्रक्रियालाई अपनाइनेछ । बालसाहित्यकार गोपाल पराजुलीसित पूर्ण परिचित व्यक्तित्वलाई पनि सामग्री स्रोतका रूपमा स्वीकारिएको थियो ।

## १०. शोधविधि

यस अध्ययनमा बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको चिनारी, उनका कृतिहरूकोकालक्रमिक रेखाङ्कन तथा पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका लागि परिचयात्मक विधि उपयोग गरिएको थियो ।

## ११. शोधपत्रको रूपरेखा

शोधपत्रको रूपरेखा भन्नाले यसको स्वरूपलाई देखाउँछ । 'शोध पत्र' भद्दा र आकारमा ठूलो हुनुभन्दा छोटो, मीठो, सरल अनि ओजपूर्ण भएमा नै राम्रो हुनेछ । त्यसैले यसलाई पाँच अध्यायमा विभाजन गरिएको छ :

१. अध्याय एक : शोध परिचय
२. अध्याय दुई : बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनीको अध्ययन
३. अध्याय तीन : बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्वको अध्ययन
४. अध्याय चार : बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको कृतित्वको अध्ययन एवम् मूल्याङ्कन
५. अध्याय पाँच : उपसंहार एवम् निष्कर्ष

# अध्याय : दुई

## बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनीको अध्ययन

### २.१. परिचय

यस अध्यायमा बालसाहित्य जगत्का चिरपरिचित प्रतिभा बालसाहित्यकार गोपाल पराजुलीको जीवनीको अध्ययन गरिएको छ । उहाँको जन्मदेखि लिएर नामकरण बाल्यकाल, वंशपरम्परा, पारिवारिक पृष्ठभूमि अवस्था, शिक्षा-दीक्षा आदिको चर्चा गरिएको छ । उनले प्राप्त गरेका विभिन्न पुरस्कार तथा सम्मानहरू र उनले विभिन्न साहित्यिक बौद्धिक तथा सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध रहेर पुऱ्याएका योगदानहरूको विवरण प्रस्तुत गरिएको छ । यसका साथै उनको साहित्यिक लेखनको प्रेरणा, लेखन तथा प्रकाशन उल्लेख गरी उनका साहित्यिक व्यक्तित्वहरूको विस्तृतरूपमा अध्ययन विश्लेषण गरिएको छ ।

### २. २. जन्म र नामाकरण

बालसाहित्यकार गोपाल पराजुलीको जन्म वि.सं.२००२ साल जेष्ठ ९ गतेका दिन काभ्रेपलाञ्चोक जिल्लाको भमरकोट गाउँमा पिता टीकाप्रसाद पराजुली र माता विष्णुमाया पराजुलीका साहिला छोराको रूपमा भएको थियो । जन्म नक्षत्रअनुसार बालसाहित्यकार गोपाल पराजुलीको न्वारनको नाम डोलप्रसाद पराजुली हो । मध्यम वर्गमा जन्मिएका पराजुली बाल्यकाल सुखपूर्ण बितेको थियो ।

### २. ३ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

बालसाहित्यकार गोपाल पराजुलीको पुर्ख्यौली खोज्दै जाँदा नेपालको काभ्रेपलान्चोक जिल्लाको भवरकोट गाउँसम्म पुग्न सकिन्छ । बालसाहित्यकार गोपाल पराजुलीका पिता टीकाप्रसाद पराजुली कर्मकाण्डी हुनुहुन्थ्यो । विहान सबेरै

उठेर नित्य स्नान गरेर पूजापाठ गरी सकेपछि आफ्नो दैनिक कृषक कार्यमा लाग्नुहुन्थ्यो । बालसाहित्यकार गोपाल पराजुलीका चार दाजुभाइ छन् । जेठो दाजु खड्कप्रसाद पराजुली, माहिलो दाजु कृष्णप्रसाद पराजुली, साहिलो आफैँ बालसाहित्यकार गोपाल पराजुली र कान्छो रामप्रसाद पराजुली हुन् । उनका दाजुले आफ्ना भाइलाई रुद्री, चण्डी, अमरकोश, आदि पठाएका थिए । गोपालले यी सबै पुस्तकहरु कण्ठ गरेका थिए । उनी सानैदेखि पढ्न र लेख्नमा रुचि राख्दथे ।

२.२ पराजुली जेठो दाजु पनि कर्मकाण्डीकाम गर्दथे । दाजु कर्मकाण्डी भएको हुँदा गाउँमा पूजापाठ समेत गराउदथे । दाजुले कर्मकाण्डी तथा जजमानीकार्य गर्ने हुनाले उहाँले आछना भाह बालसाहित्यकार गोपाल पराजुलीलाई पनि विभिन्न धार्मिक पुस्तक रुद्री चण्डी सिकाएका थिए । वि.सं. २०१८ सालमा जेठी दुलही विवाह चन्द्रकला पौडेलसँग सम्पन्न भयो । जेठी दुलहीबाट सन्तान नभएपछि वहाँले उनको सल्लाहअनुसार दोस्रो विवाह वि.सं. २०३५ सालमा नुवाकोट निवासी माधवी भण्डारीसँग भयो । दोस्रो दुलहीबाट वि.सं. २०३६सालमा जेठो छोरा सन्देश पराजुली र वि.सं.२०३८ सालमा कान्छो छोरा दिपेश पराजुलीको जन्म भयो । वि.सं. २०२४ सालदेखि नै जनक शिक्षा सामग्री केन्द्रमा कार्यरत रहे । अत्यन्त इमान्दार मिलनसार बालसाहित्यकार गोपाल पराजुली हाल वानेश्वर काठमाडौँमा आफ्नो परिवारसँग जीवनयापन गरिरहको छन् ।

यसरी बालसाहित्यकार गोपाल पराजुलीको छोरा छोरी गरी जम्मा पाँचजनाको परिवार देखिन्छ । उनको पारिवारिक स्थितिलाई निहालेर हेर्दा ज्यादै मेलमिलापपूर्ण, शिष्ट मृदुभाषी र सभ्य भएको पाइन्छन् ।

## २.४ बाल्यकाल र उपनयन

बालसाहित्यकार गोपाल पराजुलीको जन्ममा काभ्रेपलाञ्चोक जिल्लाको भँवरकोट अत्यन्त प्राकृतिक छटाले भरिपूर्ण रमणीय गाउँमा भएको हो । गाउँमा जन्मेका सामान्य कृषक परिवारका हुनाले उनको बाल्यकाल धनीपरिवारको जस्तो सुखमय तरिकाले वितेन कष्टप्रद थियो । उनको गाउँमा त्यतिवेला विद्यालय स्थापना भएको थिएन । भाषा पाठशाला घरबाट १ कोठा टाढा थियो । त्यहाँ उनले रुद्री, चण्डी आदि पढे । वि.सं. २०१३ सालमा विद्यालय स्थापना भयो । त्यसपछि उनी धुलीखेलको संजीवनी हाइस्कुलमा कक्षा पाँचमा भर्ना भई पढ्न थाले । तर घरको आर्थिक अवस्थाले गर्दा गाउँको गणेश प्राइमरी स्कुलमा बिहान महिनाको रु.५ मा पढाउने काम गरे । त्यस विद्यालयमा ९.० बजेसम्म पढाउने र एक कोस हिडेर आफ्नो विद्यालयमा पढ्न जाने गर्दथे । यसरी हेर्दा उनको बाल्यकाल अत्यन्त कस्टप्रद देखिन्छ । यस्तो कस्टप्रद र दुःख दायी बाल्यकाल भए तापनि वहाँ परिश्रममा विश्वास गर्ने व्यक्ति हुनाले जीवनमा कहिल्यै हार खानु भएन र गाउँमा हाँसी खुशी साथीभाइसँग गाई भई चराउँदै खेल्दै, हाँस्दै रमाउँदै बितेको थियो । बाल्यकालमा आफ्ना दाजु खड्गप्रसादबाट अक्षर चिने भने पण्डित बुद्धिनाथ सापकोटाबाट गुरुकुल शिक्षा भाषा पाठशालाबाट पाएका थिए । यसले गर्दा उनको प्रतिभा सानैदेखि देखिएको थियो ।

## २.५ युवाकाल

बालसाहित्यकार गोपाल पराजुलीको वि.सं. २०१८ सालमा उहाँ १६ वर्षको उमेरमा विवाह भएको हो । केही समय उनको पत्नी माता र पितासँग जीवन व्यतीत भएको देखिन्छ । वि.सं. २०२२ सालमा SLC .. दिन काठमाडौं आउँछन् । वानेश्वरमा बसेर जागिर खोज्न थाल्दछन् । वि.सं. २०२४ सालमा जनक शिक्षा सामग्री केन्द्रमा कार्य गर्दछन् । करिव ११ वर्षपछि वि.सं. २०३५ सालदेखि मन्त्रीपरिषद्मा कार्य गर्न थाल्दछन् । त्यस बखत उच्च राजनीतिक

व्यक्तिसँग उनको राम्रो चिनाजानी भएको थियो । वि.सं. २०४८ सालमा आएर संसद सचिवालयमा बशले कार्य प्रारम्भ गर्नु भयो । वहाँ अत्यन्त निष्ठावान, इमान्दारी, मिलनसार र कर्तव्यनिस्ठ स्वाभिमानी हुनाले जागिर जीवन अत्यन्त सुखमय नै बित्यो । जनक शिक्षा सामग्री केन्द्रकोलेखक शाखामा उनका भजिजा कृष्णप्रसाद पराजुली काम गर्नु हुन्थ्यो र उनी पनि लेख्नुहुन्थ्यो । त्यो लेखक शाखाको लेखन वातावरणले उनको युवा मानसपटल पनि प्रभावित भई अभिप्रेण जाग्न थाल्यो । यसरी उनको युवावस्था कार्यालयमा नै बित्यो ।

## २.६ अध्ययन

बालसाहित्यकार गोपाल पराजुली ब्रामण कृषक परिवारवारमा जन्मेका हुन् । उनका पिता कृषक हुनाले प्रायः समय खेतीपातीमा नै बित्थ्यो । घरको आर्थिक अवस्था मध्यम थियो । गाउँमा विद्यालय स्थापना भएको थिएन । भाषा पाठशाल घारबाट निकै टाढा थियो । गाउँमा नै छोराछोरीलाई पढाउनु पर्दछ भन्ने भावना विकास भएको थिएन । उनले आफ्ना जेठादाजु खड्ग प्र. पराजुलीबाट अक्षर चिने भने गुरुकुल शिक्षा पं. बुद्धिनाथ सापकोटाबाट प्राप्त गर्दछन् । वि.सं. २०१३ सालमा गाउँमा विद्यालय खुल्छ । जन्मजातै रोगी बालसाहित्यकार गोपाल पराजुलीले आमाको स्नेहलाई बढी मात्रामा पाएका थिए । आर्थिक अवस्था कमजोर हुँदा कक्षा पाँचको फिस तिर्न सकेनन् । त्यसपछि गणेश प्राथमिक विद्यालयमा कक्षा १ देखि ३ सम्म अध्यापन गर्न थाल्दछन् । निरन्तर रूपमा पढ्ने र पठाउने कार्यमा वि.सं.२०२१ सालसम्म लाग्दछन् । वि.सं. २०२२ सालमा S.L.C परीक्षा दिन उनी काठमाडौँ आउँछन् । उनले (२०२२ सालमा) नै तृतीय श्रेणीमा S.L.C उत्तीर्ण गर्दछन् । वि.सं.२०२४ सालदेखि जनक शिक्षा सामग्री केन्द्रमा कार्य गर्न थाल्दछन् । उनलाई उठाउन उनका माताको विशेष भूमिका भएको कुरा पराजुली स्वयं बताउँदछन् ।

## २.६ आर्थिक अवस्था

बालसाहित्यकार गोपाल पराजुलीको चार दाजुभाइ पिता र माता सहितको परिवार थियो । पिताको जागिर थिएन । कृषि नै जीवन गुजाराको माध्यम थियो । आर्थिक अवस्था कमजोर हुनाले टाढाको विद्यालयमा पढाउन पठाउने अवस्था रहेन ८ वर्षको उमेरमा पराजुली १० दिनसम्म बेहोस हुँदासम्म पनि औषधी अपचार गर्ने मेलोमिसो भएको थिएन । गाउँकै एक पण्डितले फुकेर निको भएको कुरा गाउँलेले बताउने गरेका छन् । घरैमा ठूला दाजुबाट उपहार चिनेका पराजुलीले गाउँमा विद्यालय (२०१३) खोलेपछि उनका आमाले पढ्न पढाउनु भयो । जे जसो गर्दा पनि पैसा चाहिँदो रहेछ । कक्षा पाँचमा पढ्दा फिस तिर्न गाह्रो पर्‍यो । अनि उनी श्री गणेश प्रा.वि.मा शिक्षक बन्न थाले । शिक्षक पेशाबाट रु १५ प्राप्त हुन्थ्यो । त्यसैबाट उनले पढ्न थाल्दछन् । यसरी उनले वि.सं. २०२१ सालसम्म पढाउँदै पढ्दै गरे । यसरी उनले आफ्नो जीवनमा जेजस्ता आर्थिक चुनौतीसँग पनि नडराई पौठेजोरी खल्दै अघि बढ्दछन् । दुःख पिडा र परिश्रममा समेत र कर्ममा विश्वास गर्ने निर्भिक व्यक्ति थिए। निर्भिक र कर्मशील पराजुलीले भौतिक बस्तुमा कहिल्यै लाभान्वित सम्पति नै उनले साहित्य सृजनालाई मानेका हुन् । बिहान बेलुकाको छाक टार्न आफ्नै औकात र परिश्रमले पुगेको कुरा हामी देख्न सकिन्छ ।

## २.७ वैवाहिक एवं पारिवारिक जीवन

मान्छेले जन्मेदेखि मृत्यु पर्यन्तसम्म कसैको आश्रय चाहन्छ । बालसाहित्यकार गोपाल पराजुलीको युवावस्थामा प्रवेश गरेपछि हिन्दुसंस्कार अनुरूप वि.सं. २०१८ सालमा कानपुरकी चन्द्रकुमारी पौडेलसँग विवाह सम्पन्न भयो । वैवाहिक जीवन र पारिवारिक जिम्मेवारी उनको काँधमा आयो । वि.सं.२०२२ सालमा S.L.C दिन काठमाडौँ आए । वि.सं. २०२४ सालमा जनक शिक्षा सामग्री केन्द्रमा कार्य गर्दै आफ्नो गाउँको रमाइलो वातावरणमा घुलमेल हुन पुग्दछन् । दुर्भाग्यवश उनको

पत्नी आमा बन्न सफल नभएपछि त्यस पछि वि.सं. २०३५ सालमा आफ्नी पत्नीको मृत्युले उनलाई एक्लो बनायो । आफ्ना पिताको आज्ञा र जेठी श्रीमतीको स्वीकृतिले २०३५ सालमा दोस्रो विवाह भयो र छोरा क्रमश (वि.सं. २०३६) मा सन्देश पराजुली र (वि.सं. २०३८) मा कान्छो छोरा दिपेश पराजुलीको जन्म भयो । वैवाहिक जीवन अत्यन्त आनन्द र सुखमय रूपबाट व्यतीत भएको पाइन्छन् ।

## २.९ व्यक्तिगत रुचि तथा स्वभाव

पृत्येक मानिसको आ-आफ्नै रुचि र स्वभाव हुन्छ । मान्छेको रुचिलाई परिस्थितिले गर्दा सङ्कुचित पार्न वाध्य परेको हुन्छ । बालसाहित्यकार गोपाल पराजुलीको पनि आफ्नै चाहना र इच्छा थियो होला तर घरको आर्थिक अवस्था कमजोर ठूलो परिवार हुनाले सुखसँग पढ्ने लेख्ने मौका पाएनन् तर पनि उनी ज्यादै परिश्रमी सहनशील, मिलनसार, सहयोगी स्वभावका हुनाले कष्ट प्रद र दुःखद समयमा पनि कहिल्यै आफ्नो मनलाई विचल्नी हुन दिएनन् । उनको कुनैसँग केही पनि कुराको आशा नराख्ने, अरूको निन्दा र दबाबमा पनि बस्न नचाहने, कसैसँग झगडा नगर्ने शान्त र सुशील स्वभावको थियो । घरमा आएका पाहुनालाई अत्यन्त श्रद्धापूर्वक स्वागत गर्ने र आफ्ना परिवारका सदस्यझैं व्यवहार गर्ने पराजुली साच्चै समाजको पूजनीय व्यक्तित्व हुन भन्न सकिन्छ । राष्ट्रप्रेमी जनप्रेमी व्यक्तित्व हुन् । भौतिक धन सम्पत्तिमाभन्दा बढी कर्ममा विश्वास गर्ने, सानै उमेरदेखि विद्यालयको औपचारिक कार्यक्रम जस्तै वादविवाद, हाजिरीजवाफ, प्रतियोगिता र वक्तृत्वकला प्रतियोगितामा सक्रिय सहभागिता जनाउने गर्दथे । जनक शिक्षा सामग्री केन्द्रको लेखक शाखाको प्रेरणदायी प्रभाव हुनमा परिरहेको थियो । उनले आफ्नो ३० वर्ष जागिर जीवनबाट बिदा भएपछि सहित्यमा सक्रियताका साथ लागिरहेका छन् ।

## २.१० लेखन क्षेत्रमा लाग्ने प्रेरणा

मानिस सृजशील प्राणी हो । मानिस आफ्नो जीवनकालमा थुप्रै उताव चढावको अनुभूत गरिरहेको हुन्छ । जीवन सिङ्गो भोगाईको नमूना हो । बालसाहित्यकार गोपाल पराजुलीको जीवनमा पनि विविध समयका डोब र उज्यालोले प्राभाव पारिरहेको थियो ।

सञ्जीवनी हाई स्कूलका शिक्षकद्वय रत्नदास वैद्य र दुर्गाप्रसाद शास्त्रीबाट साहित्यमा लाग्ने थप प्रेरणा पाएका थिए । जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित हुने कृतिले उनलाई ठूलो प्रभाव पार्‍यो । उनी वि.सं. २०२१ सालदेखि नै साहित्यलेखनतिर प्रवृत्त भए । जति उनी कृति प्रकाशन गर्दै जान्थे । त्यति उनका प्रशंसक र पाठक बद्दै गए । यो पनि कृति लेखनको महत्त्वपूर्ण प्रेरणा मान्न सकिन्छ । उनले हालसम्म २१ बटा कृति लेखेर प्रकाशन गरी विभिन्न पुरस्कार समेत प्राप्त गरी सकेका छन् । यी सम्मान र पुरस्कार पनि उनका लागि लेखनकार्यमा लाग्ने थप प्रेरणा बनेका छन् ।

## २.११ माता पिताको वियोग एवं अन्य वियोगास्था

मानव सभ्यताको इतिहासलाई पल्टाएर हेर्ने हो भने नानवले कयौं समय दुःख र कयौं समय सुखमा बिताएको पाइन्छन् । अन्त्यमा जे जसरी जीवनयापन गरे तापनि यो शरीर छोड्नु पर्ने यो प्रकृतिको अकाट्य विद्यमान हो । कुनै फूल फुल्छ भर्नको निम्ति । त्यस्तै सूर्य उदाउँछ अस्ताउनको निम्ति । यस्तै परिस्थितिबाट बालसाहित्यकार गोपाल पराजुली पनि अछुतो रहन सकेनन् । विधिको विधान वि.सं. २०३१ सालमा उनले मातृ वियोग खप्नु पर्‍यो । माताको वियोगले एक्लो बनेका पराजुली साहित्य सृजना गरी जीवन बिताउन थाल्दछन् । केही समयको अन्तरालमा उनले आफ्ना पिताको वियोग पनि खप्नु पर्‍यो । उनी अत्यन्त दुःखले भावविहल भए । यसरी जीवनमा उनले अनेक वियोग खपेर पनि आफ्नो

साहित्यिक यात्राबाट विश्राम लिएनन् झन् खरो भएर उत्रिए । ६५ औं वसन्त पार गरिसक्दा पनि अथक रूपमा साहित्य सृजना गर्न तत्पर भइरहन्छन् ।

## २.१२ सामाजिक योगदान

विभिन्न जात जाति धर्म, संस्कृति सम्प्रखायको समुच्चय स्वरूप समाज हो । समाज मान्छेको साझा घर हो । कयौ मानिस जन्मन्छ । मृत्युपछि उसको अस्तित्व बिलीन भएर जान्छ । त्यस्तो व्यक्ति मात्र शिखर व्यक्तित्वको रूपमा सुपरिचित हुन्छन् । जसले समाजमा अविस्मरणीय योगदान दिन्छन् । त्यस्तै अविस्मरणीय योगदान दिने व्यक्तित्वमध्ये बालसाहित्यकार गोपाल पराजुली पनि एक हुन् । ठूला भाषण र आदर्श छटिर मात्र राष्ट्र निर्माण हुन्छ भन्ने धारण आजको युगमा झुठो सावित भइसकेको छ । घरैमा बसेर पनि राष्ट्र निर्माणको निमित्त योगदान पुऱ्याउन सकिन्छ भन्ने कुरालाई बालसाहित्यकार गोपाल पराजुलीले साबित गरी दिएका हुन् । राष्ट्र निर्माणको बलियो खम्बा नै आजका बालबालिका हुन् । ती कलिला बालबालिकालाई सानै उमेरदेखि असल र आदर्शवादी प्रकृतिले प्रभावित पार्न सकेमा स्वतः राष्ट्रप्रति उत्तरदायी र जिम्मेवार बन्ने कुरामा दुई मत नहोला । यही कुरालाई मध्यनजर राख्दै उनले निम्न कृतिहरू प्रकाशन गरी समाजमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् :

**कृतिहरू :**

केही राष्ट्रिय विभूतिहरू (भाग १, २, ३)

पाँचप्रसिद्ध वैज्ञानिकहरूका जीवनी

हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग १ देखि ६)

नानीको बानी (वाल निबन्ध सङ्ग्रह)

रूपाको साहस (बालकथा सङ्ग्रह)

एक दिनको यात्रा (बालउपन्यास)

पच्चीस प्रतिभा भाग १-५ सम्म यसरी विभिन्न कृति प्रकाशनको साथै ती विभिन्न साहित्यिक संघ संस्थामा लागेको पाइन्छन् । सुनकोसी साहित्यिक प्रतिष्ठान, बालसाहित्य समाज, बाल विकास समाज वासुशशी प्रतिष्ठानमा संलग्न भई सामुदायिक योगदान पुऱ्याउँदै आएको पाइन्छन् ।

## २.१३ साहित्य तथा प्राज्ञिक सहभागिता

साहित्य समाजको दर्पण हो । हरेक मानवको दुःखिरहेको मनको घाउमा मलमपट्टी लगाउने र मनभित्रका कण्ठित भावलाई बाहिर व्यक्त गर्ने कार्य साहित्यले गर्दछ । मानवमा नयाँ बिहनीको आशा र चेतना जगाउने कार्य पनि यसले गरेको हुन्छ । कुहिरोभित्र हराएर बसेको काग जस्तै सही दिशा ठम्याउन नसकी अँध्यारोमा रुमलिएको मनलाई सत्य र उज्यालोतर्फ डोऱ्याउने कार्य साहित्यले गरेको हुन्छ । बालसाहित्यकार गोपाल पराजुलीले विद्यालयबाट आयोजित वादविवाद, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्व कला, निबन्ध, कविताजस्ता विविध औपचारिक कार्यक्रममा संलग्न भई आएको कुरा उनकै मुखारवृन्दबाट थाहा हुन्छ । बालक चिचिला र बालसाथीजस्ता पत्र-पत्रिकामा बाल लेख रचना प्रकाशित गर्दै मधुपर्क, गोरखापत्रमा लेख-रचना प्रकाशित गर्दछन् । हाल पनि उनी विभिन्न साहित्यिक संघ, संस्थाजस्तो वाणी प्रकाशन, सनुकोशी साहित्यिक प्रतिष्ठान, बाल साहित्य समाज, बाल विकास समाज, बासुशशी प्रतिष्ठानमा संलग्न भई निरन्तर रूपमा कृति प्रकाशन गर्द आइरहेका छन् ।

## २.१४ पेसा

मानिसले आफ्नो जीवन निर्वाह गर्न कुनै न कुनै उद्योगधन्दा अनि पेसा अपनाएको हुन्छ । बालसाहित्यकार गोपाल पराजुलीले पनि आफ्नो जीवन गुजारा

गर्न वि.सं.२०२४ सालमा जनक शिक्षा सामग्री केन्द्रमा कार्य गर्न थाल्दछन्न । उक्त ठाउँमाबाट केही लेखन अभ्यास र अनुभव प्राप्त गर्नु भएका पराजुलीले वि.सं. २०३५ सालमा मन्त्रीपरिषदमा कार्य गर्न थाल्दछन् । उक्त समयमा ठूला राजनीतिक नेता एवं व्यक्तित्वबाट प्रेरणा र अनुभव समेटेर वि.सं.२०४८ सालमा संसदसचिवालयमा कार्य सम्पादन गर्दछन् । पराजुली अत्यन्त कर्मशील, निष्ठावान्, इमान्दार व्यक्ति हुन् । उनले आफ्नो पेसा अनुशासित र इमान्दार भई कार्य गरेको थाहा हुन्छ । शुरुमा गणेश प्रा.वि.मा शिक्षक पेसा गरी विभिन्न प्रशासनिक अनुभव सँगालेका पराजुली हाल बालसाहित्य लेखनमा तल्लीन देखिन्छन् ।

## २.१५ पुरस्कार एवंसम्मान

मानिसको जीवन त्यतिबेला सार्थक हुन्छ, जुनवेला उसले गरेको कार्यप्रति समाजले सम्मान गर्दछ । त्यस्तै विविध किसिमका पुरस्कार एवम् सम्मान प्राप्त गर्न बालसाहित्यकार गोपाल पराजुली पनि सफल भएका हुन् । उनको योगदानको कदर गरी प्रदान गरेका पुरस्कार तथा सम्मान यस प्रकार छन् :

१. राष्ट्रिय बाल पुरस्कार (२०४३ र २०४८)

२. अन्तर्राष्ट्रिय बालवर्ष बालकथा पुरस्कार (इ.१९९०)

३. बालहितकारी पुरस्कार (२०५७)

४. बालहितकारी पुरस्कार (शिशु सेवा सदन, २०६०)

५. रत्न बालकोष सम्मान (२०५८)

६. सुनकोसी साहित्य सृजना सम्मान(२०६०)

७. देवकुमारी बालसाहित्य पुरस्कार (२०६५)

८. बालसाहित्य प्रतिष्ठानद्वारा अभिनन्दित (२०६६)

## २.१७ निष्कर्ष

बालसाहित्यकार गोपाल पराजुली तीस वर्षपछि जागिरे जीवनबाट सेवामुक्त भएपछि हाल वानेश्वरमा बसी साहित्य सृजना गरिरहेका छन् । उनी कुनै एक क्षेत्रमा मात्र सीमित नभई शिक्षक, कर्मचारी, समाजसेवी, विज्ञ, कवि, लेखक आदि क्षेत्रसँग सम्बद्ध यावत् क्षेत्रमा भेट्न सकिन्छ । यिनै विविध क्षेत्रमा विस्तारित भएर नै उनको व्यक्तित्व मौलाएको पाइन्छन् । उनका व्यक्तित्वका विविध पाटाहरू एकअर्कासँग सम्बद्ध नभई एकअर्काका परिपोषक र उपजका रूपमा पनि रहेका छन् । उनको शिक्षक, प्रशासक तथा साहित्यिक व्यक्तित्वको तुलनामा अन्य व्यक्तित्वको स्थान केही गौण रूपमा रहन जान्छ । अझ समग्र व्यक्तित्वको पक्षलाई साहित्यकार व्यक्तित्वले उछिनेको देखिन्छ । उनलाई नेपाली पृष्ठभूमिमा साहित्यिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । नेपाली वालसाहित्यलाई बढी उर्वर बनाउन बढी सफलता प्राप्त गर्न सक्नुले पनि उनको साहित्यिक व्यक्तित्व सह्रानीय बन्न पुगेको छ ।

# अध्याय तीन

## बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्वको अध्ययन

### ३.१ परिचय

हरेक मानिसको आ-आफ्नो किसिमको व्यक्तित्व हुन्छ । स्वयम्ले जीवनमा भोगेका विविध घटना प्रतिघटना तथा कियाप्रतिकियाले महत्त्वपूर्ण भूमिका खेलेको हून्छ । यसका अतिरिक्त उसको सहज र स्वभाविक गुणको साथै पारिवारिक पृष्ठभूमि, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेश तथा वातावरण र शिक्षादीक्षाको पनि उतिकै भूमिका रहन्छ । यिनै कुराहरूको आधारमा कुनै व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । बालसाहित्यकार गोपाल पराजुली यी दुबै गुण भएका व्यक्ति हुन । यसर्थ उनको व्यक्तित्वको समष्टिगत अध्ययन गर्नका लागि उनको जीवनीको विविध पक्ष शिक्षादीक्षा, सामाजिक, सांस्कृतिक परिवेश आदिलाई आधार बनाउनु उपयुक्त हुन्छ ।

### ३.२ निजी व्यक्तित्व /शारीरिक व्यक्तित्व

वैयक्तिक शारीरिक दृष्टिले ज्यादै राम्रा देखिने बालसाहित्यकार गोपाल पराजुली गोरो अनुहार, पुष्ट निधार, खाल्टा पर्न लागेका गाला फुल्न थालेका कपाल, ठिक्कको नाक, ठूला ठूला बान्की परेका आँखा, मिलेका दाँत ठिक्कको शरीर, निकै हँसिला देखिन्छन् । व्यवहार अत्यन्त सरल, मृदुभाषी मन्दमुस्कानले गर्दा हरेक उमेर र वर्गका मानिससँग उनको समान सम्बन्ध रहेको देखिन्छ । एकै ठाउमा स्थिर भएर रहन नसक्ने, बालसाहित्यकार गोपाल पराजुली विभिन्न साहित्यिक संधसस्थामा बेलाबेलामा जाने आउने र निरन्तर विभिन्न साहित्यिक पत्रपत्रिका तथा पुस्तक अध्ययन गरिरहन्छन् । प्रायः जसो साहित्य सृजनामा नै उनको समय व्यतीत भएको देखिन्छ । सानातिना घटनाले उनको निजी जीवनमा प्रत्यक्ष्य असर

पार्दैन । यथासम्भव सफा लुगा र साधा खाना मन पराउँछन्  । झट्ट हेर्दा शास्त्रआस्त्रको भरिपूर्ण ज्ञानी, उपकारी, सहयोगी तथा प्रभावशाली ओजस्वी र भावुक देखिन्छन् । आत्माबल मजबुत हुनाले सामान्य रोगले उनलाई छुन सक्दैन । उनी विशेषगरी ढाकाको टोपी, मसिनो बुट्टेदार कोट, पाइट, कमिज र चश्मा, छालाको जुत्ता लगाउँदछन् । चिया, चुरोट, सुर्तिजस्ता कुनै पनि लागु पदार्थ सेवन गर्दैनन् । उनी मन तातो पानी पिउन मन पराउँदछन् । र्धमशास्त्रद्वारा निर्देशित नित्यपूजापाठ जपतपले झट्ट हेर्दा बालसाहित्यकार गोपाल पराजुली तपस्वी जस्तै देखिन्छन् ।

## ३.३ पारिवारिक व्यक्तित्व

जीवनका कहाली लाग्दा उतार चढाबसहित निर्भिकताकासाथ पौठेजोरी खेल्न खप्पिस बालसाहित्यकार गोपाल पराजुली वागमती अञ्चल काभ्रे जिल्ला भमरकोट गाउँमा वि.सं. २००९ जेठ ९ गते श्री टीकाप्रसाद पराजुली र माता विष्णुकुमारीको साहिँला छोरको रूपमा परिचित छन् । बाल्यकालदेखि नै तीक्ष्णबुद्धि भएकाले आफ्नै दाजु खड्गप्रसाद पराजुलीबाट अक्षर चिनाउने काम भयो । पं.बुद्धिनाथ सापकोटासँग गुरुकुल शिक्षा प्राप्त गरे । बाल्यकालदेखि नै पढाइप्रति ज्यादै अभिरुचि भएको हुनाले उच्च स्थानसम्म पुग्न सफल भए । बालसाहित्यकार गोपाल पराजुली निष्ठावान्, परिश्रमी र कर्ममा बदी विश्वास गर्ने साहित्य अनुरागी हुनाले आफ्नो जीवनका हरेक वसन्त साहित्य सिर्जनामा नै खर्चिनु मन पराउँछन् । पराजुलीले आफ्नो परिवार र छरछिमेकमा आफ्नो नाम अग्रस्थामा स्थापित गराउन सफल भएका छन् । आफ्नो धर्मपत्नी श्रीमती माधवी पराजुलीको कुशल अभिभावकत्वबाट उनका छोराहरूको पालनपोषण भएको थियो र सानो उमेरमा अलि बढी बिरामी हुने भएकाले आमाको माया बदी पाएका पराजुली चााडै नै आफ्नो मुटुभन्दा प्यारी माताको वियोग सहनु परे तापनि आफ्नो परिश्रम र मिहिनेतले यहाँसम्म आइपुगेका हुन् ।

सामाजिक वर्गका हिसाबले हेर्दा बालसाहित्यकार गोपाल पराजुलीलाई निम्न माध्यम वर्गमा सकिन्छ । उनको धार्मिक धरातल हिन्दु सनाटन नै हो । उनको पारिवारिक वातावरण पढाइ र साहित्य सृजना अनुकूलै रह्यो । साहित्य सृजनामा पनि उनलाई परिवारमा कसैले भेट्न सक्दैनन् । अग्ररूपमा नै रही साहित्य सृजनाका हिसाबको परिवारमा सबैलाई उछिनेको देखिन्छ । पारिवारिक प्रत्येक सदस्यहरूको सरल स्वभाव उच्च विचारका साथै कर्तव्यपरायण भएकाले पठनपाठन र लेखनमा पनि उनलाई व्यक्तित्व निर्माणका लागि सहज बन्यो फलस्वरूप अग्ररूपमा स्थापित हुन पुगे । उनको साहित्यप्रतिको क्रियाशीलता अथक परिश्रमले बालक, युवा, वयष्क, तथा प्रौढको सामु परिचित छन् ।

### ३.४ धार्मिक व्यक्तित्व

आध्यात्मिक धार्मिक समृद्धताले व्यक्तिको भौतिक विकासमा ठूलो टेवा पुऱ्याउँछ । मानिसमा आध्यात्मिक परिवर्तन नआइकन व्यक्तित्व विकास हुन गाह्रो पर्दछ । बालसाहित्यकार गोपाल पराजुलीको परिवार नै आस्तिक र आध्यात्मिक हुनाले पूजापाठ, तीर्थ गर्ने चलन उनका बाजेका पालादेखि चली आएको पाइन्छन् । बालसाहित्यकार गोपाल पराजुलीको आध्यात्मिक व्यक्तित्वको विशेषताका रूपमा देखिने पुरोहित व्यक्ति हो । उनी आफ्ना भेगका जजमानमा पण्डितका रुपमा पराजुली सुपरिचित छन् । संस्कृत साहित्यमा लघु सिद्धान्त कौमुदीसम्मका धार्मिक पुस्तक अध्ययन गरी व्याकरण शिक्षासमेत हासिल गरी त्यस समयमा अग्रणी शिक्षितका रूपमा स्थापित भएकोले आफ्ना छिमेकमा आइपरेका धार्मिक विषयको समस्याबारेमा उनले निर्णय दिने गर्दछन् । उनका पिता टीकाप्रसाद पराजुली पनि त्यस भेगका योग्य पुरोहितका रूपमा कहलिएका हुनाले वंशानुगत संष्कारको प्रभावद्वारा पण्डित एवम् पुरोहित स्वतः बन्न पुगेका थिए ।

गाउँमा छिमेकमा यज्ञहरूका साथै अतिरिक्त विशेष पर्वहरूमा स्थानीय मन्दिरहरूमा उनले मनमोहन गर्ने खालका धार्मिक प्रवचन नैतिक उपदेश दिने गर्दथे । बालसाहित्यकार गोपाल पराजुलीको व्यक्तित्वमा पण्डित व्यक्तित्वका साथै धेरथोर दार्शनिक व्यक्तित्वको आभास पाइन्छन् । उनको उक्त व्यक्तित्वलाई हिन्दुदर्शनका वेदान्त आदि ग्रन्थहरूको अध्ययन मननले पनि अरू तीब्र तुल्याएको महसुस हुन्छ । विशेष गरी निस्वार्थ सेवामय जीवन व्यतीत गर्नु र मृत्युपछि परमार्थ सुधारका लागि आत्मचिन्तन वा निवृत्तमार्ग अपनाउनु उनको मूलध्येय रहेको देखिन्छ ।

## ३.५ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले उसले एक आपसको सहयोगको अपेक्षा राख्दछ । मानिस चेतनशील सर्वश्रेष्ठ प्राणीको हिसाबले आफूखुशी सुन्दर बन्नेतर्फ उन्मुख पनि हुन्छ । सहयोग, सद्भाव, सहमति र सहकार्य नै समाज विकासको सुन्दर रूप हो । यस्तो सदाचार गुणको विकास गर्न मानिसले आफूलाई नैतिकवान र आध्यात्मिक आचरण आत्म कृपा, गुरुकृपा र ईश्वरकृपाबाट पाउन सकिन्छ । यिनै तीन कृपाबाट समाज शिक्षित घर आदर्श भएमा समाज आदर्श बन्न सक्छ । समाज आदर्श भएका खण्डमा देश अदर्श हुन्छ भन्ने विश्वास उनले गर्दछन् । त्यस्ता मानिसहरूमा सदासर्वदा सतर्क रहनुपर्दछ भन्ने दर्शनवादी विचारलाई समाज समक्ष प्रस्तुत गर्दछन् । ठूलाठालुको विभिन्न प्रकारको शोषणले समाजलाई राम्रो बाटोमा हिड्न दिंदैन भन्ने विचार अगाडि सार्नछन् । बालसाहित्यकार गोपाल पराजुलीले विधार्थी जीवनदेखि नै अत्यन्त प्रभावशाली साहित्य सृजना गर्ने व्यक्ति भएकाले साहित्यको माध्यमबाट समाज सुधार्न सकिन्छ भन्ने विश्वास राख्दथे ।

### ३.६ अध्ययनशील व्यक्तित्व

अध्ययन सुन्दर व्यक्तित्व निर्माणको प्रमुख आधार तत्त्व हो । अध्ययनले मानिसलाई सक्षम, सक्रिय, मजबुत आत्मबल प्रदान गर्नुका साथै जीवनमा आइपरेका विविध समस्यालाई सरल ढंगले निराकरण गर्ने सहनशीलता, विनम्रताजस्ता असल गुणको विकास गर्दछ । यसले व्यक्तिलाई गुणी उपकारी बनाउन सहयोग पुऱ्याउँछ । बाल्यावस्थादेखि नै अध्ययनमा अभिरुचि भएका बालसाहित्यकार गोपाल पराजुलीले आफ्ना दाजुबाट धरैमा अक्षर चिन्ने काम गरे र औपचारिक शिक्षा भने बुद्धिनाथ सापकोटाबाट पाए । बाल्यावस्थादेखि नै कापीकलम भन्ने बितिक्कै आकर्षित हुन्थे । निम्न मध्यम वर्गको परिवार भएका कारणले सजिलैसँग अध्ययन गर्ने वातावरण उनलाई प्राप्त भएन । कक्षा पढ्दा पढ्दामा श्री गणेश प्रा. वि.का शिक्षक बन्न पुगे । अत्यन्त सघर्षशील एवं चुनौतिपूर्ण जीवनसँग पनि कति पनि हार नखाई शिक्षक र विधार्थीको भूमिका निर्वाह गर्दै वि.सं. २०२२ सालमा धुलीखेलको संजीवनी मा..वि .बाट S.L.C परीक्ष दिए । तेस्रो श्रेणीमा एस.एल.सी. उत्तीर्ण भएपछि उनी कलेज पढ्न काठमाडौँ आए । विभिन्न समस्याको बाबजुत पनि उनले वि.ए.सम्मको अध्ययन पूरा गरे । विशेष गरी उनले आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरू साहित्य अध्ययनमा गरेको देखिन्छ । उनले लघु सिद्धान्त, कतैमुदी, धार्मिक पुस्तक पनि अध्ययन गरेका पाइन्छन् । उनले प्रसिद्ध साहित्यकारहरूको जीवनी वैज्ञानिकहरूको जीवनी, विभूतिहरूको जीवनी आदिको गहन अध्ययन गरी हालसम्म २१ वटा कृति प्रकाशन गरिसकेका छन् । त्यस्तै उनी विभिन्न साहित्यिक प्रकाशनमा आबद्ध रहि आफ्नो अमूल्य अनुभव र क्षमताको माध्ययमबाट विभिन्न कृति प्रकाशन गर्न सफल भएका हुन् । यसरी उनले साहित्य सेवा गरी देश र जनताको ठूलो सेवा गरेका छन् ।

## ३.७. सङ्घर्षशील व्यक्तित्व

बालसाहित्यकार गोपाल पराजुलीले बाल्यकालदेखि नै संघर्ष गरेको पाइन्छन् । किसान गाउँमा विद्यालयको अभाव थियो । रोगी शरीर आर्थिक अभावको खाल्डोले गाजेका पराजुलीले आफ्नै घरमा दाजुबाट अक्षर चिने । आमाको बदी माया पाएका पराजुलीले प्र.बुद्धिनाथ सापकोटाबाट औपचारिक शिक्षा प्राप्त गरे । कक्षा पाँचमा पढ्दा आर्थिक संकतले ग्रस्त पारेपछि श्री गणेश प्रा.वि. (कक्षा १ देखि ३) सम्म पढाउन प्रारम्भ गरे । २ घण्टाको पैदल यात्रा गरी संजीवनी मा.वि..मा अध्ययन गर्न आउने पराजुलीले वि.सं. २०२२ सालमा एस. एल.सी. परीक्षा तेस्रो श्रेणीमा उत्तीर्ण गरे । आफ्नो चाँजोपाँजो मिलाई उज्ज्वल भविस्य निर्माण गर्न हरवखत प्रयत्नशील रहदारहदै (वि.सं. २०३१) सालमा माताको निधन भयो । माताको निधनले उनको जीवनमा अर्को सघर्षको तगारो थपियो । घरव्यवहार जागिर अनि आफ्नो रोगी शरीर भएका कारण जीवन निर्वाह गर्न गाह्रो पर्‍यो । तैपनि परिश्रमी र सृजनशील भएकाले उनले कहिल्यै हार खाएनन् । आफ्ना पिताको सल्लाहअनुसार पहिलो विवाह २०१८ सालमा र सन्तान प्राप्त नभए पश्चात् दोस्रो विवाह २०३५ सालमा भएको थियो । उनका दुई छोराहरू अत्यन्त सुशील शिक्षित र मिलनसार छन् । परिश्रमी, इमान्दार जिम्मेवार पराजुलीले वि.सं. २०२४ मा जनक शिक्षा समाग्री केन्द्रमा र वि.सं. २०३५ सालमा मन्त्रीपरिषदमा र २०४८ सालमा संसद सचिवालयमा कार्य गर्न पुग्दछन् । तीस वर्षे जागिरे जीवनयापन गरेका पराजुलीले वानेश्वरमा ६ कोठा घरमा तल्लो कोठामा एक कवल भाडामा दिएका छन् । अन्य कोठा आफूले प्रयोग गरेको देखिन्छ । उनको संघर्षशील व्यक्तित्व सुन्दा जो कोहीलाई पनि गर्वले हृदय आल्लादित हुन्छ सन्तोषको अनुभूतिले अन्तर मनमा आनन्दको प्रत्याभूति हुन्छ ।

## ३.८ बहुभाषी व्यक्तित्व

बालसाहित्यकार गोपाल पराजुलीको मातृभाषा नेपाली हो । नेपाली भाषा पराजुलीले आमाकोकाखदेखि सिक्न मौका पाए । घरमा सबैले नेपाली भाषा बोल्ने भएकोले र मातृभाषा नेपाली भएकोले सानैदेखि पराजुलीले नेपाली भाषामा नै पढे । प्र.बुद्धिनाथ सापकोटाबाट विभिन्न धार्मिकग्रन्थ जस्तैःकौमुदी लघु सिद्धान्त आदि अध्ययन गर्ने मौका प्राप्त भएको थियो । नेपाली भाषामा राम्रो पकड भएका पराजुलीले २१ बटा कृतिलेखेर बालसाहित्य जगतम ठूलो सहयोग पुऱ्याएका छन् । पराजुलीले जति नेपाली भाषामा दक्षता प्राप्त गरेका छन् त्यस्तै अंग्रेजी भाषामा पनि सक्रिय देखिन्छन् । उनले (National Heroes of Nepa; part 1-3) प्रकाशन गरेर बालसाहित्य जगत्मा ठूलो टेवा पुऱ्याएको आधारमा उनमा बहुभाषिक व्यक्तित्वको चिनारी पाउन सकिन्छ ।

### ३.९ पत्रकार व्यक्तित्व

भावुक र चिन्तनशील व्यक्ति कहिल्यै स्थिर भएर बस्दैन । त्यस्ता व्यक्तित्वहरू समाज र राष्ट्रप्रति चिन्तनशील कल्याणकारी र सदा हित र उन्नति चाहन्छन । समाजमा घटित सङ्गति, विसङ्गति, पीडा, विद्रोह बेथिती उजागर गरी विविध बाटा अपनाएर मानव समाजलाई सही दिशा निर्देश गरिरहेको हुन्छ । त्यस्तै सधैँ समाज राज्य र जनताको भलो चाहने बालसाहित्यकार गोपाल पराजुलीले विभिन्न साहित्यिक समाजमा आबद्ध रही पत्रिका प्रकाशनमा भरपर्दो रूपबाट टेवा पुऱ्याउँदै आएका छन। उनी सुनकोसी, बालसाहित्य समाज, बालविकास साहित्य समाज, सिद्धिचरण श्रेष्ठ प्रतिष्ठान, वासुशशी प्रतिष्ठानको सदस्य भई बालक पत्रिका र शिशु पत्रिकाको सम्पादक भई कार्य गर्दै आएको पाइन्छन् । उनको हरेक पत्रपत्रिका अध्ययन गर्ने प्रवृत्तिले झन पत्रकारितातर्फ झुकाब रहेको अनुभव गर्न सकिन्छ ।

पराजुलीले मधुपर्क, युवामञ्च, काभ्रेपोष्ट बालक, चिचिल्ला, बालसाथीजस्ता पत्रिकामा बालसाहित्यिक रचनाहरू प्रकाशित गर्दै आइरहेका छन् । फाँटफुट रूपमा गोरखा पत्रमा पनि कविताकाव्य सृजनाहरू प्रकाशित हुन थालेको देखिन्छ ।

## ३.१० साहित्यिक व्यक्तित्व

विधार्थी जीवनबाट नै साहित्य सृजनामा रहेका बालसाहित्यकार गोपाल पराजुलीका व्यक्तित्वका पाटाहरूमध्ये साहत्यिकार व्यक्तित्व नै सबैभन्दा महत्त्वपूर्ण सृजनात्मक पाटो हो । वि.सं. २०२४ सालदेखि साहित्य यात्रा प्रारम्भ गरी चारदसक पार गरी सकेका पराजुली नेपालका केही विभूतिहरू, प्रसिद्ध साहित्यकारहरू, प्रसिद्ध पाँच वैज्ञानिकहरूको जीवनीहरू, बाल उपन्यास सङ्ग्रह, बाल कथा सङ्ग्रह, बाल निबन्ध सङ्ग्रह, (National Heroes of Nepa; part 1-2) र पच्चीस प्रतिभाहरूको जीवनीलेखन क्षेत्रमा कलम चलाएका पराजुलीका हालसम्म २१ ओटा कृतिहरू प्रकाशित भइसकेका छन् । नेपाली बालसाहित्यका विविध विधामा कलम चलाउन सफल पराजुलीको साहित्यिक व्यक्तित्वलाई प्रबल बनाउने प्रमाणहरू उनकै कृतिहरू नै हुन । बालसाहित्यकार गोपाल पराजुलीका साहित्यिक व्यक्तित्वलाई निम्नानुसार देखाउन सकिन्छ :

### १. जीवनी लेखन व्यक्तित्व

नेपाली बालसाहित्यका ध्रुवतारा बालसाहित्यकार गोपाल पराजुली बालकदेखि प्रौढहरूको सामु चिरपरिचित छन् । राष्ट्रको सेवा खाली सारगर्भित भाषण, बन्दुक बोकेर प्रशासनिक पद धारणा गरेर मात्र गरिदैन । घरैभित्र बसेर पनि गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरणको रूपमा बालसाहित्यकार गोपाल पराजुलीलाई लिन सकिन्छ । उनले चार दशकको अन्तरालमा निम्न प्रसिद्ध जीवनीहरू प्रकाशित गरेका छन् :

१. केही राष्ट्रिय विभूति (भाग १ वि.सं. २०४५)

क)  कलाकार अरनिको

ख)  राष्ट्रिनिर्माता पृथ्वीनारायण शाह

ग)  देशभक्त भीमसेन थापा

घ)  आदिकवि भानुभक्त आचार्य

ङ)  राष्ट्रिपिता श्री ५ त्रिभुवन

२. केही राष्ट्रिय विभूति (भाग २)

क.  गौतम बुद्ध

ख.  न्यायप्रेमी राम शाह

ग.  वीर अमारसिंह थापा

घ.  कवि मोतीराम भट्ट

३. केही राष्ट्रिय विभूति (भाग ३ वि.सं. २०५५)

क.  ज्ञानी जनक

ख.  नेपाली छोरी सीता

ग.  पराक्रमी अंशुवर्मा

घ.  वीर बलभद्र कुँवर

४. पाँचप्रसिद्ध वैज्ञानिकहरूको जीवनी (वि.सं. २०४६)

क.  जोहन गुटेनवर्ग

ख.  ग्यालिलियो

ग.  मार्कोनी

घ.  अलेक्जेन्डर ग्रामबेल

ङ.  माइकल फेराडे

५ हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग १ वि.सं. २०४६)

क)	आदिकवि भानुभक्त आचार्य

ख)	कवि मोतीराम भट्ट

ग)	पण्डित चक्रपाणि चालिसे

घ)	पण्डितराज सोमनाथ सिग्द्याल

ङ)	कविशिरोमणि लेखनाथ पौड्याल

च)	महाकवि लक्ष्मीप्रसाद देवकोटा

छ)	नाटककार बालकृष्ण सम

६ हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग २ वि.सं. २०५३)

क)	इतिहास शिरोमणि बाबुराम आचार्य

ख)	वैज्ञानिक नरबहादुर भारती

ग)	कवि धरणीधर कोइराला

घ)	इतिहासकार सूर्यविक्रम ज्ञवाली

ङ)	नेपाली भाषासेवी पारसमणि प्रधान

च)	अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान

७. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ३ वि.सं. २०५८)

क.	भाषासेवी पुष्कर शमसेर

ख.	कथाकार भवानी भिक्षु

ग.	युगकवि सिद्धिचरण श्रेष्ठ

घ.	नेपाली साहित्यका ध्रुवतार विश्वेश्वरप्रसाद कोइराला

ङ.	उपन्यासकार सुश्री पारिजात

८. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ४ वि.सं. २०५९)

क.	पहिलो बालसाहित्यकार जयपृथ्वीबहादुर सिंह

ख. भाषसेवी महानन्द सापकोटा

ग. साहित्यकार बदरीनाथ भट्टराई

घ. नाटककार विजय मल्ल

ङ. कवि भूपी शेरचन

९ हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ५ वि.सं. २०५९)

क. आशुकवि शम्भुप्रसाद ढुङ्गेल

ख. कथाकार गुरूप्रसाद मैनाली

ग. नाटकार गोपाल पाण्डे असीम

घ. कवि गोपालप्रसाद रिमाल

ङ. कवि हरिभक्त कटुवाल

१०. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ६ वि.सं. २०६०)

क. नाटककार भीमनिधि तिवारी

ख. कवि केदारमान व्यथित

ग. साहित्यसेवी पूर्णप्रसाद ब्राम्हण

घ साहित्यकार एवम् चित्रकार लैनसिंह बाङदेल

ङ. उपन्यासकार दौलतविक्रम विस्ट

३.९.२ निबन्धकार व्यक्तित्व :

११. नानीको बानी (बाल निबन्ध सङ्ग्रह, वि.सं. २०५२)

क. हाम्रो सम्झने बानी

ख. दसैँ आयो खाउँला पिउँला

ग. रमाइलो दिन श्रीपञ्चमी

घ. हाम्रो लागि निन्द्रा

ङ.	नानीको बानी

च.	भ्रमणको महत्त्व

छ.	हाम्रो समय

१२ रूपाको साहस (बाल कथा सङ्ग्रह वि.सं. २०५६)

क.	रूपाको साहस

ख.	दुःख दिनु राम्रो होइन

ग.	हेलाको फेला

घ.	लोभी पसल्नी

ङ.	घमण्डको नतिजा

१३. एकदिनको यात्रा (बाल उपन्यास वि.सं. २०५७)

१४. समयका डोबहरू (वि.सं. २०५२ कविता सङ्ग्रह)

. तिम्रो जन्म

. रित्तोकोठा

. बालकप्रति

. नयाँ बिहानी

. मैले देखेँ

. समयका डोबहरू

. जिन्दगीको यात्रा

. तिम्रा प्रणहरू

. लौन उठौं

. आफूलाई चिन

. मेरो राष्ट्र र म

- यो फूलबारी
- वर्षाआयो
- अनवरत श्रृंखला
- युवा
- हिमकन्या
- फूल
- युवा हामी जुट्ने छौं
- आऊ पौरख गरौं
- मान्छे भई बाँचौ
- पर्खदा पर्खदै
- दुर्घटना
- तिमीलाई सम्झँदा
- छरिएका सपना
- हाम्रो देश

१५. नेपालका राष्ट्रिय नायकहरु भाग १-२

१६. पच्चीस प्रतिभा

- पच्चीस प्रतिभा भाग १
- पच्चीस प्रतिभा भाग ३
- पच्चीस प्रतिभा भाग ४
- पच्चीस प्रतिभा भाग ५

### ३.११ अनुवादक एवं अन्वेषक व्यक्तित्व

बालसाहित्यकार गोपाल पराजुली प्रसिद्ध बालसाहित्यकार हुन् । उनले नेपाली भाषा साहित्य र संस्कृतिमा दिएको योगदान निकै सह्रानीय देखिन्छ । उनले

हालसम्म २१ ओटा कृति प्रकाशन गरेका छन् । त्यसमध्ये (National Heroes of Nepal part 1-2 ) अंग्रेजी भाषामा उनको किताब तोयनाथ भट्टराईले अनुवाद गरेका हुन् । अंग्रेजी भाषामा अध्यापन गराउने विद्यालयहरूमा उक्त कृतिले थप सहयोग र प्रेरणा विधार्थीहरूलाई दिएको पाइन्छन् । उनले नेपालको संस्कृति क्षेत्रमा पुऱ्याएको योगदान बारे चर्चा गर्दा उनका कृतिहरूलाई नै प्रमुख आधार मान्नु पर्ने हुन्छ । उनले नेपाली साहित्य जगत्मा ओभ्रेलमा परेका प्रतिभाहरूलाई खोजेर अप्राप्य फोटोहरू समेत संकलन गरी कृतिमा उल्लेख गरेका छन् । यति मात्र नभई विश्वप्रसिद्ध वैज्ञानिकहरूको जीवनी पनि प्रकाशन गरी २१ औ शताव्दीको वैज्ञानिक युगको चमत्कारी पूर्ण विश्वको छोटो परिचय र ज्ञान दिने प्रयास गरेका छन् । उनको यो अन्वेषक र खोजपूर्ण प्रवृत्तिले नेपाली साहित्यलाई धनी बनाएको छ ।

## निष्कर्ष

बालसाहित्यकार गोपाल पराजुलीकार्यबाट सेवामुक्त भई काठमाडौँको बानेश्वरमा बसी साहित्य सृजना गरिरहेका छन् । उनले साहित्यका विविध विधा जीवनी, कथा, उपन्यास र निबन्ध आदि लेखेर विशेष गरी प्राथमिकदेखि नि.मा.वि .तहसम्मका विधार्थीहरूलाई राष्ट्रप्रेम प्रेरणादायी प्रत्याभूति दिइरहेका छन् । उनको जीवनको भोगाइ, सामाजिक वातावरण, जागिरे अनुभव नै साहित्य सृजनाको परिपोषक उपज मान्न सकिन्छ । अशक्त र रोगी शरीरको पर्वाह नगरी निष्ठा राष्ट्रप्रेमको लागि दृढ संकल्प लिई धरातलमा पुगेका पराजुलीसाहित्यमा सधैं तल्लीन देखिन्छन् । रातो दिन साहित्यमा रम्ने, हाँस्ने प्रकृतिले नेपाली साहित्य भण्डारलाई उर्वर पार्दै आफ्नो साहित्यिक व्यक्तित्वलाई पनि सह्रानीय बनाएका छन् ।

# अध्याय चार

# बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको कृतित्वको अध्ययन एवम् मूल्याङ्कन

## ४.१. परिचय

नेपाली बालसाहित्य जगतका प्रसिद्ध साहित्यकार बालसाहित्यकार गोपाल पराजुलीका कृतिहरुको विस्तृत रुपमा अध्ययन र विश्लेषण गरिएको छ । वि.सं.२०२१ सालदेखि साहित्य यात्रा प्रारम्भ गरेको पाइन्छन् । कर्तव्य निष्ठ अथक परिश्रमी पराजुली हालसम्म साहित्य साधनामा लागिरहेका छन् । उनले नेपालका सृजनशील प्रतिभाशाली व्यक्तित्वहरूको जीवनी, निबन्ध, कविता, कथा र उपन्यास विधामा कलम चलाए तापनि उनको ध्यान बालसाहित्यक जीवनीमा केन्द्रित भएको देखिन्छ । भण्डारलाई धनी बनाएका छन् । उनका यी रचनाहरूलाई यस अध्यायमा विस्तृत रूपमा विवेचना र विश्लेषण गरी देखाउनु वाञ्छनीय देखिन्छ । उनका प्रकाशित कृतिहरूको यहाँकालक्रमिक अध्ययन गर्नुका साथै मूल्याङ्कन गरिएको छ ।

### ४.१.१. जीवनीको परिचय एवम् परिभाषा

जीवनीको सम्बन्धमा(अर्थ) नेपाली बृहत् शब्दकोश अनुसार : जीवनभर गरेकाकाम कुराको क्रमबद्धलेख वा कथन जीवन चरित्र, जीवन चरित्र भन्ने बुझिन्छ । इन्साइक्लोपिडियामा जीवनी बारे यसरी परिभाषित गरेको पाइन्छन् :

जीवन चरित्र भन्नाले पुस्तक वा निबन्धको रुपमा वा अन्य रुपमा जस्तै चलचित्र, व्यक्ति तथा समयको बारेमा लेखिएको व्याख्यात्मक लेख वा कृति बुझिन्छ । त्यस्तै स्वजीवन चरित्र भन्नाले लेखक स्वयंको जीवन चरित्र वा जीवन चरित्र कसको हो उसैले भनेको आधारमा लेखिएको जीवन चरित्र बुझिन्छ । जीवन

चरित्र जीवनको व्यक्तिगत तथा सामाजिक तथ्यहरु (शैक्षिक कार्य, सम्बन्ध तथा मृत्यु आदि) को विवरण मात्र होइन । त्यो भन्दा ज्यादा व्यक्तिको विभिन्न क्रियाकलाप सम्बन्धी अनुभव संग्रह हो । यसले व्यक्तिको सूचना विवरण वा व्यक्तिगत विवरण व्यक्त नगरी उस⁄ उनको उत्कृष्ट समयको कथामा केन्द्रीत हुनुका साथै माया, प्रेम तथा पारिवारिक सम्बन्ध तथा अनुभवको व्याख्या पनि गर्दछ । त्यस्तै व्यक्तिको व्यक्तित्व सम्बन्धी विश्लेषण पनि संलग्न गरिएको हुन सक्दछ । जीवन चरित्रले व्यक्तिको जीवनका सम्बन्धमा सम्पूर्ण पक्ष समेट्न सकेको खण्डमा उत्कृष्ट मानिन्छ । सामान्यतया जीवन चरित्र लेख्ने कार्यमा काल्पनिकता प्रयोग गरिंदैन । तर काल्पनिकताको प्रयोग गरेर पनि व्यक्तिको जीवन चरित्र प्रस्तुत गर्न सकिन्छ । एउटा विस्तृत गहन प्रकारको जीवन चरित्र समेटाइलाई उत्तराधिकार लेखन भनिन्छ ।

जीवन चरित्र मृत्युको नवीन आतंक मध्ये एक हो -जोन अर्वुथनोल

जब मेरो दैनिकी आउँछ तब धेरै शालिकहरु तल पर्छन ।

Biograply : Abiography is a description or account of someontÚs life and the time, which is usually published in the form of a book and or an essay, or in some other form, such as a film. An qutobiography (Auto biography Fself" giving self–biography), is a biography of a personÚs life written or told by that some person. A biography is same more than a list of unpersonal facts (eduealian work, relationships, and death) it also portrays the subjects experience of those events. Unlike a profile or cussiculum vitae. (resome), a biography presents the subjects story highlight horious aspects of his or her life, including intimate details of experiences, and may include an analysis of the subjects pursonatily.

A work is biography if it covers all of a persons life. As such biographical works are usuall not fiction, but piction can also be

used to pritray a personÚs life . One in depth form of biographical coverage is called legacy writing together, all biographical works from the grere . Known as biography, in literaterne film and other forms of oneadia

FBiography is one of the new terrors of death”

John arbuthnol

Fwhen my Journal coppears, many statues must–come down”

Duke of Wellingtons Arthur Wellesley.

**साहित्यको सम्बन्धमाः**

मानव मन भित्रका अनुभूतिलाई सशक्त रूपमा अभिव्यक्ति गर्ने प्रमुख माध्यम साहित्य हो । मानव सभ्यताको विकाससँग सँगै यसले पनि आफ्नो पखेटा उठाएको देखिन्छ । प्राचीनकालमा मानिसले आफ्नो व्यथा-कथा र जीवन गाथालाई प्रस्तुत गर्ने क्रममा साहित्यको जन्म भएको देखिन्छ । विश्व साहित्यका उद्गम स्थल पाश्चत्य जगतलाई मानिन्छ । पश्चिमबाट नै साहित्यले आफ्नो सैद्धात्तिक स्वरूप निर्धारण गरेको देखिन्छ । ग्रिसेली साहित्यकारहरूले विभिन्न विधामा कलम चलाएर साहित्यको चरमोत्कर्ष रूपमा विकास गरेका छन् । प्राचीन ग्रिसेली साहित्यको परिष्कारवादी धारा ई.पू. दसौ शताब्दीका महाकाव्यकार होमरले ”इलियड” र ”ओडिसी” जस्ता विश्व विख्यात मौलिक सृजनात्मक महाकाव्य विश्व सामु खडागरी पाश्चात्य इतिहासको गौरव उच्च राखे । उनले इलियड मा ग्रिसेली वीरहरूका युद्ध र उनीहरूको पतनको दुःखद कथा प्रस्तुत गरेका छन् भने ”ओडिसी” मा ग्रिसेली युद्धका वीर योद्धा ओडिससको यात्रा वर्णन गरेका छन् । त्यस्तै सफ्फो पिन्डार, एस्किलस, सोफोक्लिज, युरिपाइडिज एरिष्टोफेनसजस्ता ग्रिसेली साहित्यकारहरू र प्लेटो र अरिष्टोटलजस्ता दार्शनिक चिन्तकहरूले विश्व साहित्यकै इतिहासमा चर्चित र ख्याति प्राप्त गरेका छन् ।

साहित्यको सम्बन्धमा विभिन्न विद्वान्हरूले यसरी परिभाषित गरेका छन् ।

**प्लेटोका अनुसार** :-"जीवन र जगतको अनुकरण नै साहित्य हो ।" भनी आफ्नो साहित्य सिद्धान्तमा प्रस्तुत गरेका छन् ।

**बुचरका अनुसार** :-"अनुकरणको अर्थ मूलको पुनसिर्जना हो । वस्तुजस्तो छ ठीक त्यस्तो होइन्, इन्द्रियलाईजस्तो प्रतीत हुन्छ । त्यस्तो रूपमा प्रस्तुत गर्नु अनुकरण हो ।" भनेका छन् ।

**स्कर्ट जेम्मसकानुसार** :-"साहित्यमा वस्तुपरक जीवनको अङ्कन हुन्छ । जसलाई हाम्रो भाषामा कलात्मक पुनः निर्माण भन्न सक्छौ" भनेका छन् ।

**नेपाली बृहत शब्दकोश अनुसार** :- साहित्य- सहित हुनाको भाव, गुण वा अवस्था रहेको स्थिति । कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषयसम्बन्धी ग्रन्थलेख आदि इतिहास पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथा सम्भव सजाई रचिएको गद्य वा पद्य कृतिकाल्पनिक र भावुकतापूर्ण पद्यमय रचना (कविता खण्डकाव्य, महाकाव्य, नाटक, कथा रउपन्यास) आदि भन्ने बुझिन्छ ।

### ४.१.२ जीवनी साहित्यको परिचय

मौलिक सृजनशील व्यक्ति प्रतिभाको जीवन चरित्र नै जीवनी साहित्य हो । कुनै व्यक्ति विशेषले आफ्नो जीवनभर गरेका सृजनशील आदर्शकार्यहरूको क्रमबद्ध रूपमा वर्णन गरिएकोलेख नै जीवनी साहित्य हो, साहित्य भाव अभिव्यक्तिको प्रमुख माध्यम हो। प्रतिभाशाली र उत्तरदायी व्यक्ति प्रतिभाले जीवनलाई सार्थक बनाउन उपयोगी कृतिहरूको रचना गर्दछ । सृजनाले व्यक्ति प्रतिभालाई समाजमा अमर र परिचित बनाउँछ । जीवनी साहित्य पनि त्यस्तोलेख हो, जसले दिवङ्गत

प्रतिभाको सोध खोज, छलफल, अन्तर्वार्ता, वस्तुतथ्यको जानकारी लिई यथार्थ जीवन गाथाको प्रस्तुती गर्दछ । जीवनी साहित्यले कृतिकार र कृतिको लेखाजोखा, मूल्याङ्कन समीक्षा र विश्लेषण गर्दछ । जीवनी साहित्य साहित्यको यस्तो विधा हो, जसले सृजनशील प्रतिभालाई शसक्त रूपमा समाजमा प्रस्तुत गर्दछ ।

### ४.१.३ पश्चिममा जीवनी साहित्यको विकास

साहित्यको उद्गम स्थल पाश्चात्य जगतलाई मानिन्छ । साहित्यको चरमोत्कर्ष रूपमा विकास पाश्चात्य जगतले गरेको देखिन्छ साहित्यको जन्म विकास र सैद्धान्तिक स्वरूपको निर्धारण पनि पाश्चात्य मुलुकबाट भएको दखिन्छ । जीवनी साहित्यको विकास पनि १८ शताब्दीतिर डा.जोन्सनको जीवनी बारेमा बोसवेलले आफ्नो कृति (Life of Samuel Johnson (1791) उल्लेख एवम् विश्लेषण गरेबाट नै जीवनी साहित्यलेखन परम्परा प्रारम्भ भएको देखिन्छ ।

२० औ शताब्दीमा आएर पाश्चात्य मुलुक जीवनीलेखन शैलीमा नयाँपनको प्रारम्भ भयो । मनोविश्लेषणलाई प्रमुख आधार बनाएर 'Freud' ले Leonardo da vinci (1910) को जीवनी लेखे ।

त्यस्तै (Henry AdamsÚssf (education of uery ) Adams (1918) मा प्रकाशित कृतिमा उनले मूर्त बस्तु देखाएर अमूर्तवस्तुको ज्ञान प्रदान गरी जीवनी साहित्य सृजना गर्ने परम्पराको विकास गरेको पाइन्छन् । (इन्सा्इक्लोपेडियाबाट पृ...........)

### ४.१.४ पूर्वमा जीवनी साहित्यको विकास

पूर्वमा जीवनी साहित्यको इतिहास केलाएर हेर्ने हो भने संस्कृत कलात्मक महाकाव्य परम्परासम्म पुग्नुपर्ने हुन्छ । (ई.१-४७०) सम्मको समय कलात्मक

महाकाव्यको समय हो । यस समयमा पाणिनीले जाम्बवती विजय'जस्तो उच्च अलङ्कार पूर्ण एवम् कल्पनात्मक र भावयुक्त महाकाव्य सृजना गरे भने त्यसपछि अयोध्यावासी ब्राम्हमण पुत्र अश्वघोषका दुई महाकाव्य सौन्दरानन्द र बुद्ध चरित देखा पर्दछन् ।

सौन्दरानन्दमा बुद्धको उपदेशबाट उनका सुन्दरी पत्नीलाई त्यागी बौद्धधर्मको दीक्षा लिएको घटना छ भने सरल भाषा शैलीमा रचित बुद्ध चरितको व्याख्या विश्लेषणबाट नै संस्कृत साहित्यमा जीवनी साहित्यकोलेखन प्रारम्भ भएको देखिन्छ ।

नेपाली साहित्यमा जीवनी साहित्यको केन्द्रीय प्रतिभाको रूपमा माध्यमिककालीन कवि मोतीराम भट्टलाई लिन सकिन्छ । यिनले आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र (१९४८)मा प्रकाशन गरी नेपाली साहित्यमा जीवनीलेखन परम्पराको थालनी गरेका थिए । आदि कवि भानुक्त आचार्यको जीवनी-वि.सं. १८७१ असार २९ तनहुँ जिल्ला रम्घाचुँदी) लाई मोतीराम भट्टले बनारस लगेर छपाए । भानुभक्तले रामायणजस्तो बृहत् महाकाव्यलाई नेपाली भाषामा अनुवाद गरी एकातिर धार्मिक आस्थालाई बलियो पारे भने अर्कोतिर नैतिकताको विकास गरे । नेपाली साहित्य जगतमा भानुभक्त कहिल्यै नअस्ताउने तारा भई उदाहणीय रहे । उनको राष्ट्र, राष्ट्रियता र भाषा संस्कृति र जातिप्रतिको अगाध माया स्नेह र उत्तरदायीत्वलाई समाजमा ल्याएर उजागर गर्ने कार्य भने युवा कवि मोतीराम भट्टले गरे । यसै बेलादेखि नेपाली साहित्य इतिहासमा प्रतिभाको योगदानबारे मूल्याङ्कन लेखाजोखा गरी कदर गर्ने मजबुत समालोचना विधाको विकास भएको देखिन्छ । यसै धरातलमा टेकेर नेपाली बालसाहित्यका सुपरिचित साहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले जीवनी साहित्यलेखनकार्यको श्री गणेश गरे । उनको जीवनी साहित्यलेखन नेपाली साहित्य समालोचनामा आधारित छ ।

### ४.१.५. साहित्य लेखन प्रेरणा र थालनी

मानिस चेतनशील प्राणी हो । मानिसले आफूले देखेका, भोगेका दु:ख, सुख, पीडा आदि मनभित्र सञ्चित भएर बस्छ । उचित समय र परिस्थितिले यी सुन्दर भावनाहरू मुखरित भएर बाहिर निस्कन्छ । यसै भोगाईको क्रममा आफ्नो गाउँको सन्जीवनी मा.वि. मा हुने गरेको हाजिरी जवाफ, वादविवाद, तथा कविता प्रतियोगिताजस्ता औपचारिककार्यक्रममा सहभागी हुन्थे । यस्ता साहित्यिककार्यक्रमले उनमा साहित्यप्रति अनुराग अभिवृद्ध हुन थालेको थियो । चर्चित साहित्यकार कृष्णप्रसाद पराजुलीको लेखन र प्रकाशनले उनमा विशेष साहित्यिक प्रेरणा उजागर भएको हो । वि.सं. २०२१ सालदेखि उनले बालसाहित्य यात्रा थालनी गरेका थिए । मानिसले आफूले अनुभूत गरेका सम्पूर्ण भोगाईहरू स्मरण गरी राख्न सक्दैन । ती सम्पूर्ण भोगाईलाई लिखित रूपमा प्रस्तुत गर्न सकेमा स्परण चिरस्थायी रपमा रहन्छ । पराजुलीले पनि यसै सन्दर्भमा विभिन्न बालोपयोगी कृतिहरू लेखेका छन् । आधुनिक विश्व नवीन ज्ञान र शिक्षाले अत्यन्त व्यापक हुँदै गएको अवस्थामा आजका बालबालिकालाई पाठ्य-पुस्तकमा मात्र सीमित गर्नु हुँदैन, उनीहरूको चौतर्फी विकासको लागि विभिन्न ज्ञानबर्द्धक साहित्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा त्यसतर्फ बालकहरूलाई नजिक्याउनु पर्ने धारणा पराजुली राख्दछन् । साहित्य सृजनाको उद्देश्य सत्यताको उद्घाटन र असत्यताको पक्षप्रति सजक रही समाजलाई सत्मार्गतर्फ डोऱ्याउनु हो । साहित्य स्वतन्त्र विधा हुनाले कुनै वाद, सिद्धान्तमा सीमित रहँदैन ।

यसै सिलसिलामा पराजुलीले जीवनी विधालाई अंगाली साहित्य सृजना गर्न थाले । साप्ताहिक विमर्श वर्ष .१ अङ्क ९, २०५९ माघ १६ गते विहिवार 'प्रेरक व्यक्तित्व' अन्तर्गत 'बालबालिकालाई पाठ्यपुस्तक मा मात्र सीमित गर्नु हुँदैन' भन्ने शीर्षकको लेखमा मदन कृष्ण सिलवालले भनेका छन् :-"वि.सं. २००२ साल जेठ

९ भमरकोटकाभ्रेमा जन्मनु भएका बालसाहित्यकार गोपाल पराजुली बालसाहित्यमा अग्रसर हुन कृष्णप्रसाद पराजुलीले मुख्य प्रेरणा दिनुभएको र वि.सं. २०२१ सालदेखि बालसाहित्यमा प्रवेश गरी 'बालक' पत्रिकामा आफ्ना रचना प्रकाशन गर्नुभएको थियो । यस भनाइबाट पनि कृति जन्माउने प्रेरणा आफ्ना भतिजा कृष्णप्रसाद पराजुलीबाट प्राप्त गरेको कुरा स्पस्ट हुन्छ । बालसाहित्यकार गोपाल पराजुलीले वि.सं. २०२१ सालदेखि बालसाहित्यमा प्रवेश गरेका हुन् । उनले वि.सं. २०१३ सालमा लिथो पत्रिका 'ज्ञानसागर' मार्फत् जीवनीलेख्न थालेका हुन् । वि.सं. २०२४ मा विधापिठद्वारा 'पन्ध्र तारा' र नेपाली साहित्य निकाले । सर्वप्रथम भानुभक्तजस्ता साहित्यकार र अमरसिंहजस्ता वीरको विषयमा जीवनी लेखेका हुन् । आजसम्म उनका २१ ओटा पुस्तककाकार कृतिहरू प्रकाशित भईकेका छन् । उनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

१. केही राष्ट्रिय विभूति (भाग १, २०४५)

२. केही राष्ट्रिय विभूति (भाग २, २०४५)

३. पाँचप्रसिद्ध वैज्ञानिकहरूको जीवनी (२०४५)

४. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग १, २०४६)

५. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग २, २०५३)

६. नानीको बानी-बाल निबन्ध सङ्ग्रह) (२०५३)

७. समयका डोबहरू (कविता सङ्ग्रह) (२०५३)

८. केही राष्ट्रिय विभूति (भाग ३, २०५५)

९. रूपाको साहस (बाल कथा सङ्ग्रह) (२०५६)

१०. एक दिनको यात्रा (बाल उपन्यास) (२०५७)

११. National Heroes of Nepal part– 1 (२०५७)

१२. (National Heroer of Nepa; part )2 (२०००)

१३. ह्रम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ३, २०५८)

१४. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४, २०५९)

१५. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ५, २०५९)

१६. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ६, २०६०)

१७. पच्चीस प्रतिभा (भाग १, २०६०)

१८. पच्चीस प्रतिभा (भाग २, २०६२)

१९. पच्चीस प्रतिभा (भाग ३, २०६३)

२०. पच्चीस प्रतिभा (भाग ४, २०६४)

२१. पच्चीस प्रतिभा (भाग ५, २०६५)

विधागत रूपमा उनका कृतिहरू निम्नलिखित आधारमा वर्गीकरण गर्न सकिन्छ।

१ जीवनीसँग सम्बन्धित कृतिहरू

क केही राष्ट्रिय विभूति (भाग १, २०४५)

१. कलाकार अरनिको

२. राष्ट्र निर्माता पृथ्वीनारायण शाह

३. देशभक्त भीमसेन थापा

४. आदिकवि भानुभक्त आचार्य

५. राष्ट्रपिता श्री ५ त्रिभुवन

ख केही राष्ट्रिय विभूति (भाग २, २०४५)

१. गौतम बुद्ध

२. न्याय प्रेमी राजा राम शाह

३. वीर अमरसिंह थापा

४. कवि मोतीराम भट्ट

ग केही राष्ट्रिय विभूति (भाग ३)

१. ज्ञानी जनक

२. नेपालकी छोरी सीता

३. पराक्रमी अंशुवर्मा

४. वीर बलभद्र

घ पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी (२०४५)

१. जोहन गुटेनवर्ग

२. ग्यालिलियो

३. मार्कोनी

४. अलेक्जेन्डर ग्रामवेल

५. माइकल फेराडे

ङ. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू साहित्यकारहरू (भाग १, २०४६)

१. आदि कवि भानुभक्त आचार्य

२. कवि मोती राम भट्ट

३. पण्डित चक्रपाणि चालिसे

४. पण्डित सोमनाथ सिग्देल

५. कवि शिरोमणि लेखनाथ पौडेल

६. महाकवि लक्ष्मीप्रसाद देवकोटा

७. नाटककार बालकृष्ण सम

च हाम्रा केही प्रसिद्ध साहित्यकारहरू साहित्यकारहरू (भाग २, २०५३)

१. इतिहास शिरोमणि बाबुराम आचार्य

२. वैज्ञानिक नरबहादुर भारती

३. कवि धरणीधर कोइराला

४. इतिहासकार सूर्यविक्रम ज्ञवाली

५. नेपाली भाषासेवी पारसमणि प्रधान

६. अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान

छ. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू साहित्यकारहरू (भाग ३, २०५८)

क. भाषासेवी पुष्कर शमसेर

ख. कथाकार भवानी भिक्षु

ग. युगकवि सिद्धिचरण श्रेष्ठ

घ. नेपाली साहित्यका ध्रुवतार विश्वेश्वरप्रसाद कोइराला

ङ. उपन्यासकार सुश्री पारिजात

ज. हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४, २०५९)

१. पहिलो बालसाहित्यकार जय पृथ्वीबहादुर सिंह

२. भाषासेवी महानन्द सापकोटा

३. साहित्यकार बदरीनाथ भट्टराई

४. नाटककार विजय मल्ल

५. कवि भूपी शेरचन

झ हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ५, २०५९)

१. आँशु कवि शम्भुप्रसाद ढुङ्गेल

२. कथाकार गुरूप्रसाद मैनाली

३. भाषासेवी गोपाल पाण्डे 'असीम'

४. नाटककार गोपालप्रसाद रिमाल

५. कवि हरिभक्त कटुवाल

ञ हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ६, २०६०)

१. नाटककार भीमनिधि तिवारी

२. कवि केदारमान व्यथित

३. साहित्यसेवी पूर्णप्रसाद ब्राम्हण

४. साहित्यकार एवम् चित्रकार लैनसिंह बाङ्देल

५. उपन्यासकार दौलतविक्रम बिष्ट

ट पच्चीस प्रतिभा (भाग १ २०६०)

१. आदिकवि भानुभक्त आचार्य (रा.वि. भाग १)

२. कवि मोतीराम भट्ट (रा.वि. भाग २)

३. पहिलो बालसाहित्यकार जयपृथ्वीबहादुर सिंह (४ प्र.सा)

४. इतिहास शिरोमणि बाबुराम आचार्य (प्र.सा.भाग २)

५. कविधरणीधर कोइराला (प्र.सा.भाग २)

६. साहित्यकार एवम् नेता विश्वेश्वर कोइराला (प्र.सा.भाग ३)

७. कुशल गद्य साहित्यकार चक्रपाणि चालिसे (प्र.सा.भाग १)

८. आँशुकवि शम्भुप्रसाद ढुंगेल (प्र.सा.भाग ५)

९. भाषसेवी महानन्द सापकोटा (प्र.सा.भाग ४)

१०. इतिहासकार सूर्यविक्रम ज्ञवाली (प्र.सा.भाग २)

११. कवि शिरोमणि लेखनाथ पौडेल (प्र.सा.भाग १)

१२. नाटककार बालकृष्ण सम (प्र.सा.भाग १)

१३. महाकवि लक्ष्मीप्रसाद देबकोटा (प्र.सा.भाग १)

१४. नेपाली भाषासेवी पारसमणि प्रधान (प्र.सा.भाग २)

१५. पण्डितराज सोमनाथ सिग्देल (प्र.सा.भाग १)

१६. नाटककार गोपालप्रसाद रिमाल (प्र.सा.भाग ५)

१७. अमर साहित्यकार हृदयचन्द्र सिंह प्रधान (प्र.सा.भाग २)

१८. प्रतिभाशाली भाषासेवी पुष्कर शमशेर (प्र.सा.भाग ३)

१९. कथाकार भवानी भिक्षु (प्र.सा.भाग ३)

२०. युगकवि सिद्धिचरण श्रेष्ठ (प्र.सा.भाग ३)

२१. साहित्यकार बदरीनाथ भट्टराई (प्र.सा.भाग ४)

२२. कथा र नाट्यसाहित्यका प्रतिभा विजय मल्ल(प्र.सा.भाग ४)

२३. कवि केदारमान व्यथित (प्र.सा.भाग ६)

२४. उपन्यासकार पारिजात (प्र.सा.भाग ३)

२५. जनप्रिय कवि भूपी शेरचन (प्र.सा.भाग ४)

ठ पच्चीस प्रतिभा (भाग २, २०६२)

१. नाटककार पहलमानसिंह स्वाँर

२. साहित्यकार दीर्घसेवी ऋद्धिबहादुर मल्ल

३. उपन्यासका एवम् शिक्षासेवी रुद्रराज पाण्डे

४. कथाकार गुरुप्रसाद मैनाली

५. उपन्यासका स्रष्टा रूपनारायण सिंह

६. कवि युद्धप्रसाद मिश्र

७. सम्पादक तथा साहित्यकार काशीबहादुर श्रेष्ठ

८. नाटककार तथा कथाकार भीमनिधि तिवारी

९. भाषासेवी गोपाल पाण्डे 'असीम'

१०. अनुसन्धानकर्ता नयराज पन्त

११. लेखक तथा हाँस्यव्यङ्ग्यकार केशवराज पिँडाली

१२. दार्शनिक साहित्यकार चूडानाथ भट्टराई

१३. इतिहासकार बालचन्द्र शर्मा

१४. साहित्यकार जनकलाल शर्मा

१५. विद्वान् साहित्यसेवी पूर्णप्रसाद ब्राम्हण

१६. समालोचक डा.ईश्वर बराल

१७. साहित्यसेवी डा. डिल्लीराम तिमलसिना

१८. साहित्यकार एवम् चित्रकार लैंनसिंह बाङ्देल

१९.	कवयित्री गोमा

२०.	प्रसिद्ध उपन्यासकार दौलतविक्रम विष्ट

२१.	निबन्धकार शङ्कर लामिछाने

२२.	उपन्यासलेखक शङ्कर कोइराला

२३.	कवि एवम् गीतकार हरिभक्त कटुवाल

२४.	प्रसिद्ध हाँस्यव्यङ्ग्यकार भैरव अर्याल

२५.	कवि एवम् नाटककार वासु शशी

ङ	पच्चीस प्रतिभा-भाग ३, २०६३)

१.	मैथिली भाषाका महाकवि विधापति

२.	तपस्वी खप्तडबाबा

३.	भाषासेवी कुलचन्द्र गौतम

४.	प्रतिभाशाली नरबहादुर र भारती

५.	महापण्डित दधिराम मरासिनी

६.	साहित्यसेवी राममणि आ.शे

७.	साहित्यिक सहिद कृष्णलाल अधिकारी

८.	शिक्षासेवी वासुदेव भट्टराई

९.	पण्डित साम्बभक्त शर्मा सुवेदी

१०.	कविकेशरी चित्तधर हृदय

११.	एतिहासिक उपन्यासकार टुकराज मिश्र

१२.	विद्वान् साहित्यकार यदुनाथ खनाल

१३.	कर्मवीर योगी नारहरिनाथ

१४.	भक्तकवि गुणराज उपाध्याय

१५.	लेखक तारिणीप्रसाद कोइराला

१६. गीतकार छिन्नलता

१७. साहित्यकार वासु पासा

१८. समालोचक रामकृष्ण शर्मा

१९. संस्कृतिविद् कुलचन्द्र कोइराला

२०. हाँस्यकवि कुलमणि देवकोटा

२१. कवि एवम् गीतकार अगमसिंह गिरी

२२. अनुसन्धानकर्ता शरदचन्द्र शर्मा भट्टराई

२३. जनकवि गोकुल जोशी

२४. कथाकार पोषण पाण्डे

२५. कवि कुमुद देवकोटा

ढ पच्चीस प्रतिभा-भाग ४ २०६४)

१. आदिमहाकवि उदयानन्द अर्ज्याल

२. नेपालभाषका महाकवि सिद्धिदास अमात्य

३. साहित्यकार झपटबहादुर राणा

४. कविरत्न माधवप्रसाद देवकोटा

५. पण्डित छविलाल पोखरेल

६. भाषासेवी हरिप्रसाद गोर्खा राई

७. साहित्यसेवी खड्गमान मल्ल

८. लोककथाकार करुणाका वैद्य

९. सरल समालोचक रत्नध्वज जोशी

१०. हाँस्यव्यङग्यकार वासुदेव लुइँटेल

११. लोककवि अलि मियाँ

१२. उपन्यासकार लीलाध्वज थापा

१३. कवि हरिहर शास्त्री

१४.	विद्वान् कवि भरतराज शर्मा 'मन्थलीय''

१५.	प्रसिद्ध गद्यकवि मोहन कोइराला

१६.	भक्तकवयित्री माधवी भट्टराई

१७.	इतिहासकार धनवज्र वज्राचार्य

१८.	अनुसन्धाता डा. गणेश भण्डारी

१९.	कुशल गद्यशिल्पी ध.च. गोतामे

२०.	बालगीतकार ध्रुवकृष्ण'दीप'

२१.	गीतकार एवम् कवि नीरविक्रम प्यासी

२२.	स्रष्टा र सम्पादक कृष्णप्रसाद ज्ञवाली

२३.	बालसाहित्यकार जनकप्रसाद हुमागाई

२४.	समालोचक नरेन्द्र चापागाई

२५.	परिश्रमी साहित्यकार घटराज भट्टराई

ण	पच्चीस प्रतिभा (भाग ५, २०६६)

१. पण्डित नरेन्द्रनाथ रिनाल

२. गीत भक्त कोमलनाथ अधिकारी

३. प्रथम बालकवयित्री विधादेवी दीक्षित

४. साहित्यसेवी वैकुण्ठप्रसाद लाकौल

५.	छाँयामा परेका उपन्यासकार तोयविधि पौडेल

६.	भाषासेवी तुलसीबहादुर उपतन

७.	कथाकार शिवकुमार राई

८.	कवि उमानाथ शास्त्री

९.	शिक्षासेवी टीकाराम शर्मा

१०.	उपन्यासलेखक विनोदप्रसाद धिताल

११.	स्रष्टा केशवलाल कर्माचार्य

१२. साहित्यकार एस.एल. शर्मा

१३. हाँस्यव्यङ्ग्यकार सूर्यबहादुर 'पिवा'

१४. प्रसिद्ध कथाकार रमेश विकल

१५. प्रसिद्ध छन्दकवि भरतराज पन्त

१६. कवि एवम् गजलकार भीमदर्शन रोका

१७. प्रसिद्ध उपन्यासकार धुस्वाँ सायमी

१८. कलासमीक्षक नारायणबहादुर सिंह

१९. गीत तथा कथालेखक पुण्यप्रसाद सुवेदी

२०. भाषाशास्त्री वल्लभमणि दाहाल

२१. लोकसाहित्यकार लीलासिंह कर्मा

२२. कथाकारकुमार ज्ञवाली

२३. कवि तथा गीतकार ईश्वर वल्लभ

२४. बालसाहित्यकार खिरोदा खड्का

२५. साहित्यिक पत्रकार उत्तम कुँवार

२ नानीको बानी (बाल निबन्ध सङ्ग्रह)

१. हाम्रो सम्झने बानी

२. दसैं आयो खाउँला पिउँला

३. रमाइलो दिन श्रीपञ्चमी

४. हाम्रो लागि निद्रा

५. नानीको बानी

६. भ्रमणको महत्त्व

७. हाम्रो समय

३ समयका डोबहरू (कविता सङ्ग्रह)

१. तिम्रो जन्म

२. रित्तोकोठा

३. बालकप्रति

४. नयाँ बिहानी

५. मैले देखेँ

६. समयका डोबहरू

७. जिन्दगीको यात्रा

८. तिम्रा प्रणहरू

९. लौ न उठौं

१०. आफूलाई चिन

११. मेरो राष्ट्र र म

१२. यो फूलबारी

१३. वर्ष आयो

१४. अनवरत श्रृङ्खला

१५. युवा

१६. हिम कन्या

१७. फूल

१८. युवा हामी जुट्ने छौ

१९. आऊ पौरख गरौं

२०. मान्छे भई बाँचौं

२१. पर्खंदा-पर्खदै

२२. दुर्घटना

२३. तिमीलाई सम्झँदा

२४. छरिएका सपना

२५. हाम्रो देश

४ रूपाको साहस (बाल कथासङ्ग्रह)

१. रूपाको साहस

२. दुःख दिनु राम्रो होइन

३. हेलाको फेला

४. लोभी पसलनी

५. घमण्डको नतिजा

५ एक दिनको यात्रा (बाल उपन्यास)

६ नेशनल हिरोज अफ नेपाल (पार्ट १)

१. कथाकार अरनिको

२. राष्ट्रनिर्माता श्री ५पृथ्वीनारायण साह

३. देशभक्त भीमसेन थापा

४. आदिकवि भानुक्त आचार्य

५. राष्ट्रपिता श्री ५ त्रिभुवन

६. गौतम बुद्ध

७ नेशनल हिरोज अफ नेपाल (पार्ट २)

१. ज्ञानी जनक

२. नेपालकी छोरी सीता

३. पराक्रमी अंशुवर्मा

४. बालभद्र कुँवर

५. वीर अमरसिंह थापा

६. न्यायप्रेम राम शाह

७ कवि मोतीराम भट्ट

८. शंखधर साख्वाँ

९. पासाङ्ग ल्हामु शेर्पा

## ४.१.६ बालसाहित्यकार गोपाल पराजुलीको साहित्यिक यात्रा

बलसाहित्यकार गोपाल पराजुलीको समग्र साहित्य यात्राले साढेचार दसक पार गरेको छ । वि.सं. २०२०/२१देखि साहित्यलेखन यात्रा थालेका पराजुलीले वि.सं. २०२१ मा 'सम्पादकलाई चिठी' गोरखा पत्रमालेखे । गोरखापत्रमा सम्पादकलाई चिठीलेखेर साहित्यलेखन थालेका पराजुलीले काभ्रेको संजीवनी मा.वि.को पुस्तकवाचनबाट विभिन्नलेख रचनालेखेर प्रकाशित गरे । वि.सं. २०२१देखि पराजुलीका थुप्रै कृतिहरू प्रकाशन भईसकेका छन् । साहित्यलेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाहरूका प्रकृतिगत परिवर्तन, रचनाहरूको परिणाम, गुणस्तर, साहित्यिक रचना तथा कृतिगत प्रकाशन र चिन्तन पक्षको परिवर्तनजस्ता आधारलाई लिएर साहित्यिक यात्राको चरण रकाल विभाजन गर्नु उपयुक्त हुन्छ । लेखकको चिन्तन प्रवृत्तिलाई आधार मानी आजसम्म प्रकाशित कृतिहरूका आधारमा बालसाहित्यकार गोपाल पराजुलीको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।

१. प्रथम चरण (वि.सं. २०२०-२०२१)

२. दोस्रो चरण (वि.सं. २०२२-२०२४)

३. तेस्रो चरण (वि.सं. २०४५देखि हालसम्म

## ४.१.७ प्रथम चरण (वि.सं. २०२०-२०२१)

वि.सं. २०२० देखि वि.सं. २०२१ सम्मको समयावधि बालसाहित्यकार गोपाल पराजुलीको प्रथम चरण हो । पराजुलीको लेखनका दृष्टिले वि.सं. २०२०/२१ सालदेखि नै देखिए पनि प्रकाशन दृष्टि २०२२/२३ पछि मात्र उनको साहित्य यात्रा सुरु हुन्छ । उनी मुख्यत: साहित्यका भए पनि उनको पहिलो प्रकाशित ( **'सम्पादकलाई चिठी-गोरखा पत्र'मा** नै पराजुलीले प्रारम्भिक समय हो । यो अवधि उनको अभ्यासिक समय हो । उनले आफ्नो साहित्यिक जीवनको प्रथम

चरणमालेख, रचना र चिठी आदिमा कलम चलाए तापनि मूलतः फुटकर रचनाहरू पूस्तकालयबाट (संजीवनी मा.वि.काभ्रे) प्रकाशित गरी लेखन यात्राको जग यस चरणमा बसाएका हुन् । विशेषतः यस समयावधिमा घण्टौसम्म जागृति पुस्तालय बसी महात्मा गान्धीको विभिन्न जीवनी अध्ययन गरी बित्थ्यो । त्यो पुस्तक पढेपछि जीवनमा केही राम्रो काम गर्नु पर्छ भन्ने प्रेरणा मिल्यो । यसै बेलादेखि उनले साहित्यिक कार्यक्रममा भाग लिने आफ्ना लेख रचना सुनाउने गर्थे । घत लाग्दा उपयोगी विषयवस्तु टिपोट गरी विद्यालयको सूचना पाटीमा टाँस्ने गर्थे । यसरी यो समयमा खासै कुनै रचना प्रकाशन भएन केवल अभ्यासिककार्य मात्र सम्पन्न भएको देखिन्छ ।

### ४.१.८. दोस्रो चरण (वि.सं. २०२२-२०२४)

बालसाहित्यकार गोपाल पराजुली (वि.सं. २०२२-२०२४) सम्मको समय दोस्रो चरणको हो । वि.सं. २०२२ मा एस.एल.सी. दिएर काठमाडौँ आएका पराजुलीले बालक, चिचिला, बालसाथीजस्ता पत्रिकामा रचनाहरु प्रकाशित गरे । घरायसी विभिन्न झन्टनमा परेका पराजुलीले यस समयका खासै रचनाहरू दिन सकेनन् । वि.सं. २०२४ सालमा जनक शिक्षामा सामग्रीमा प्रयाप्त थिए । वि.सं. २०३५ मा संसद् सचिवालयमा व्यस्त रहे । जनक शिक्षाको लेखक शाखाबाट चर्चित साहित्यकार कृष्णप्रसाद पराजुलीले विभिन्न लेख रचना प्रकाशित गर्ने । त्यसैको प्रेरणाले उनले पनि साहित्य लेख रचना प्रकाशन (बालक) पत्रिकाबाट नै गर्न थाले । यस अवधि पनि त्यति उर्वर देखिएन । अभ्यासिक र प्रकाशन तथा अनुभवमा नै व्यस्त देखिन्छ । यस समय अवधिमा फुटकरलेख रचना पत्रपत्रिका मा फाँटफुट देखा पर्न थाले ।

### ४.१.९. तेस्रो चरण (वि.सं. २०४५ देखि हालसम्म)

बालसाहित्यकार गोपाल पराजुलीको (वि.सं. २०४५ देखि हालसम्मको) समय तेस्रो चरणको अवधि हो । जागिरे जीवनबाट मुक्त भई स्वतन्त्ररूपमा यस अवधिमा साहित्य साधन गर्न थाले । यो अवधि पराजुलीको उर्वलकाल हो । उनका कृतिहरूले पुस्तककारको रूप धारणा गर्ने मौका पाए । केही राष्ट्रिय विभूति (भाग १ र २) वि.सं. २०४५ मा प्रकाशित गरे । सरल सुबोध भाषा शैलीमा रचित उक्त कृतिको अध्ययनले विभूतिको अविस्मरणीयकार्यबाट बालकहरूमा राम्रो छाँप पर्ने र असल चरित्र निर्माणमा सहयोग पुग्दछन् । पाँचप्रसिद्ध विज्ञानको चमत्कारपूर्ण उन्नति र प्रगतिको अवगत बालिकालाई गराउने र आफूले पनि उक्त जीवनीबाट अनुभूति सँगाली भविष्यमा आफ्नो रुचि अनुरूप अनुसन्धान र अन्वेषणकार्यमा लाग्ने प्रेरणा प्राप्त गर्दछ । उक्त कृतिमा जम्मा पाँचजना वैज्ञानिकको जीवनी प्रस्तुत छन् । सरस र सरल भाषाको प्रयोग उक्त जीवनीमा प्रयोग गरेका छन् । वि.सं. २०५३ मा पराजुलीले नानीको बानी (बाल निबन्ध सङ्ग्रह) प्रकाशित गरे । यस कृतिभित्र ७ वटा निबन्ध समेटेका छन् । बालबालिकालाई असल प्रवृत्ति बसाउने र हाम्रा धर्मसंस्कृतिको महत्त्व र चिनारी गराउने विषयवस्तु समेटिएका छन् । त्यस्तै वि.सं. २०५३ मा नै हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग २) प्रकाशित गरे । उक्त कृतिमा छ वटा प्रसिद्ध प्रतिभाहरूको जीवनीलाई नयाँ शैली सूचनाहरु विन्यास गरेका छन् ।

त्यस्तै वि.सं. २०५३ मा नै पुनः 'समयका डोबहरू' कविता सङ्ग्रह प्रकाशित हुन्छ । उक्त कृतिभित्र २५ वटा कविताहरू सँगालिएका छन् । सुन्दर अनुभूतिका सँगालोबाट सृजित पराजुलीका कविताहरूले जीवनीका तीता-मीठा अनुभव, उच्छवास, तर बालमन, युवा उत्साहका झिल्काहरूले सिगारेका छन् उनका कवितामा कतै-कतै निराशाका बाटा भेटिए तापनि नयाँ बिहानीको स्वागत र आफ्नै हिमकन्याले सिँगारिएको राष्ट्र हेर्ने कल्पनाहरू छन् । विविध भाव

व्यञ्जनामा जीवन र देशको माया नै यस सङ्ग्रहको प्राप्ति हो । उनका कविताहरूमा शाब्दिक अलंकार र झारा टार्ने बौद्धिकता छैन् । राष्ट्रनिर्माणको आह्वान उनका कवितामा पाइन्छन् । वि.सं. २०५५ मा 'केही राष्ट्रिय विभूति' (भाग ३) प्रकाशित छन् । यस कृतिभित्र चारवटा विभूतिहरूको जीवनी सँगालिएका छन् । जीवनी राष्ट्रिय चरित्रबारे ज्ञान दिने र राष्ट्र राष्ट्रियता तथा नेपालीपनप्रति प्रेम र सद्भाव जगाउने गर्दछ । वि.सं. २०५६ मा 'रूपाको साहस' (बाल कथा सङ्ग्रह) प्रकाशित हुन्छ । पाँचवटा कथा सङ्ग्रहित उक्त कृतिले बालबालिकाहरूलाई असल प्रवृत्तिको विकास गर्ने र हेला, घमण्ड, लोभ गर्न नहुने कुरालाई कथाका पात्रहरूको चरित्रले प्रस्तत पारेका छन् । रूपाजस्तो साहस पात्रको रचना गरेर बालकहरूमा अन्धविश्वास गर्न नहुने आफ्नो साहसलेकाम गर्नु पर्ने कुरा कथामा प्रस्तुत गरेका छन् ।

वि.सं. २०५७ मा 'एक दिनको यात्रा (बाल निबन्ध) प्रकाशित हुन्छ । यस निबन्धले बालबालिकाहरूलाई विद्यालयको पाठमा मात्र सीमित नगरी बाह्य बातावरणीय ज्ञानको निम्ति यात्रा, शैक्षिक भ्रमणजस्तो कार्यक्रमको आयोजना गर्नु पर्ने कुराको जानकारी दिएको छ साथै उक्त कृतिभित्र कक्षा चारका बालबालिका र गुरुमासितको वातावरण सम्बन्धी गरिएको संवाद अत्यन्त लाभप्रद र कुरा गरिरहेकैजस्तो लाग्ने आकर्षक शैली प्रस्तुत गरेका छन् । (वि.सं. २०५७) मा अर्को कृति नेशनल हिरोज अफ नेपाल (भाग १र२) प्रकाशित हुन्छ । उक्त कृतिभित्र राष्ट्रिय विभूति जम्मा तेह्रजनाको जीवनी प्रस्तुत छन् । उक्त जीवनीहरूको अध्ययनले राष्ट्र र राष्ट्रियताप्रति सद्भाव उत्तरदायी बन्न सिकाउँछ । वि.सं. २०५८ मा हाम्रा केही प्रसिद्ध साहित्यकारहरू भाग ३ प्रकाशित हुन्छ । उक्त जीवनीभित्र पाँचवटा जीवनीहरू समेटिएका छन् । उक्त जीवनीहरूको अध्ययनले नेपाली साहित्यप्रति अभिरुचि पैदा गर्दछ । त्यस्तै वि.सं. २०५९ मा 'हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४ र त्यही साल वि.सं. २०५९ मा हाम्रा प्रसिद्ध

साहित्यकारहरू (भाग ५) प्रकाशित हुन्छ । भाग ४ र ५ मा क्रमशः पाँच जनाको जीवनी समेटिएका छन् । ती जीवनीको अध्ययनले नेपाली साहित्यप्रति अभिरुचि पैदा हुने र कृति रचना गरेर पनि राष्ट्र सेवा गर्न सकिने कुराको जानकारी बालबालिकाहरूले प्राप्त गर्दछन् ।

वि.सं. २०६० मा हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ६) प्रकाशित हुन्छ । उक्त कृतिभित्र जम्मा पाँचप्रतिभाशाली साहित्यकारहरूको जीवनी समेटिएका छन् । उक्त जीवनीको अध्ययनले साहित्यको विविध विधागत ज्ञान दिने र साहित्य रचनाले पनि राष्ट्रको सेवा गर्न सकिने कुराको ज्ञान दिन्छ । त्यस्तै (वि.सं. २०६०) मा पच्चीस प्रतिभा (भाग १) प्रकाशित हुन्छ । उक्त कृतिभित्र २५जना प्रतिभाहरूलाई एउटै चौतारीमा प्रस्तुत गरेका छन् । आदिकवि भानुभक्तबाट प्रस्थान गरी जनकवि भूपी शेरचनमा पुगी बिट मारिएको छ । उक्त कृतिको प्रत्येक प्रतिभाको विशिस्टताको पहिचान गर्ने उपयुक्त विशेषणको प्रयोगले कृति अध्ययनमा अझ अभिरुची बढाउँछ । बालकदेखि प्राध्यापकसम्म पनि उतिकै महत्त्वपूर्ण उपयोगी सिद्ध छ । वि.सं. २०६२ पच्चीस प्रतिभा (भाग २) र वि.सं. २०६३ मा पुनः पच्चीस प्रतिभा (भाग ३) (वि.सं.२०६४) मा पच्चीस प्रतिभामा ( भाग ४) र वि.सं. २०६६ मा पच्चीस प्रतिभा (भाग ५) प्रकाशित हुन्छ । उक्त कृतिहरूमा पच्चीस पच्चीस प्रतिभाहरू कृति नै पिच्छे समावेश गरिएका छन् । अघिल्लाभन्दा पहिला कृतिहरू अझ परिष्कृत र परिमार्जित हुँदै गएको देखिन्छ । प्राञ्जल भाषाको प्रयोग भएकाहरू कृतिहरूको अध्ययनले राष्ट्र, राष्ट्रियभाषा र नेपालीपनप्रति अगाध प्रेम गर्दछ ।

बालसाहित्यकार गोपाल पराजुलीले नेपली बालसाहित्यको थुप्रै विधामा कलम चलाएर ठूलो योगदान पुऱ्याएका छन् । उनले निबन्ध, कविता, कथा र

उपन्यासमा कलम चलाएर पुस्तकाकारको रूपमा जम्मा २१ ओटा बाल साहित्यिक कृतिहरू प्रकाशित गरी सकेका छन् ।

### ४.१.१०. बालसाहित्यकार गोपाल पराजुलीका प्रकाशित साहित्यहरू र प्रकाशनका स्रोतहरू

बालसाहित्यकार गोपाल पराजुलीका पुस्तकाकारका कृतिहरूमा सङ्कलित र विविध पत्रपात्रिकाहरूमा प्रकाशित गरी झण्डै दुई दर्जन बाल साहित्यिक कृतिहरू प्रकाशित छन् । ती बालसाहित्यकहरू र प्रकाशनका स्रोतहरूको विवरण यसप्रकार छन् :

| क | बाल-साहित्यहरू | प्रकाशित स्रोतहरू |
|---|---|---|
| १ | केही राष्ट्रिय विभूति (भाग १) | रत्न पुस्तकभण्डार (२०४५) |
| २ | केही राष्ट्रिय विभूति (भाग २) | पुनजागरण (२०४५) |
| ३ | पाँचप्रसिद्ध वैज्ञानिकहरूको जीवनी | रत्न पुस्तकभण्डार (२०४५) |
| ४ | हाम्रो केही प्रसिद्ध साहित्यकारहरू (भाग १) | नेपालीवालवाङ्मय परिचय कोश (२०४६) |
| ५ | हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग २) | नेपाली साहित्यको इतिहास पृ.न.२२२/२२३(२०५३) |
| ६ | नानीको बानी बाल निबन्ध सङ्ग्रह | माधवी पराजुली (२०५३) |
| ७ | समयका डोबहरू कविता | बाणी प्रकाशन (२०५३) |
| ८ | केही राष्ट्रिय विभूति (भाग २) | बाणी प्रकाशन विराटनगर (२०५५) |
| ९ | रूपाको साहस (बाल कथा सङ्ग्रह) | काभ्रेपाष्ट साप्ताहिक (२०५७) |

| | | |
|---|---|---|
| १० | नेशनल हिरो अफ नेपाल (भाग१) | तलेजु प्रकाशन (२०५७) |
| ११ | नेशनल हिरो अफ नेपाल (भाग१) | तलेजु प्रकाशन (२०५७) |
| १२ | एक दिनको यात्रा | साप्ताहिक युगवाणी २०५८ |
| १३ | हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ३) | माधवी पराजुली काडमाण्डौं मुद्रक वाणी अवसित (२०५८) |
| १४ | हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४) | स्रेस्टर प्रकाशन (२०५९) |
| १५ | हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ५) | नेपालीवालवाङ्मय परिचय कोश माधवी पराजुली (२०४६) |
| १६ | हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ६) | माधवी पराजुली काठमाडौं नवदुर्गा प्रिन्टिङ सपोर्ट (२०६०) |
| १७ | पच्चीस प्रतिभा (भाग १) | रत्न पुस्तक भण्डार, काडमाडौं । |
| १८ | पच्चीस प्रतिभा (भाग २) | रत्न पुस्तक भण्डार, काडमाडौं । (२०६०) |
| १९ | पच्चीस प्रतिभा (भाग ३) | रत्न पुस्तक भण्डार, काडमाडौं । (२०६२) |
| २० | पच्चीस प्रतिभा (भाग ४) | रत्न पुस्तक भण्डार, काडमाडौं । (२०६३)<br>रत्न पुस्तक भण्डार, काडमाडौं । (२०६४) |
| २१ | पच्चीस प्रतिभा (भाग ५) | रत्न पुस्तक भण्डार, काडमाडौं । (२०६६) |

## ४.२. बालसाहित्यकार गोपाल पराजुलीका पुस्तकाकार, जीवनी साहित्यहरूको अध्ययन

बलसाहित्यकार गोपाल पराजुलीका हालसम्म केही राष्ट्रिय विभूतिहरूको जीवनीका विशुद्ध तीनओटा पुस्तकाकार प्रकाशित भएका छन् । केही राष्ट्रिय विभूति (भाग १-२०४५), केही राष्ट्रिय विभूति (भाग २ २०४५), केही राष्ट्रिय विभूति (भाग ३ २०५५) प्रकाशित छन् ।

### ४.२.१. केही राष्ट्रिय विभूति (भाग १-३) कृतिको विश्लेषण

बलसाहित्यकार गोपाल पराजुलीको प्रथम प्रकाशित पुस्तकाकार कृति 'केही राष्ट्रिय विभूति'(भाग १) अन्तर्गत कलाकार अरनिको, राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, देशभक्त भीमसेन थापा, आदिकवि भानुभक्त आचार्य, राष्ट्रपिता श्री ५ त्रिभुवन गरी जम्मा पाँचजना राष्ट्रिय विभूतिहरूको जीवनी संकलित छन् ।

त्यस्तै 'केही राष्ट्रिय विभूति' (भाग २) अन्तर्गत : गौतम बुद्ध, न्यायप्रेमी राजा राम शाह, वीर अमर सिंह थापा र कवि मोती राम भट्ट गरी चारजना राष्ट्रिय विभूतिहरूको महत्त्वपूर्ण जीवनी सङ्कलति छन् ।

''केही राष्ट्रिय विभूति'(भाग ३) अन्तर्गत :ज्ञानी जनक, नेपालको छोरी सीता, पराकमी अंशुवर्मा र वीर बलभद्र कुँवर गरी चारजना राष्ट्रिय विभूतिहरूको जीवनी संकलित छन् । सरल सुबोध भाषा शैलीमा लेखिएको उक्त राष्ट्रिय विभूतिहरूको अध्ययनले राष्ट्रप्रति अगाध स्नेह र प्रेम जागृत गर्नुका साथै राष्ट्रिय विभूतिहरूप्रति सधैँ सम्मान र सद्भाव राख्नु पर्ने धारणा विश्वास पैदा गर्दछ । आजको २१ औं शताब्दीमा बालबालिकाहरूलाई औपचारिक पाठ्यपुस्तकको ज्ञानले मात्र पर्याप्त नहुने हुनाले यसका लागि बालसाहित्यिक जीवनीमात्र एउटा विकल्प हुन आउँछ । परिश्रमी पराजुलीले विज्ञानको ज्ञानविना आधुनिक जीवन अधुरो रहने कुरालाई महसुस गरी बलाबालिकाहरूलाई त्यसप्रति सचेत गराउन विभिन्न वैज्ञानिकहरूको जीवनी पूर्ण पुस्तक पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी' (वि.सं. २०४५) मा प्रकाशित भएको छ । यस पुस्तक अन्तर्गत जोहन गुटेनवर्ग, ग्यालिलियो, मार्कोनी, अलेक्जेन्डर ग्रामवेल र माइकल फेराडे गरी पाँचजना प्रसिद्ध वैज्ञानिकहरूको जीवनी समेटिएका छन् । जोहनगुटेन वर्ग अत्यन्त परिश्रमी व्यक्ति हुनाले उनले छापाखानाको विकास गरे । दुरविनका आविष्कारक ग्यालिलियोले

विश्वमा ग्रहहरूको अध्ययन गर्ने सहज पहिल्याए । गुडालित्मो मार्कोनीले आफ्नो अथक परिश्रमले विना तार परसम्म खबर पठाउन सक्ने प्रविधिको आविष्कार गरे । त्यस्तै टाढाको खबर छिन मै सुन्न सक्ने प्रविधिको (टेलिफोन) को आविष्कार अलेक्जेण्डर ग्रामबेलले गरे । त्यस्तै उनको वैज्ञानिक माइकल फेराडेले विजुलीको आविष्कार गरी विश्वलाई उज्यालो पारि दिए । वैज्ञानिकहरूको जीवनी अध्ययनले बालबालिकाहरूमा पनि विज्ञानप्रति गहन रूपमा अभिरुचि पैदा हुने र परिश्रम लगन र खोज गर्ने प्रकृतिको विकास हुन्छ ।

### ४.२.२. बालसाहित्यकार गोपाल पराजुलीको 'हाम्रा प्रसिद्ध साहित्यकारहरू' (भाग १-६) कृतिको विश्लेषण

तेस्रो चर्चित पुस्तकाकार कृति हो । 'हाम्रा प्रसिद्ध साहित्यकारहरू'(भाग १) मा सातमना प्रतिभाहरू जीवन वृत्तान्तलाई समेटेर लेखिएको छ । उनले साहित्यकारहरूको जीवनी प्रस्तुत गर्ने क्रममा नयाँपन र आमर्षक शैली अपनाएका छन् । साहित्यकारहरूको जन्म, मृत्यु, शिक्षा र योगदानजस्ता तथ्यगत कुराहरू प्रस्तुत गरी बालपाठकमा प्रत्यक्ष प्रभाव पार्ने जमर्को गरेका छन् । त्यस्तै 'हाम्रा प्रसिद्ध साहित्यकारहरू' (भाग २) मा छजना प्रसिद्ध प्रतिभाहरूको जीवनी समेटेका छन् । उक्त जीवनीभित्र प्रस्तुत गर्ने क्रममा केही कमजोरी देखिए तापनि समग्रमा जीवनी प्रभावकारी देखिन्छ । 'हाम्रा प्रसिद्ध साहित्यकारहरू' (भाग ३) भित्र पाँच साहित्यकारहरूको जीवनी सरल, सुवोध भाषाशैलीमा प्रस्तुत गरेका छन् । 'हाम्रा प्रसिद्ध साहित्यकारहरू' (भाग ४) पाँच जना र (भाग ५) मा पनि पाँचजना र ( भाग ६) मा पनि पाँचजना साहित्यकारहरूको जीवनी सरल, सहज, तथ्यगत कुराहरूलाई मीठो शैलीमा प्रस्तुत गरेका छन् । उक्त पुस्तकाकार कृतिहरूम प्रत्येक प्रतिभाहरूको आकर्षक चित्र सज्जा प्रभावमय र सूचनात्मक भाषा शैलीको पनि प्रयोग गरेका छन् । नेपाली बालसाहित्य जगतमा पनि जीवनी विधामा अबिरल रूपमा बाल कृति प्रकाशन हुनु प्रशंसनीय र अविस्मरणीयकार्य हो ।

## ४.३. बालसाहित्यकार गोपाल पराजुलीको नेशनल हिरोज अफ नेपाल (भाग १-२) को अध्ययन

सातौ प्रसिद्ध कृति हो । यस पुस्तकभित्र तेह्रवटा प्रतिभाहरूको मूल्यवान जीवनी समेटिएका छन् । अग्रेजी भाषामा अनुदित उक्त कृतिले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चर्चा र जानकारीले नेपाल लाभान्वित भएको र नेपालका अंग्रेजी भाषामा पठनपाठन हुने विद्यालय हरूका प्रधानाध्यापकहरूमा अनुरोधमा धेरैपटक प्रकाशित भएको र यसको अध्ययनले बालबालिकाह रूमा अंग्रेजी भाषागत ज्ञान हुने र उच्च व्यक्तित्वको प्रभावले देशप्रतिमाया सद्भाव समेत जागृत हुन्छ । उक्त कृतिमा प्रयोग भएका भाषा सरल र स्तर सुहाउदो छ। यस कृति अन्तर्गत ज्ञानी जनक, नेपाली छोरी सीता, पराक्रमी अंशुबर्मा, कलाकार अरनिको राष्ट्र निर्माता श्री ५ त्रिभुवन देशभक्त भीमसेन थापा, आदि कवि भानुभक्त आचार्य, राष्ट्रपिता श्री ५ त्रिभुवन बलभद्र कुँवर, वीर अमर सिंह थापा, न्याय प्रेमी राम शाह, गौतम बुद्ध, र कवि मोती राम भट्ट गरी जम्मा १३ ओटा साहित्यिक सृष्टाको जीवनी समेटिएका छन् यी स्रष्टाहको जीवनी अध्ययनले राष्ट्रप्रति अगाध प्रेम जागृत (९-१० वर्षको बालक) गराउँदछ।

## ४.४. बालसाहित्यकार गोपाल पराजुलीको 'पच्चीस प्रतिभा' कृतिको विश्लेषण

आठौं चर्चित कृति हो । 'पच्चीस प्रतिभा' (भाग १) अन्तर्गत आदिकवि भानुभक्त आचार्य, कवि मोतीराम भट्ट, पहिलो बालसाहित्यकार जयपृथ्वीबहादुर सिंह, इतिहास शिरोमणि, बाबुराम आचार्य, कविधरणीधर कोइराला, साहित्यकार एवम् नेता विश्वेश्वरप्रसाद कोइराला, कुशल गद्यसाहित्यकार चक्रपाणि चालिसे आशुकवि शम्भुप्रसाद ढुंगेल, भाषासेवी महानन्द सापकोटा इतिहासकार सूर्यविक्रम ज्ञवाली, कविशिरोमणि, लेखनाथ पौडेल नाटककार बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नेपाली भाषासेवी पारसमणि प्रधान, पण्डितराज सीमनाथ सिग्देल, नाटककार गोपालप्रसाद रिमाल, अमर साहित्यकार हृदयचन्द्रसिंह प्रधान,

प्रतिभाषाली भाषसेवी पुष्करशमशेर, कथाकार भवानी भिक्षु, युगकवि सिद्धिचरण श्रेष्ठ, साहित्यकार बदरीनाथ भट्टराई, कथा र नाट्यसाहित्यकारका प्रतिभा विजय मल्ल, कवि केदारमान व्यथित, उपन्यासकार पारिजात, जनप्रिय कवि भूपी शेरचन सङ्ग्रहित छन् ।

पच्चीस प्रतिभा (भाग २) अन्तर्गत नाटककार पहलमान सिंह स्वाँर, साहित्यकार दीर्घसेवी ऋद्धिबहादुर मल्ल, उपन्यासकार एवम् शिक्षासेवी रुद्रराज पाण्डे, कथाकार गुरूप्रसाद मैनाली, उपन्यासकार स्रष्टा रूपनारायणसिंह, कवि युद्धप्रसाद मिश्र, सम्पादक तथा साहित्यकार काशीबहादुर श्रेष्ठ, नाटककार तथा कथाकार भीमनिधि तिवारी, भाषासेवी गोपाल पाँडे 'असीम' अनुसन्धानकर्ता नयराज पन्त, लेखक तथा हाँस्यव्यङ्ग्यकार केशवराज पिंडाली, दार्शनिक साहित्यकार चूडामणि भट्टराई, इतिहासकार बालचन्द्र शर्मा, साहित्यकार जनकलाल शर्मा विद्वान् साहित्यसेवी पूर्णप्रसाद ब्राहमण, समालोचक डा. ईश्वर बराल, साहित्यसेवी डा.डिल्लीराम तिमसिना, साहित्यकार एवम् चित्रकार लैनसिंह बाङदेल, कवयित्री गोमा, प्रसिद्ध उपन्यासकार दौलतविक्रम बिस्ट, निबन्धकार शङ्कर लामिछाने, उपन्यासलेखक शंकर कोइराला, कवि एवम् गीतकार हरिभक्त कटुवाल, प्रसिद्ध हाँस्यव्यङग्यकार भैरव अर्याल, कवि एवम् नाटककार वासु शशी आदि प्रतिभाहरूको जीवनी समेटिएका छ ।

पच्चीस प्रतिभा (भाग ३) अन्तर्गत मैथिली भाषाका महाकवि विधापति, तपस्वी खप्तडबाबा, भाषासेवी कुलचन्द्र गौतम, प्रतिभाशाली नरबहादुर भारती, महापण्डित दधिराम मरासिनी, साहित्यसेवी राममणि आदि साहित्यिक सहिद कृष्णलाल अधिकारी, शिक्षासेवी वासुदेव भट्टराई पण्डित साम्बभक्त शर्मा सुवेदी, कविकेशरी चित्रधार हृदय । ऐतिहासिक उपन्यासकार कुटराज मिश्र, विद्वान् साहित्यकार यदुनाथ खनाल, कर्मवीर योगी नारहरिनाथ, भक्तकवि गुणराज

उपाध्याय, लेखक तारिणीप्रसाद कोइराला गीतकार छिन्नलता, साहित्यकार वासुपासा, समालोचक रामकृष्ण शर्मा, संस्कृतिविद कुलचन्द्र कोइराला, हाँस्यकवि कुलमणि देवकोटा, कवि एवम् गीतकार आग्रमसिंह गिरी, अनुसन्धाता शरद्चन्द्र शर्मा भट्टराई, जनकवि गोकुल जोशी, कथाकार पोषण पाण्डे, कवि कुमुद देवकोटा आदि प्रतिभाहरूको महत्त्वपूर्ण जीवनी समेटिएका छ ।

'पच्चीस प्रतिभा' (भाग ४) अन्तर्गत आदिमहाकवि उदयानन्द अर्ज्याल, नेपालभाषका महाकवि सिद्धिदास अमात्य, साहित्यकार झपटबहादुर राणा, कविरत्न माधवप्रसाद देवकोटा, पण्डित छविलाल पोखेल, भाषासेवी हरिप्रसाद गोर्खाराई साहित्यसेवी खड्गमान मल्ल, लोककथाकार करुणाकार वैद्य, सरल समालोचक रत्नध्वज जोशी, हाँस्यव्यङ्ग्यकार वासुदेव लुइँटेल, लोककवि अलि मियाँ, उपन्यासकार लीला ध्वज थापा, कवि हरिहर शास्त्री, कवि भरतराज शर्मा मन्थलीय, प्रसिद्ध गद्यकवि मोहन कोइराला, भक्तकवयित्री माधुरी भट्टराई, इतिहासकार धनबज्र बज्राचार्य, अनुसन्धाता डा.गणेश भण्डारी, कुशल गद्यशिल्पी ध.च. गौतम, बालगीतकार ध्रुवकृष्ण 'दीप' गीतकार एवम् कवि नीरविक्रम 'प्यासी' स्रष्टा र सम्पादक कृष्णप्रसाद ज्ञवाली, बालसाहित्यकार जनकप्रसाद हुमागाई, समालोचक डा.नरेन्द्र चापागाई, परिश्रमी साहित्यकार घटराज भट्टराई आदि प्रतिभाहरूको जीवनी समेटिएका छ ।

त्यस्तै 'पच्चीस प्रतिभा' (भाग ५) अर्न्तगत पण्डित नरेन्द्रनाथ रिमाल, गीताभक्त कोमलनाथ अधिकारी, प्रथम बालकवयित्री विधादेवी दीक्षित साहित्यसेवी वैकुण्ठप्रसाद लाकौल, छायामा परेका उपन्यासकार तोयनिधि पौडेल, भाषसेवी तुलसीबहादुर 'अपतन'कथाकार शिवकुमार राई, कवि उमानाथ शास्त्री, सिन्धुलीय, शिक्षासेवी टीकाराम शर्मा, उपन्यासलेखक विनोदप्रसाद धिताल, स्रष्टा केशवलाल कर्माचार्य, साहित्यकार एस.एल. शर्मा, हाँस्यव्यङ्ग्यकार सूर्यबहादुर 'पिवा' प्रसिद्ध

कथाकार रमेश विकल, प्रसिद्ध छन्द कवि भरतराज पन्त, कवि एवम् गजलकार भीमदर्शन रोका, प्रसिद्ध उपन्यासकार धस्वाँ सायमी, कलासमीक्षक नारायणबहादुर सिंह, गीत तथा कथालेखक, पुण्यप्रसाद सुवेदी, भाषाशास्त्री बल्लभमणि दाहाल, लोकसाहित्यकार लीलासिंह कर्मा, कथाकारकुमार ज्ञवाली, कवि तथा गीतकार ईश्वर वल्लभ, बालसाहित्यकार खिरोदा खड्का, साहित्यिक पत्रकार उत्तम कुँवर, आदि प्रसिद्ध प्रतिभाहरूको जीवनी समेटिएका छन् । अथक परिश्रमी बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले यसरी एक सय पच्चीस प्रतिभालाई एउटै डवलीमा उभ्याएर दिवङगत स्रष्टाहरूका रोचक, प्रेरणादायी प्रस आनिवानीको, जानकारी , मानवतावादी चिन्तनको चिनारी बादलको घेरामा चाँदीको घेरा हुन्छ । भने झै हरेक जीवनी नैतिक, सन्देश र प्रेरणालेपूर्ण छन् । हरेक जीवनी नायकहरूकोकार्यक्षेत्र भिन्न छन् । प्रतिभाहरूको जन्मदेखि मृत्यूसम्मका महत्वपूर्ण कुराहरूलाई वर्णनात्मक शैलीमा सिलसिलेवार ढंगले प्रस्तुत गरेका छन् । यति मात्र हैन कुशल बालसाहित्यकाल पराजुलीले प्रतिभाहरूको जीवनीलेखनमा प्रभावमय भाषाशैलीको प्रयोग सुत्रात्मकलेखनकला, सरल रछोटा वाक्यको प्रयोग कर्ता, कर्म र क्रियाको संयोजक, गुणदर्शन र दोषदर्शन, परम्पराबाट मुक्त तथ्यगत तथा वस्तुगत कुरालाई प्रकाश पार्नुकासाथै शीर्षक अनुरूप चित्रसच्चाले गर्दा चश्मादार प्राध्यापकदेखि लिएर सिकारु पाठकसम्मका लागि उतिकै प्रेरणादायी र पढ्नीय छन् ।

### ४.४.१ बालसाहित्यकार गोपाल पराजुलीका बालसाहित्यिक निबन्धको परिचय र नानीको बानी बाल निबन्ध सङ्ग्रहको अध्ययन

कुनै पनि साहित्यिक विधाको सर्वनाम परिभाषा प्राप्त गर्न कठीन छ । समय परिवर्तनशील छ । सृजनाले पनि आफ्नो स्वरूप युग अनुरूप बदलिदै जान्छ । साहित्यिक सृजना मानवीय बौद्धिक उपज हो । निबन्ध विधा पनि गतिशील विधा भएकोले यसलाई पनि कुनै निश्चित परिभाषामा समेट्न सकिंदैन ।

निबन्ध विधा अन्य साहित्यिक विधाका तुलनामा निकै कान्छो विधाको रुपमा देखा परे पनि निबन्ध सम्बन्धी आजसम्ममा निकै बदलहरू देखा परिसकेका छन् । निबन्धको परिभाषा गर्ने कममा विभिन्न विद्वान्हरूले आ-आफ्नो मतहरू व्यक्त गरेका छन् । तीमध्ये केही विद्वान्हरू बढी उल्लेख्य छन् ।

१.मोन्तेन

फ्रान्सेली मोन्तेन निबन्धका प्रवर्तक हुन । उनी नै यस विधामा प्रथम टिप्पणीकार हुन् । उनलेलेखेका निबन्धात्मक रचनालाई Essai भन्ने नाम दिए । फ्रान्सेली शब्द Essaiको तात्पर्य प्रयास वा प्रयोग हुन्छ । मोन्तेनका यस्ता Essai ३ बटा संकलनहरू १५८० मा प्रकाशित भए । तिनै संकलनको भूमिकामा उनले Essai का बारेमा टिप्पणी गर्दै भनेका छन्" यी मेरा स्वच्छन्द कल्पना विलासी हुन्, यिनबाट म कुनै नौलो वस्तुको आविष्कार गर्ने स्वाग गर्दिन । मेराकाम केवल आफ्नो हृदय खोलेर देखाउनु, म नै मेरा निबन्ध निबन्धको विषयवस्तु हुँ किन भने मलाई सबैभन्दा राम्ररी चिन्ने व्यक्ति म स्वय्म हुँ"यी टिप्पणीहरू उनले निबन्धको परिभाषा दिने कममा गरेका हुन् । उनको निबन्धमा निजान्मक वा आत्मपरकताको अभिव्यक्ति छ । निजात्मक अभिव्यक्ति वा वैयक्तिकरण नै निबन्धको प्राणतत्व हो । अतः उनी स्रष्टाको निजी सूत्रहरूबाट कलामा व्यक्तित्वको चमत्कारलाई स्वीकार्ने परिपाटी आयो।

२. फ्रान्सिस वेकन

फ्रान्सिस वेकन अंग्रेजी साहित्यका प्रतिभा हुन, बेकन मोन्तेनपछि अंग्रजी साहित्यका प्रथम निबन्धकार हुन । उनको भनाइ-"मेरा यी छोटा रचनाहरूलाई भ्ककबथ नाम दिएको छ जहाँ विकीर्ण चिन्तनहरू छन् । "

यी दुई निबन्धकारका दृष्टिमा निकै भिन्नता पाइन्छन् । मोन्तेनभन्दा बेकनको विचार निकै वेग्लै देखा पर्दछन् । एकातिर मोन्तेन निबन्धमा निजात्मकताको पक्षमा प्रकट भएका छन् भन बेकन आत्मरागको लहरभन्दा ज्यादा चिन्तनका पक्षमा छन् उनका चिन्तनमा महत्त्वपूर्ण चिन्तन बढी देखिन्छ ।

डा. जोन्सन (१८०९-१८८४)

जोन्सका विचारमा"निबन्ध भनेको त्यो थाकेको बुद्धि विलास हो जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्क र अव्यवस्थित रचना हो । "

यसरी पश्चिममा निबन्धको खास उन्नति अठारौं शताब्दीमा आएर भएको देखिन्छ ।

४.४.२. निबन्धको परिचय एवम् विकास

आफ्नो भनाइलाई कलात्मक तरिकाले बाँधेर अभिव्यक्ति दिनु नै निबन्ध हो । कलात्मकताले यसमा आउने कल्पना, वैयकिंतता, हार्दिकता, वैचारिकता, वर्णन विवरण आदि बुझिन्छ । विशेष त निबन्ध छोटो मीठो साहित्यिक कथन ढाँचालाई बाँधेर प्रस्तुत गरिएको सिर्जनात्मक रचना हो । नेपाली साहित्यमालेखनका रूपमा आधुनिक युगमा मात्र देखापरेको हो । जसको सम्बन्ध पूवर्म साहित्यिक विधाभन्दा पाश्चात्य साहित्यिक विधाको निकट मानिन्छ । नेपाली साहित्यको आधुनिक युगमा मात्र परिवर्तन भएको भेटिन्छ । निबन्धको सिर्जनात्मक स्वरूपलाई हेर्दा यसमा साहित्यिक कसिला भावहरूको प्रस्तुति प्रस्फुटन हुन्छ । निबन्ध गद्यात्मक विधा हो ।

साहित्य गद्यात्मक विधाको रूपमा विकसित 'निबन्ध' पाश्चात्म साहित्यको देन हो । यसका जन्मदाता फ्रान्सका माइकेल दम्मोन्ते थिए । अंग्रेजी विधामा फ्रान्सिस

बेकनद्वारा साह्रौं शताब्दीको अन्त्यतिर निबन्ध विधा प्रवेश भयो । सत्रौं र अठारौं शताब्दीमा पत्रपत्रिकामा प्रकाशन हुन थालेपछि यसले लोकपेप्रियता हासिल गर्न थाल्यो ।

पूर्वीय र पाश्चात्य साहित्य विधाको अस्तिप्त प्राचिनकालदेखि रहेको पाइन्छन् । नेपाली साहित्यमा विधागत इतिहासको थालनी विक्रमको १९ औं शताब्दी अर्थात एकीकरणको अभिमानको प्राम्भदेखि भएको पाइन्छन् । नेपाली साहित्यमा माध्यमिककालको प्रारम्भ सं १९४० तिरदेखि भएको मानिन्छ । यसैकालमा नेपाली साहित्यले मुद्धण युगमा प्रवेश ग-र्यो । यसैवेलादेखि नेपाली पत्रपत्रिका समेत उदय भएकोले यो युग महत्वपूर्ण छ । नेपाली गद्यकलालेखनलाई स्वरकिरण गर्न हेमराजको 'चन्द्रिका' व्याकरण आदि पनि यसैकालमा रचिए । नेपाली पत्रपत्रिकाको प्रकाशनले नेपाली गद्यको विकास क्रममा निबन्ध विधाको विकासमा ठूलो गोदान दिए । जसमा गोरखा पत्र, सुन्दरी (१९६३) माधवी १९६५) चन्द्र( १९७१) गोर्खाली चन्द्रिका जन्मभूमि, गोरखासागर, नेपाली साहित्यसम्मेलन पत्रिका मा प्रकाशन भएका निबन्धहरू यस कुरामा प्रमाणहरू हुन । वि.सं. १९९१को शारदाले निबन्ध विधालाई आधुनिक कलमा पुऱ्याउने महत्पूर्णकार्य गर्दछ । निबन्ध विधाको विकास यात्रामा गोर्खाली (१९७३)लाई महत्त्वपूर्ण मानिन्छ । नेपाली निबन्धको पूर्वधाराको रूपमा नेपाली गद्यको प्रारम्भदेखि गोर्खाली (१९७३)सम्मलाई मानेर अध्ययन गरिन्छ । यसलाई नेपाली निबन्धको गद्यात्मक विधाको विकासले नेपाली साहित्यमा लोकप्रियता हासिल गर्न थालेपछि निबन्ध विधाको आफ्नो पखेटा चारैतिर फैलाउन थाल्यो । बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले पनि नेपाली बालबालिकाहरूलाई यस विधातिर आकर्षित गराउने जमर्को गरेका छन् । यसै क्रममा उनले 'नानीको बानी'(बाल निबन्ध सङ्ग्रह २०५३) प्रकाशित गरेका छन् ।

बालसाहित्यकार गोपाल पराजुलीको 'नानीको बानी'(बाल निबन्ध सङ्ग्रह २०५३)चोथौं चर्चित कृति हो । यस कृतिभित्र 'हाम्रो सम्झने बानी' दसैं आयो खाउँला पिउलाँ, रमाइलो दिन, श्री पञ्चमी, हाम्रो लागि निन्द्रा नानीको बानी, भ्रमणको महत्व र हाम्रो समय गरी सातओटा निबन्ध समेटिएका छन् । उक्त निबन्धहरूको अध्ययनले बालबालिकाहरूका आफ्नो व्यक्ति विकास गराउन, राम्रो बानी बसाउन र निबन्धलेखन कलामा आभिरुचि पैदा गर्ने र नौ दस वर्षका बालबालिकाहरूको नराम्रा बानी सुधारी राम्रा बानी लिई उद्धरण बन्ने र असल चरित्रले मात्र भविष्य हुने कुराको जानकारी दिनुका साथै हाम्रा महान पर्वहरूको बारेमा चिनारी समेत गरेका छन् । सरल प्रभावमय भाषा शैलीको प्रयोग नै उनका कृतिगत विशेषता पराजुलीले राष्ट्रको सेवा (घरभित्र बसेर) साहित्का विविध विधामा कलम चलाएर गर्न सकिन्छ भन्ने दह्रो सन्देश दिएका छन् ।

## ४.५ बालसाहित्यकार गोपाल पराजुलीका बालसाहितियक कविताको परिचय र 'समयका डोबहरु' कविता सङ्ग्रहको विश्लेषण

कविता पद्यात्मक वा गद्यात्मक शैलीमा रचिएको लघु आकृति हो । समय क्रममा यसको स्वरूप विस्तार हुँदै जादा अनेक प्रकारको आकृतिमा विभाजित हुँदै गयो । संस्कृतकाव्य परम्पराम कविताका मुक्तदेखि लिएर महाकाव्यसम्मका भेदोप भेद चर्चित छन् । स्वतन्त्र रूपले कुनै एक भाव बुझाउन समर्थ स्वयंमापूर्ण एकश्लोकी पद्यात्मक रचना मुक्तक मानिएको छ । यसपछिको दिसलोको कविता सन्दानितक, त्रिश्लोकी कविता विशेषक, चतुश्लोकी कविता, कलापक, पञ्चश्लोकी कविता कुलक मानिएको छ । कुलकपछिको पद्यात्मक रचनाकोश काव्य मानिएको छ। व्यावहारिक र प्रयोगका दृष्टिले संस्कृत वाङ्मय मा कुलक र कोश काव्यको बीचमा पञ्चासिका (पचासश्लोकै पद्यात्मक रचना) र शतक (सय श्लाकै पद्यात्मक रचना) जस्ताकोशकाव्य भन्दा सानो कुलकभन्दा निकै लामो आकृतिका लघुकाव्य लेखिएका छन् । यस्ता कवितात्मक रचना आख्यान रहित हुने र यिनमा

पात्र विधान पनि आवश्यक नहुने यिनलाई समष्टि रूपमा अप्रबन्धात्मक लघुकाव्य भन्न सकिन्छ ।

कविता कविका मनमा तरङ्गित हुने सुमतम अनुभूतिलाई नियमित वा अनियमित वर्ण र पदयोजनाका माध्यमबाट सशक्तताकासाथ संक्षिप्त रूपमा अन्तरध्वनित रङ्का माध्यम अभिव्यक्ति दिने अस्मिताका एक विशिष्ट भाषिक संरचना हो । विश्वका कुनै पनि भाषाको उच्चतम र सुन्दरतम मान्यता र मूल्याङ्कन हो । त्यसैले यो सुन्दर हुन्छ । साहित्यिक विधामा कविता सर्वाधिक शक्तिशाली छ । यसले स्रोता र पाठकलाई जादुगरी रूपमा प्रभावित पार्दछ । यसको शक्तिमता, संक्षिप्तता र सङ्गठनमा मात्र नभएर थोरै शब्दमा धेरै व्यञ्जना दिन सक्नुमा अन्तरनिहित हुन्छ । शब्द शक्तिको खास पहिचान कविताले नै दिन्छ । त्यसैले कवितालाई साहित्यको प्राणतत्त्व मानिन्छ । कविता कविको भाव एवम् नैसर्गिक कर्म पनि हो ।

विश्व साहित्यमा कवितालाई अनेक रूपमा चिनाउने वा अर्थ्याउने, प्रयत्न गरिदै आएको छ । संस्कृत वाङ्मयमा 'अभीष्ट' भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली, दोषरहित र गुणसहित, अलङ्काररहित शब्दार्थ, रसमय वाक्य, रमणीय अर्थ प्रतिपादित गर्ने शब्द, इत्यादि रूपमा कवितालाई परिभाषित गर्न खोजिएको देखिन्छ । पश्चिममा कवितालाई सिर्जनात्मक आख्यानलाई प्रतिविम्वित गर्ने छन्दबद्ध रचना, भावपूर्ण छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण, सशक्त अनुभूतिको अविरल बाढी, कल्पना र आवेगको भाषा, आदिको रूपमा चिनाउने प्रयत्न भएको पाइन्छन् । नेपाली साहित्यका कवितासम्बन्धी धारणा कुनै विषय वा कथानक लिएर मनोहर शैलीको सुत्रमा गुँथिएका शब्द अर्थको समुचित योगात्मक गुम्फन शृङ्गार, वीर करुणा आदि रसको भाव प्रदर्शन इत्यादि रूपमा व्यक्त गरिएका छन् ।

**विकास**

कविता पद्यात्मक एवम् गद्यात्मक शैलीमा रचित एक लघु आकृति हो, समयक्रममा यसको स्वरूप विस्तार हुँदै गयो । संस्कृतकाव्य परम्परामा कविताका मुक्तकदेखि दिएर महाकाव्यसम्मका भेदोपभेद चर्चित छन् । एकश्लोकी कवितालाई मुक्तक, द्विश्लोकीलाई कवितलाई कलापक, पञ्चश्लोकी कवितालाई कुलक मानिएको छ । यस्ता कवितात्मक संरचना आख्यानरहित हुने हुँदा समष्टि रूपमा अप्रबन्धात्मक मानिन्छ । पश्चिममा अंग्रेजी साहित्यमा कविताका तात्पर्यमा पोरुम र काठयका ताप्पर्यमा 'पोइट्री' शव्द प्रचलित छन् कविता रकाव्यका विविध भेद प्रचलित छन् । कविता अर्न्तगत शोकगीत, पद्यात्मक, व्यङ्ग्यगीत आदि । वर्णनात्मकतर्फ गाथा, व्यालेड, कथात्मककाव्य आदि । नेपाली कविता लोककविताको परम्पराका साथै संस्कृतकाव्य परम्परा र हिन्दी, उर्दू, फारसी, अंग्रेजी एवम् काव्य परम्परालाई समेत आत्मसात गर्दै विकसित हुँदै आएको देखिन्छ । आफ्नो लोककवित्वको देउडा, मैलो, देउसी, भजन, मागल, चाँचडी, सवाई, सङ्गिनी, बाह्रमासा, सोरठी, रसिदा, चुदका, असारे, भदौरे भारत चैत कविताजस्वा अभिव्यक्तिका विविध सँगेय कवितात्मक प्रकारहरूद्वारा स्थापित परम्पराकैकारणबाट नेपालीलेख्यकविताका भजन, सवाई, कविता बाह्रमासा जस्ता अनेक प्रकारले विकसित भएका छन् । संस्कृतकाव्य परम्पराबाट नेपालीमा मुक्तक, स्तुतिकाव्य । सन्देशकाव्य, कोशकाव्य, खण्डकाव्य, महाकाव्य, लहरीकाव्य, शोककाव्य, पञ्चाटिकाकाव्य, पष्टिकाकाव्य, महाकाव्यजस्ता कविता विकसित भएको बुझिन्छ । मुक्तक, हाइकु, गजल, भजन, गीत, फुटकर कविता, पंचाशिका, षष्ठिक, खण्डकाव्य, उपमहाकाव्य र महाकाव्य हुँदै कविता अगाडि बढेको देखिन्छ । प्राथमिककालमा (वि.सं. १८२६-१९९०) मा मूलत वीरद्वारा र भफिछारामा कविता रचना भएको छ । यही दुई धारलाई समातेर नेपाली

कविताको प्राथमिक काल अघि बढेको देखिन्छ । यसकालमा प्रमुख त परिस्कारवादी कविलेखना देखापर्दछन् ।

आधुनिक नेपाली कविताको दोस्रो चरण (वि.सं.१९९१-२०१६) स्वच्छन्दतावादी धाराको चरण हो । यसलाई लक्ष्मीप्रसाद देवकोटाको युगको रूपमा लिन सकिन्छ । त्यस्तै नेपाली कविताको तेस्रो चरण (वि.सं.२०१६-२०२९) प्रयोगवादी धाराको चरण हो । यसका प्रवर्तक मोदन कोइरालाले बुफिसके कविता शारदा (२००७) मा प्रकाशित गरी श्री गणेश गरे । यसरी नेपाली कविताले विभिन्न चरणपार गरी आफ्नो रूप परिवर्तन गर्दै आएको देखिन्छ ।

यसै परिवेशमा बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले अनुभूतिको श्रृंखलालाई छोटो मीठो गरिकाले व्यक्त गर्न सकिने साहित्यको जेठो विधा कविताको जानकारी दिएका छन् । कविता साहित्यको आत्मा भएकोले यसबारे बालकहरूलाई जानकारी दिनु भएको छ । कवितामा प्रयोग हुने शव्दको शक्ति निकै शक्तिशाली हुने भएकोले समाजलाई सुमार्ग दर्शन गर्न यो शैली र विधा अत्यन्त सशक्त र जादुमय रूपले श्रोतालाई प्रभाट पार्न सकिन्छ र छिटो आफ्नो भाव सम्प्रेषण गर्न सकिन्छ । साहित्य समाजको दर्पण भएकोले विसङ्गतिलाई निर्मूल पार्ने असल समाजको सृजना गर्ने उद्देश्य राखेको हुन्छ । पराजुलीले पनि यस्तै परिवर्तनको चाहाना राखेर बाल कविता सृजना गरेका छन् ।

बालसाहित्यकार गोपाल पराजुलीको ‘समयका डोबहरू’कविता सङ्ग्रह (२०५३) पाँचौ चर्चित कृति हो । यस कृतिभित्र पच्चीस वटा कविताहरू सङ्ग्रहित छन् । कविताहरू सरल भाषामा रचना भएका छन् । तिम्रो जन्म, रित्तोकोठा, बालकप्रति नयाँ बिहानी, मैले देखे, समयका डोबहरू, जीन्दगीको यात्रा, तिम्रो प्रणहरू, लौ न, उठौ, आफूलाई चिन, मेरा राष्ट्र म, यो फूलबारी, वर्षा आयो, अनवरत शृङ्खला,

युवा, हिमकन्या, फूल, युवा हामी जुट्ने छौं, आज पौरख गरौं, मान्छे भई बाचौं, पर्खदा पर्खदै, दुर्घटना, तिनीलाई संझदा, छरिएका सपना, हाम्रो देश आदि कविता रचना गरेका छन् । पराजुलीका कविताहरूमा प्रकृति प्रेम, जीवन र समाजका यर्थाथ भोगाईहरू, प्रेम, विरह, राष्ट्रियता, विसङ्गतिका भावनाहरू, आशा निराशाका बाछिटाहरू, घातप्रतिघात, नयाँ बिहानीको आवहान, जीवनका उच्छवास, बालमन, युवा उत्साह, कुण्ठा, चेतना सन्देश आदि भावले उनीतप्रोत छन् । सम्पूर्ण बालकहरूले उक्त रचना अध्ययन गरेपछि राष्ट्रनिर्माण मा लाग्नु पर्ने भाव अभिव्यञ्जित हुन्छ । कविता लयात्मक र उन्मुक्त छन् । कविताहरू रोमान्स बाददेखि ताढार आफ्नै परिवेश र विशुद्ध राष्ट्रप्रेम र माटोको मायामा रचिएका छन् ।

**४.६.बालसाहित्यकार गोपाल पराजुलीको 'रूपाको साहस' बाल कथा सङ्ग्रहको अध्ययन**

कथा विस्तृत परिवेश र सीमाभित्र स्वतन्त्र भएर र उन्मुक्त रूपले हुर्केको लचिलो किंवा परिवत्य साहित्य रूप हो । कक्षा कुनै शास्त्रीय नियम लक्ष्यणहरूसित आबद्ध परम्परागत विधा होइन । यसको आफ्नै ढाँचा छ । पूर्ण र पश्चिममा कथाको अतिप्राचीन परम्परा रहेको पाइन्छन् । आज विश्वमा कथाले जुन प्रगति हासिल गरेको छ, त्यो १९ औं शताब्दीको पाश्चात्य देन हो । पात्रप्रधान र निबन्धको समीकरणबाट बास्तवमा आधुनिक कथाको जन्म भएको हो । समयको परिवर्तन सँगै अनुकुलित बन्दै जाने जैविक बरदान कथाले पाएको हुदा गैरसरकारी क्षेत्रका जोकोहीलाई पनि यसले प्रभात पारेको छ ।

साहित्यका विद्वान्हरूले अन्य विधाझैं कथाको पनि सैद्धान्तिक मापदण्ड तयार पारेका छन् । यसै सन्दर्भमा समीक्षक एवम् कथा स्रष्टाहरूले यसलाई परिभाषित गर्ने कममा आ-आफ्ना धारण वा प्रतिकियाहरू व्यक्त गरेका छन् ।

एड्गर एलेन पोले कथाको परिभाषा यसरी गरेका छन्ः-“कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाई नै पढेर सिद्वयाउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ । यसरी प्रभाव जमाउन बाधा पर्ने सबै कुराहरु यसमा रहन दिईदैन । यो आफैमा पूर्ण हुन्छन् । ”

आर.के.लगुले दिएको परिभाषा यस प्रकार छ-“आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो । यो एउटा चलाखीपूर्ण योजना गरिएको कलात्मक उपलब्धि हो”

भारतका प्रेम चन्द्रको दिएको परिभाषा यस प्रकार छ-“कथा एउटा यस्तो रचना हो । जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नैलेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र यसको शैली यसको कथा विन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झै यसमा मानब जीवनका सम्पूर्ण तथा वृहदरूप देखाउने प्रयास गरिदैन, नत यसमा उपन्यासम ाझै सबै रसहरूको समिश्रण रहेको हुन्छ । यो एउटा यस्तो रमणीय होइन । जसमा थरी थरीका फूलहरू, बेलबुट्टा सजिएको हुन्छ तर यो एउटा यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य रूपमा देखापर्दछ । ”

लक्ष्मीप्रसाद देवकोटाले कथाको परिभाषा यसरी दिएका छन्ः-“छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो..... यो जत्तिको समाज सुधाराक र मनुस्यउपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्नेजस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ’ यसमा कला छ..........यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा हुन्छ ।

### ४.६.१. कथाको परिभाषा एवम् विकास

नेपाली कथाको प्रारम्भिककाल (सं १८२७-१९५७) मूल रूपमा संस्कृत आख्यान परम्पराकै अनुगमन हो । त्यसवेलाको संस्कृतिको आधारस्रोत संस्कृत नै थियो । जनमानसको सांस्कृतिक मूल्य यसै भाषामा अबलम्बित थियो । त्यसैले यसभाषाबाट नेपालीमा रूपान्तरित शक्ति वल्लभ अर्यालको नेपालीमा अनुदित महाभारत विराट पर्व र सं१९५७ मा गोरखा पत्र प्रकाशनपूर्वका कथाहरूको प्रकृति आख्यानहरूमा आधारित देखिन्छ । महाभारत, रामयण, स्वस्थानी, श्रीमद्‌भागवत र विभिन्न पुराणा, वहत्तर सुगाको कथा आदि आख्यानमा आधारित कथाहरूले विद्वान्‌हरूलाई प्रभावित पारेको पाइन्छन् ।

विशेष गरी यसकालमा लेखहरू मानिसमा चेतना जगाउने उद्देश्यले कथा रूपान्तर गर्न जागरुक देखिन्छ । वि.सं. १९८५-१९९० सम्मको समय अवधिमा पूर्वतिर अनुवाद परम्परा प्रायः समाप्त भई विभिन्न पत्र पत्रिका प्रकाशन हुन थाल्दछ । विं.सं १९५८ मा गोरखा पत्रमा कथा प्रकाशित हुन थाल्यो । नेपाल वाहिरबाट क्रमश माधवी (१९६५), गोर्खाली (१९७३), चन्द्रिका (१९७४) राजभक्ति, (१९८३) गोरखा संसार देहरादुनको (१९८३) ले महत्वपूर्ण योगदान पुऱ्यायो । सामाजिक मौलिकता र प्रभावकारिताको दृष्टिले यो समय अत्यन्त उर्वर रहयो । यसकालमा प्रेस, मुद्रण तथा प्रकाशिन, लेखन र पाठकीय चिन्तन आदिले कथाको विकास र सृजनाको लागि अनुकूल वातावरण निर्माण भयो ।

वि.सं.विक्रमको बीसौ शताब्दीको अन्तिम दसकदेखि नेपाली कथामा आधुनिककाल शुरु भएको हो । यस समयावधिमा विभिन्न राजनीतिक परिवर्तन कथाहरूमा दृष्यावलोकन गर्न सकिन्छ । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना पश्चात् नेपाली कथाका संसारमा प्रगतिशील यथार्थवाद धाराको प्रादुर्भाव हुन थाल्यो ।

वि.सं. २०१० मा जननिर्वाचित सरकारको गठनले पञ्चायती व्यवस्थाको स्थापना भयो । परिणाम स्वरूप देशले नयाँ मोड लियो । नेपाली आधुनिक कथा जगतमा नवचेतनावादको प्रादूर्भाव भयो ।

नेपाली कथामा आधुनिकतका प्रथम तीन धाराहरू : सामाजिक यथार्थवाद, प्रगतिवाद र मनोविज्ञानवाद । यी तीन धाराहरू जीवन्त रूपमा नेपाली कथा इतिहासको श्रृङ्खलामा आबद्ध भएका पाइन्छन् । बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीले पनि नेपाली बालबालिकाहरूलाई नेपाली आधुनिक कथाको प्रमुख तीन धारा मनोविज्ञानवाद आधारित रहेर कथा सृजना गरेका छन् ।

## ४.६.२. रुपाको साहस बालकथा सङ्ग्रहको विश्लेषण

बालसाहित्यकार गोपाल पराजुलीको 'रूपाको साहस' बाल कथा सङ्ग्रह छैठौं चर्चित कृति हो । यस पुस्तक अन्तर्गत पाँचवटा चाखलाग्दा कथाहरू सँग्रहित छन् । रूपाको साहस दु:ख दिनु राम्रो बानी होइन् । हेलाको फेला, लोभी पसल्नी र घमण्डको नतिजा आदि कथाहरूको अध्ययनले बालबालिकाहरूमा आत्मा विश्वास बढ्ने दु:ख दिनु राम्रो बानी होइन् भन्ने कथाले अरूलाई दु:ख नहुने शिक्षा दिन्छ । 'हेलाको फेला'कथाले हेला गरिएको मानिसले पनि आफ्नो खुवी देखाउन सक्छ । त्यसैले कसैलाई हेला गर्न नहुने ज्ञान र चेतना दिन्छ । लोभी पसल्नीको कथाले पसिना र परिश्रमको कमाई मात्र सच्चा कमाई हो लोभ गरी कमाएको धनले पछि विलाप गर्नु पर्ने अवस्था आउन सक्ने ज्ञान र प्रेरणा दिन्छ । रूपाको साहस कथाले अन्धविश्वास मेट्ने र साहस देखाउनु पर्ने शिक्षा प्रदान गर्दछ । कथा रोचक विधा भएकाले बालकहरू असल आदत बसाल्ने र धैर्य साहस र लगनशीलताजस्ता गुणको विकास गर्न नजानिंदो पाराले मनोवैज्ञानिक असर पारेर कथाको माध्यमबाट बलाकहरूलाई बानी सुधार गर्न सकिने सन्देश उनका

कथाहरूले दिएका छन् । बालबालिकाहरूलाई पाठ्यपुस्तकमा मात्र सीमित राखी अध्यापन गर्दा उनीहरूको सवाङगिण विकास गर्न नसकिने हुँदा अन्य रोचक बाल साहित्यिक रचनासित परिचित गराउन आवश्यक भएको जानकारी पराजुलीले दिएका छन् ।

## ४.७. बालसाहित्यकार गोपाल पराजुलीका उपन्यासको परिचय र एक दिनको यात्रा बालउपन्यास सङ्ग्रहको अध्ययन

उपन्यासको शब्द आजभन्दा तेइस वर्ष अगाडि नै भरतमुनिले नाट्यशास्त्रमा यसको उल्लेख गरेर यसको परिचय गराए । त्यसपछि ईशाको छैठौं शताव्दीमा भामहलेकाव्यालंकारमा सातौं शताव्दीतिर दण्डीले काव्यदर्शनमा दसौं शताव्दीमा धनञ्जयले दस रूपकमा र विश्वनाथले चौथौं शताब्दीतिर साहित्य दर्पणमा प्रयोग गरेका छन् । यस्तै संस्कृतका विभिन्न ग्रन्थहरू शाकुन्तलम किरातार्जुनीय अमरकोश, याज्ञ, वल्लवभ स्मृति आदिमा उपन्यास शब्दको प्रयोग भएको पाइन्छन् । संस्कृत साहित्यमा उपन्यास प्रसादनम प्रसन्न गर्ने तथा उत्पत्तिक्रमो हृदय उपन्यास प्रकीर्तित-कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने भनी उपन्यासको व्याख्या दिइएको छ । उप तथा न्यासको जोड उपन्यास हो । उपले नजिक र न्यासले राख्नुलाई बुझाउछ । दुबैको सान्दर्भिक अर्थ नजिक राखिएको वस्तु अर्थात् त्यस्ता रचनालाई उपन्यास भनिन्छ ।

### ४.७.१. बालसाहित्यकार गोपाल पराजुलीको उपन्यासको परिचय एवं विकास

विकास: देश विदेशको प्रेरणाबाट आफ्नोमा कुनै साहित्यिक विधाले प्रवेश पाए पनि आफ्नै अनुकूल परिस्थिति सृजना नभै त्यसको विकास सम्भव हुँदैन नेपाली उपन्यास जगतमा पनि यो घटना घटित हुन्छ । शुरुमा उपन्यासको लागि चाहिदो अनुकूल वातावरण थिएन । साहित्यिक गद्यको प्राम्भिक प्रस्फुटन शुरुमा यदाकदा देखिए तापनि व्यवस्थित र सुदृद रूप उत्तरार्दकालमा देखियो । संवत १९९० सम्म

आख्यान उपाख्यान जासुसो, तिलस्मी र एटयारी उपन्यासले स्थान ओगटेको देखिन्छ । शुरुमा नीति, धर्मको शिक्षा दिने, धार्मिक आख्यानहरूको परम्पराकायमै रहेको पाइन्छन् । प्रारम्भिककालका उपन्यासहरू अनुवाद वा अनुकृति जन्य छन् । यसकालका लेखकहरू रचनाजन्म सिर्जनात्मक प्रायोगिक विशिष्टताभन्दा अनुकृतिजन्म प्रयोगको क्षुधाले प्रकाशकहरू व्यामोहित भएको देखिन्छ । अरवीफारसी हिन्दीका तिलस्मी एटयारी जासूसी उपन्यासको अलौकिकता साहसिकता अदभुतताको अतिरञ्जना प्रभाव ग्रहण कथा, लालहीराको कथा, बहत्तर सुगाको कथा, वीरसिक्का, मधुमालती र अरू वीरसिक्काको कथा लोकप्रिय र उल्लेषनीय भएको पाइन्छन् । उक्त रचनाले लोक प्रचलित कथाकन्ने शैली र परिपाटी अनुसरण गरी कथात्मक आनन्द र रोचकता निर्वाह गरेको छ । अनुदित र मौलिक आख्यानहरू वेताल, पचीसी एस.एस.शर्माको बोक्सी चरित्र नरदेवको मेरिना चरित्र आदि हुन । समयले फड्को मार्दै गएपछि .वि.सं. १९९१)मा रुद्रराजपाण्डेको रूपमती उपन्यास प्रकाशित भयो । उक्त उपन्यासले नेपाली उपन्यास जगतमा आदर्शवादी एवम् सुधरवादी सन्देश दिएर समाजमा नौलो आयाम थप्यो । यसै हाराहारीमा देखापरेका बैजनाथ सेढाईको चकपरिकमा ( १९७३) वेदनाथ आयार्यको दयाकी भावी १९७९) अम्वालिका देवीको राजपूत रमणी १९८९, रामप्रसाद सत्यालको महासती, अनुसूचा(१९८५) आदि उदारणीय हुन् । तर यिनीहरू सामान्येतया कृतिम, अतिरञ्जक, कपोलकतिपत रअवास्तविक थिए । आदर्शउन्मुख यथार्थवादी उपन्यासले नै विशेष स्थान त्यस वेला लिन थाल्यो । १९९१-२००५ अर्थात त्यस वेलाको औपन्यासिक प्रकृति सामाजिक सुधार उन्मुख देखिन्छ । यसपछि नेपाली उपन्यास जगतमा विभिन्न स्वच्छन्दवाद अथार्थवादी धरातालमा उभिएर पराजुलीले ‘एक दिनको यात्रा’बाल उपन्यास रचना गरेका छन् ।

### ४.७.२. एक दिनको यात्रा बाल उपन्यास सङ्ग्रहको विश्लेषण

बालसाहित्यकार गोपाल पराजुलीको 'एक दिनको यात्रा'बाल उपन्यास छैठौं प्रसिद्ध छैठौ कृति हो । यस पुस्तकको अध्ययनले विशेषगरी नौ दस वर्षका बालबालिकाहरूलाई व्यस्त काठमाडौं शहर अव्यवास्थित बसोवास बाक्लो बस्तीमा पनि ईट्टा भट्टा स्थापना, गाडीहरूको अत्याधिक चापले, उत्पन्न प्रदूषित वातावरणको जानकारी दिएका छन् यसको साथै यस प्राचीन नगरीकम धार्मिक उवम् सांस्कृतिक महत्वका पुराना मठमन्दिर मूर्तिकला चित्रकलाले पर्यटकहरूको मन मस्तिष्टलाई खिचेको छ । यहाँका पर्यटकीय स्थल स्वयम्भु, बालाजु, तथा अन्य धार्मिक स्थल पशुपतिनाथको मन्दिर र बन्मजन्तु वासस्थान चिडियाघर, आदिको बारेमा संवादात्मक शैलीमा सरल ढंगले उपन्यास रचना गरेका छन् । उक्त उपन्यासको सध्ययनले पाठक वर्गमा काठमाडौंजस्तो ऐतिहासिक शहरमा यसको मौलिक परम्परालाई संरक्षण गर्न वातावरणमा ध्यान पुऱ्याउनु पर्ने सन्देश दिएका छन् कर्णधारहरूलाई विशेष सचेत गर्दा उक्त शहरमा वातावरणीय सुधार आउन सक्ने आशाले यो उपन्यास यथार्थ धरातालमा सृजना गरेका हुन् ।

### ४.८.१. बालसाहित्यकार गोपाल पराजुलीको कृतित्वको मूल्याङ्कन

बालसाहित्यकार गोपाल पराजुली बाल लेखन क्षेत्रमा सुपरिचित नाम हो । उनले मनोविज्ञानलाई मुख्य केन्द्र विन्दु बनाएर सत्य, तथ्य र यथार्थ सामाजिक धरातलमा टेकेर नेपाली बालसाहित्य सिर्जना र विकासमा महत्वपूर्ण योगदान दिएका छन् । उनले जीवनी, कथा, उपन्यास निबन्ध र कविता विधामा सशक्त रुपमा कलम चलाएका छन् । जस्तै : उनका बाल साहित्य सम्बन्धी केही राष्ट्रिय विभूति (भाग १-३), पाँच प्रसिद्ध वैज्ञानिकहरुको जीवनी, हाम्रा केही प्रसिद्ध साहित्यकारहरु (भाग-१-६), नानीको बानी बाल निबन्ध संग्रह, रुपाको साहस बालकथा संग्रह, एक दिनको यात्रा, बाल उपन्यास संग्रह, समयका डोबहरु बालकविता संग्रह, नेशनल हिरोज अफ नेपाल (भाग १, २), पच्चीस प्रतिभा (भाग

१-५) आदि ज्वलन्त उदाहरण हुन् । विशेष गरी दिवंगत प्रतिभाहरुको जीवन चरित्रलाई सरस र सरल, छोटा मिठा वाक्यको संयोजन, प्रान्जल भाषा शैली प्रयोग, लोकलयमा आधारित उनका कृतिहरु (९-१० वर्षका बालबालिकाहरुलाई ) उत्प्रेरणा र मनोरन्जन प्रदान गर्ने खालका छन् । यो नै उनको कृतिगत विशेषता हो । प्राथमिक तहका बालबालिकाहरुलाई सुपाच्य हुने बालसाहित्यिक जीवनी लेखनमा आख्यानको कुट भर्न उनी सफल भएका छन् । अप्राप्य फोटाहरुको सुन्दर सजावटक र अनुसन्धानात्मक शैलीको प्रयोगले त झन् कृति अध्ययनमा लालित्य बढाउँछ । विविध भाषा, धर्म, संस्कृति कला, शैक्षिक, इतिहास नेपाली, मैथली भाषाका दिवंगत प्रतिभाहरुलाई एउटै चौतारीमा राखेर चिनाउने परम्पराको थालनी नेपाली साहित्यमा सुरु गर्नु उनको यो उत्कृष्ट कार्य र उनलाई चिनाउने मापदण्ड हो । उनका कृतिहरुको अध्ययनले बालबालिकाहरुलाई सहज ढंगबाट ज्ञान क्षेत्रमा प्रवृत्त गराउँदछ । धार्मिक, पौराणिक, नैतिक, आध्यात्मिक, वैज्ञानिक एवं राष्ट्रप्रेमको भावले भरिपूर्ण रचना लेख्ने सर्जकको रुपमा उनलाई पुष्टि गर्न सकिन्छ । बालसाहित्यको आकाशमा कति लेखक उदाउए कति त अस्ताए त पनि तर बालोपयोगी रचना भने कमैले लेख्ने गरेको परिप्रेक्ष्यमा गोपाल पराजुली बोधगम्य बालसाहित्यिक कृति लेख्ने प्रतिभाकै रुपमा सर्वत्र कहलिएका छन् । नेपाली बालसाहित्यको क्षितिजमा जीवनीपरक समालोचना, लेखन प्रकाशन गर्नेहरुमा गोपाल पराजुली अग्र पंक्तिमा देखा परेका छन् । यसरी उनले नेपाली साहित्यको क्षेत्रमा निरन्तर सेवा गरेकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल भएका छन् । बालसाहित्यकार गोपाल पराजुली राष्ट्रकै अमूल्य नीधिको रुपमा स्थापित भएका छन् ।

# अध्याय पाँच

# उपसंहार र निष्कर्ष

## उपसंहार एवम् निष्कर्ष

बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । यस अध्यायमा शोधशीर्षक, शोधार्थीको नाम थर, शोधकार्यको प्रयोजन, शोधकार्यको समस्या र उद्देश्य, पूर्वकार्यको समीक्षा शोधकार्यको सीमा, सामग्री सङकलन र शोधविधिलगायत शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । शोध परिचयले बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नुको औचित्य स्पष्ट शोध परियचले गरेको छ । पराजुलीले नेपाली बालसाहित्यको क्षेत्रमा निकै ठूलो योगदान दिएका छन् ।

वि.सं. २००२ साल जेठ ९ गतेका दिन काभ्रेपलाञ्चोक जिल्लाको भमरकोट गाउँमा पिता टीकाप्रसाद पराजुली र माता विष्णुमाया पराजुलीका साहिला छोराको रूपामा बालसाहित्यकार गोपाल पराजुलीको जन्मनु भएको थियो । घरैमा आफ्ना जेठा दाजु खड्गप्रसाद पराजुलीबाट अक्षर चिनेका पराजुलीले पण्डित बुद्धिनाथ सापकोटा मार्फत लघु सिद्धान्त कौमुदी अंग्रेजी, सम्पूर्ण धार्मिक पुस्तक अध्यापन गरेका थिए । उनले वि.सं. २०२२ सालमा एस.एल.सी. उत्तीर्ण गरेका हुन् । पराजुलीले बाल्यावस्थादेखि नै अत्यन्त सघर्षशील जीवनयापन गर्नु पर्‍यो । जुंगाको रेखी बस्ने वेलामा वास्तवमा पनिसहरूले अत्यन्त ठूलो चाहाना राख्ने र आनन्दपूर्वक जीवनयापन गर्न खोज्छन् । हरेक समयमा खुशी र आनन्दले बिताएन चाहन्छन् तर उनको जीवनमा यस्तो दिन कहिल्यै आएन । वि.सं. २०२४ सालदेखि जनक शिक्षा सामग्री केन्द्रमा काम गर्नुको साथै रातीको कलेज पढ्न

शुरु गरेका थिए । एकातिर पारिवारिक जिम्मेवारी अर्कोतिर काठमाडौँजस्तो ठाउँमा आएर पढाइसँगै जागिरको जिम्मेवारी पनि पूरा गरेका पराजुलीले वि.सं. २०३५ सालमा मन्त्री परिषदमा त्यसपछि वि.सं. २०४८ सालमा संसद सचिवालयमा कार्य प्रारम्भ गरी अत्यन्त संघर्षशील जीवनयापन गरे । वि.सं.२०१८ सालमाकानपुरकी चन्द्रकुमारी पौडेलसँग विवाह बन्धनमा बाँधिएका पराजुलीले पहिली पत्नीबाट सन्तान नभएपछि वि.सं. २०३५ सालमा चरिकोट निवासी माधबी भण्डारीसित दोस्रो विवाह बन्धनमा बाँधिएका थिए । दुई सुपुत्रका बावु पराजुली हाल विभिन्न साहित्यिक संघ, संस्थामा आवद्ध भई अझै साहित्य सिर्जनामा संलग्न छन् । मातृ वियोग र पारिवारिक बोझ अनि जागिरबाट अवकाश प्राप्त गरी आराम गरी जीवन बिताएनु पर्ने पराजुलीले दुई पटक हृदयघात हुँदा पनि साहित्य सिर्जना गर्न छोडेका छैनन् । साहित्य सिर्जना गरी राज्य र समाजको सेवा गर्ने उद्देश्यले रातोदिन अध्ययनमा तल्लीन देखिन्छन् । देख्दा सरल लाग्ने स्वभावका पराजुली परिआएमा विद्वान्सँग पनि तक्कर लिने खालका छन् । चाकडी प्रथाका घोर विरोधी र निष्ठो र परिश्रममा विश्वास गर्ने पराजुली आफ्नै पौरखमा बाँचेका छन् । उनको साहित्यप्रतिको मोह र योगदानको उचित कदर गरी विभिन्न संघ सस्थाले उनलाई सम्मान पनि गरेका छन् ।

बालसाहित्यकार बालसाहित्यकार गोपाल पराजुलीको जीवनी खण्डमा जन्म, नामकरण वंशपरम्परा र पारिवारिक पृष्ठभूमि, बाल्यकाल र उपनयन, युवाकाल, अध्ययन, आर्थिक अवस्था, वैवाहिक एवम् पारिवारिक जीवन, व्यक्तिगत रुचि वा स्वभाव, लेखन क्षेत्रमा लाग्ने प्रेरणा माता पिताको विरोग एवम् अन्य वियोगावस्था, सामाजिक योगदान साहित्य तथा प्राज्ञिक सहभागिता पेसा पुरस्कार एवम्सम्मान आदि शीर्षकमा उनको विश्लेषण गरिएको छ । पराजुलीको जीवनीलाई विभिन्न शीर्षकमा छुट्याउनु उपयुक्त ठहर गरी निजी व्यक्तित्वलाई शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र अनुवादक एवम् अन्वेषक व्यक्तित्व

गरी छुट्याइएको छ । वास्तबमा जीवनमा प्राप्त गरेको ज्ञान र सीपले मान्छेको व्यक्तित्वलाई स्पष्ट पार्दछ । उनको साहित्यिक व्यक्तित्वले समाजमा गहिरो प्रभाव पारेको छ । लामो समयसम्म अध्ययन गरेर पनि नथाक्ने पराजुलीले झण्डै दुई दर्जन बालसाहित्यिक पुस्तकहरू प्रकाशित गरेका छन् । उनले लेखेका केही राष्ट्रिय विभूतिहरू (भाग १, २, ३) पाँचप्रसिद्ध वैज्ञानिकहरूको जीवनी, हाम्रा प्रसिद्ध साहित्यकारहरू (भाग १, २, ३, ४, ५, ६), नानीको बानी (बाल निबन्ध सङ्ग्रह) रूपाको साहस (बाल कथा सङ्ग्रह), एक दिनको यात्रा (बाल उपन्यास) समयका डोबहरू (कविता सङ्ग्रह), ल्बतष्यलर्बा ज्भचयभक या ल्भउर्बा ९उबचत ज्ञ(द्द० र पच्चीस प्रतिभा (भाग १, २, ३, ४, ५) आदि कृतिले उनको साहित्यिक व्यक्तित्वलाई झल्काएको छ । नेपाली बालसाहित्य क्षेत्रमा निकै ठूलो योगदान पुर्‍याएको स्पष्ट प्रमाणका रूपमा उनका कृतिलाई लिन सकिन्छ । पराजुली साहित्य सृजना गरेर कहिल्यै नथाक्ने अथक सृजनशील स्रष्टा हुन् ।

यसरी केही राष्ट्रिय विभूति-भाग १, २ वि.सं. २०४५) पाँचप्रसिद्ध वैज्ञानिकहरूको जीवनी-वि.सं. २०४५) हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग १, २०४६) हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग २, २०५३), नानीको बानी (बाल निबन्ध सङ्ग्रह, वि.सं. २०५३), समयका डोबहरू (कविता सङ्ग्रह, वि.सं. २०५३), केही राष्ट्रिय विभूति (भाग ३, २०५५), रूपाको साहस (बाल उपन्यास, २०५७), National Heroes of Nepal (part 1(2 २०५७)

हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ३, २०५८)

हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ४, २०५९)

हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ५, २०५९)

हाम्रा केही प्रसिद्ध साहित्यकारहरू (भाग ६, २०५९)

पच्चीस प्रतिभा (भाग १, २०६०)

पच्चीस प्रतिभा (भाग २, २०६२)

पच्चीस प्रतिभा (भाग ३, २०६३)

पच्चीस प्रतिभा (भाग ४, २०६४)

पच्चीस प्रतिभा (भाग ५, २०६६)

यस प्रकारका एक्काईस ओटा कृति प्रकाशित गरेर बाल साहिन्य जगतमा ठूलो योगदान दिएका छन् । विभिन्न बालसाहित्यको अध्ययन र अनुसन्धान गरी रोचक सरल भाषामा कृति रचना गर्नु हो । पराजुलीको विशेषता हो । आफूले जीवनमा भोगेका देखेका अनुभवलाई बाल साहिन्यको माध्यमबाट नेपाली पाठक सामु राख्न उनी सफल छन् । साहित्य सिर्जना गर्ने क्रममा उनले भोगेका कठिनाइ, समस्या, परवाह नगरी निरन्तर बालसाहित्य सृजना गरी राष्ट्रको सेवा गर्नु उनको साहित्यिक गुण हो । उनी कतै बालबालिकाको असल बानी बनाउन मुग्ध देखिन्छन् त कतै सुन्दर समयका डोबहरूसित डुबुल्की मार्दै युवालाई राष्ट्रप्रति अगाध स्नेह जगाउने सन्देशमूलक कविता सृजना गर्न समर्पित देखिन्छन् । भने कतै बालबालिकालाई साहस र आँट बढाउने मीठा र रोचक कथा रचनामा व्यस्त देखिन्छन् भने कतै अव्यवस्थित सहरको कहाली लाग्दो घुइचोले ल्याएको प्रदूषित वातावरणको ज्ञान दिएर भावी पिंडीलाई सतर्क गर्न खोज्छन् । यसरी विविध विधामा कलम चलाएर पराजुलीले राष्ट्र सेवाको अगाध प्रेम देखाउनु उनको प्रमुख योगदान हो । पराजुलीले आफ्ना क्षमताले भ्याएसम्म बालसाहित्य जगतमा योगदान दिएका छन् । उनको केही परिचय, विभूति अंग्रेजी भाषामा समेत अनुवाद गरी राष्ट्रिय प्रतिभाको जीवनी प्रकाशन गरेका छन् । यसरी उनले नेपाली बालबालिकालाई अन्तर्राष्ट्रिय भाषामा समेत ज्ञान दिलाउने उद्देश्य रहेको देखिन्छ । बालसाहित्यकार गोपाल पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा प्रशस्त खोज भएको देखिंदैन । पराजुलीको साहित्यिक व्यक्तित्वको विषयमा विस्तृत शोध गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची

क) पुस्तक सूची


प्रधान, प्रमोद **नेपाली बालसाहित्यको इतिहास** काठमाण्डौ : विवेक सिर्जिनशील ,२०६१

पोखरेल बालकृष्ण सहित **नेपाली बृहत शव्दकोश** काठमाण्डौ : २०५०

प्रधान, प्रमोद **नेपाली वालवाडमय परिचयकोश** काठमाडौ : मर्टिन चौतारी २७ जीतजङ्ग मार्ग ,२०६५

श्रेष्ठ, दयाराम **नेपाली कथा भा ४** ललितप’रः साझा प्रकाशन २०५७

प्रधान, कृष्णचन्द्र सिंह **नेपाली उपन्यास र उपन्यासकार** ललितप’रः साझा प्रकाशन २०६१

पौडेल, शेष, ग’रुप्रसाद पोखरेल, बालकृष्ण श्रेष्ठ, रामचन्द्र भट्टराई **आध’निक नेपाली नाटक र फ’टकार कविता - सिद्धान्त र विश्लेषण** ) काठमाण्डौ दिक्षान्त पुस्तक भण्डार २०६०

गैरे, ईश्वरी प्रसाद **लोक साहित्य प”र्व आध’निक नेपाली साहित्य र आध’कि नेपाली निबन्ध** काठमाण्डौः दीक्षान्त पुस्तक भण्डार २०६०

पराजुली गोपाल **केही राट्रिय विभ”ति भाग १ र २**, काठमाण्डौः रत्न पुस्तक भण्डार २०४५

पराजुली गोपाल **पाँच प्रसिद्ध बैज्ञानिकहरुको जीवनी**, काठमाण्डौः रत्न पुस्तक भण्डार २०४५

पराजुली गोपाल **हाम्रा केही प्रसिद्ध साहित्यकारहरु भाग १** काठमाण्डौ रत्न पुस्तक भण्डार २०४६

पराजुली गोपाल **हाम्रा केही प्रसिद्ध साहित्यकारहरु भाग २**, काठमाण्डौः रत्न पुस्तक भण्डार २०५३

पराजुली गोपाल **समयका डोवहरु** विराटनगरः  वाणी प्रकाशन २०५३

पराजुली गोपाल **केही राष्ट्रिय विभ"ति भाग ३**, विराटनगरः वाणी प्रकाशन २०५३

पराजुली गोपाल **रुपाको साहस**, काठमाण्डौ : श्रीमती माधवी पराजुली , २०५७

पराजुली गोपाल **एकदिनको यात्रा**, काठमाण्डौ : श्रीमती माधवी पराजुली , २०५७

पराजुली गोपाल **हाम्रा प्रसिद्ध साहित्यकारहरु भाग ३**, काठमाण्डौः श्रीमती माधवी पराजुली , २०५८

पराजुली गोपाल **हाम्रा प्रसिद्ध साहित्यकारहरु भाग ६**, काठमाण्डौः श्रीमती माधवी पराजुली , २०६०

पराजुली गोपाल **हाम्रा प्रसिद्ध साहित्यकारहरु भाग ४** काठमाण्डौः निरन्तर प्रकाशन २०६२

पराजुली गोपाल **हाम्रा प्रसिद्ध साहित्यकारहरु भाग ५** काठमाण्डौः निरन्तर प्रकाशन २०६३

पराजुली गोपाल **पच्चीस प्रतिभा भाग १** काठमाण्डौः सत्याल प्रकाशन २०६०

पराजुली गोपाल **पच्चीस प्रतिभा भाग २** काठमाण्डौः रत्नपुस्तक भण्डार २०६२

पराजुली गोपाल **पच्चीस प्रतिभा भाग ३** काठमाण्डौः रत्नपुस्तक भण्डार २०६५

पराजुली गोपाल **पच्चीस प्रतिभा भाग ४** काठमाण्डौः रत्नपुस्तक भण्डार २०६४

पराजुली गोपाल **पच्चीस प्रतिभा भाग ६** काठमाण्डौः रत्नपुस्तक भण्डार २०६६

ग) पत्रपत्रिका सूची

मञ्जुश्री हरि **तपाईको साहित्यकार** सुगन्ध साप्ताहिक २०५३ बैशाष

प्रधान पारपणि **हाम्रा प्रसिद्ध साहित्यकारहरु** बाल साहित्य समाज २०४७

लुइटेल खगेन्द्र **बालोपयोगी जीवनीहरु** मधुपर्क २०६४ पृ १९ र १४

अन्नपूर्ण समाचारदाता **बाल पुस्तक** अन्नपूर्णपोष्ट २०६५ ३ गते सोमवार

अधिकारी कीर्तन गोपाल पराजुली को अ  अन्नपूर्णपोष्ट २०६५ चैत्र ३ गते सोमबार

मञ्जुश्री हरि **स्रष्टा प्रसङग** नेपाल भूभि साप्ताहिक २०६५ फागुन ६ गते मंगलवार

भौकाजी विमल पुस्तक समीक्षा कान्तिपुर २०६६, ६, १७ गते शनिवार

अभिलाषी प्रंकाश **फुर्सदको क्षण**, युगवाणी, २०६५

पराजुली कृष्णप्रसाद, **पुस्तक पत्रिका**, आरती साप्ताहिक, २०६३, साउन २४ गते

बेलवासे ठाकुर **साहित्यकार घटनाविचार**,  २०५५ साउन ३ गते

भट्टराई तोयानाथ,**साहित्य समीक्षा**, आरती साप्ताहिक, २०५३ चैत्र १४ गते

गोदारे नारायपण,  **अन्तर्वार्ता**, काभ्रेपोष्ट साप्ताहिक, २०५७ मंसीर २५ गते

अर्याल, दीनबन्धु **विचार** साप्ताहिक युगवाणी, २०५८ ३२ साउन

सिलवाल मदनकृष्ण, **प्रेरक व्यक्तित्व** साप्ताहिक विमर्श, वर्ष १, अंक ९, २०५९ माघ १६

# परिशिष्टहरु

**बालसाहित्यकार गोपाल पराजुलीका बारेमा वरिष्ठ आख्यानकार परशु प्रधानसँग लिइएको अन्तर्वार्ता :**

१. तपाईले बालसाहित्यकार गोपाल पराजुलीलाई चिनेको धेरै वर्ष भयो यस अर्थमा बालसाहित्यकार गोपाल पराजुलीलाई तपाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

उत्तर : गोपाल पराजुलीलाई मैले चिनेको बुझेको र राम्ररी जानेको चालीस वर्षभन्दा बढी भयो । जीवनको यस लामो यात्रामा धेरै साथीहरु आए गए तर मेरो हितैषी परम सहयोगी गोपाल पराजुलीसँगको स्नेह, माया, सद्भाव वगैचाको दुबो जस्तो छ । म उहाँलाई राम्रो बालसाहित्यकार, साहित्य प्रेमी, सहयोगी, सद्भावनाले भरिएको आँखामा राखे पनि नबिझाउने मलाई सुख दुःखमा साथ दिने परम हितैषीको रुपमा मूल्याङ्कन गर्दछु ।

२. गोपाल पराजुलीले साहित्यका विविध विधामा कलम चलाउँदै आएर अहिले बालसाहित्यमा केन्द्रित भएको देख्दा तपाईलाई कस्तो लाग्छ ?

उत्तर : वास्तवमा गोपाल पराजुली सिद्ध हस्त बालसाहित्यकारहरुमा नै नेपाली बाल साहित्यमा सुपरिचित हुनुहुन्छ । बाल साहित्यमा धेरै पुस्तकहरु लेख्नु भएको छ । प्रकाशित भएका छन् परन्तु केही वर्ष यता बाल जीवनी साहित्यकारहरुका रुपमा उहाँले आफ्नो छवि कायम गर्नु भएको कुरामा कुनै शंका छैन ।

३. सिंगो गोपाल पराजुली बारेमा बोल्नु पर्दा तपाई कसरी बताउनु हुन्छ ?

उत्तर : गोपाल पराजुली एउटै नाम भएका दुई जना साहित्यकारहरु हुनुहुन्छ । गोपाल पराजुली कोटेश्वर, कवि, कथाकारका रुपमा स्वनाम धन्य हुनुहुन्छ भने गोपाल पराजुली नयाँ बानेश्वरको स्पष्ट परिचय नै शसक्त बालसाहित्यकार हो । उहाँ स्पष्ट वक्ता, अध्ययनशील, मेहनती र सहयोगी लेखकहरुलाई माया र श्रद्धा गर्ने व्यक्तिका रुपमा मेरो मानसमा सधै स्थापित हुनु भएको छ । बाँचुन्जेल रहने छ ।

४. बालसाहित्यकार गोपाल पराजुली बालसाहित्यक विधामा मात्रै किन केन्द्रीत हुनु भएको होला तपाईको विचार बताइदिनुहोला ?

उत्तर : साहित्यका विविध विधा र आयमहरु हुन्छन् । बालसाहित्यमा पनि कविता, कथा नाटक, जीवनी आदि हुन्छन् । नेपाली बाल साहित्यमा पनि बालजीवनी लेखकहरुको ठूलो अभाव छ । जसको पूर्ति गोपाल पराजुलीबाट भएको छ । यस क्षेत्रमा उहाँ एक जना मात्र अर्जुन वा योद्धा हुनुहुन्छ । अन्य केहीले यस क्षेत्रमा प्रयास गरेका भए पनि ती नक्कली मयूर मात्र हुन् । अझ यस क्षेत्रमा उहाँलाई उचित आदर, सम्मान र प्रोत्साहन यस राष्ट्रले गर्न सकेको छैन । यसमा दुःख लाग्छ । तर गोपाल पराजुली थाक्दैनन खोलाजस्तै गतिशील छ । म खाली उहाँको सुस्वास्थ्यको कामना गर्दछु ।

# बालसाहित्यकार गोपाल पराजुलीकी धर्मपत्नीसँगको अन्तर्वार्ता

१. आफ्नो पति बालसाहित्यकार गोपाल पराजुलीलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

उत्तर : उहाँ नेपालका बालसाहित्य लेख्ने लेखक मध्ये एक हुनु भएकोमा मलाई गौरव लाग्छ ।

२. उहाँ तपाईका दृष्टिमा पति धेरै कि बालसाहित्यकार ?

उत्तर : पति र बालसाहित्यकार दुवै बराबर हो ।

३. उहाँ साहित्यमा लागेकोमा तपाईलाई कस्तो अनुभूति भएको छ ?

उत्तर : उहाँ बालसाहित्यमा लागेर नाम कमाउनु भएकोमा धेरै खुशी लागेको छ ।

४. उहाँ पति, अभिभावक र बालसाहित्यकार मध्येमा कुनमा बढी सफल देखिनु हुन्छ ?

उत्तर : उहाँ आफ्नो कर्तव्यमा सधै सर्तक रहनु भएको हुँदा सबै विषयमा सफल हुनुहुन्छ ।

# बालसाहित्यकार गोपाल पराजुलीसँगको अन्तर्वार्ता

१. तपाईको पारिवारिक पृष्ठभूमि बताई दिनुहुन्छ की ?

उत्तर : मेरो परिवार साधारण ब्राह्मण परिवार हो ।

२. तपाईको शैक्षिक गतिविधि के कसरी अगाडि बढेको हो ?

उत्तर : मेरो पढाइ लेखाइ परम्परागत कर्मकाण्डी रुद्री, चण्डी, अमरकोश आदिबाट भएको हो ।

३. नेपाली साहित्यमा लाग्ने प्रेरणा कसबाट प्राप्त गर्नु भएको हो ?

उत्तर :प्रसिद्ध साहित्यकार कृष्णप्रसाद पराजुलीको र आफ्नी आमाबाट साहित्यमा लाग्ने प्रेरणा मिलेको हो ।

४. सबै साहित्यमा छोडेर बालसाहित्य छोडेर बाल साहित्यमा नै केन्द्रित हुनुको तात्पर्य के हो ?

उत्तर :आफूले केटाकेटी अवस्थामा कुनै बाल पुस्तक, पढ्न, देख्न समेत नपाएको हुँदा आजका बालबालिकाहरुले सजिलै पढन पाउन भनेर लागेको हो ।

५. तपाईले प्रशासनिक र साहित्यिक क्षेत्रमा के भिन्नता पाउनु भयो ?

उत्तर : प्रशासनिक कार्यमा आफ्नो मौलिकता हुँदैन तर लेखनमा आफ्नो मनका कुरा सबैलाई बाँड्न पाउने हुँदा लागेको हुँ ।

६. अन्त्यमा बालसाहित्यको क्षेत्रमा आफ्नो जिज्ञासा वा बालसाहित्य क्षेत्रमा लाग्नेहरुलाई कस्तो सुझाव दिनुहुन्छ ?

उत्तर : बालसाहित्य भनेको बालबालिकाहरुको बौद्धिक खुराक हो । यसबाट उनीहरुको बौद्धिक विकास हुन्छ । बालसाहित्यमा कलम चलाउनेहरुले बालबालिकाको मनोविज्ञान बुझेर उनीहरुको उमेर अनुसारको सरल भाषामा लेख्नु पर्छ भन्ने मलाई लाग्छ ।